वर्ष : १६, अंक : ७, काठमाडौं, २०७७ जेठ १६ गते शुक्रवार, 29 May 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## प्रदेश २ मा कोरोना स्वाब परीक्षण सुस्त

जनकपुरभाम । प्रदेश २ मा कोरोनाको संक्रमण भयावह बन्दै गएको छ । कोरोना संक्रमणको संख्यामा एक्कासी वृद्धि भएपछि प्रदेश २ को अवस्था भयावह भएको हो । प्रदेश सरकारले संक्रमण फैलनुमा संघीय सरकारमाथि दोषारोपण गर्न थालेको छ । सरोकारवालाहरू भने प्रदेश सरकारकै तहबाट गर्नुपर्ने कतिपय काम समयमै हुन नसक्दा संक्रमण फैलँदै गएको बताउँछन् ।

सामाजिक विकास मन्त्रालयले दिनहुँ आफ्नो तयारीबारे जानकारी गराए पनि त्यस अनुसारको काम गरेको भने देखिदैन । अर्कोतर्फ प्रदेशमा क्वारेन्टाइनमा रहेका तथा शङ्कास्पदहरूको समयमै स्वास्थ्य परीक्षण नहुँदा संक्रमण बढ्न सक्ने संक्रमित बढ्न सक्ने अनुमान गरिएको छ ।

सामाजिक विकास मन्त्रालयले जारी गरेको तथ्यांक अनुसार प्रदेश २ मा १ सय ५० जनामा कोरोना संक्रमण पुष्टि भइसकेको छ । पर्सामा ९१, रौतहटमा २२, सर्लाहीमा १९, धनुषामा ९, बारामा ४, महोत्तरीमा ३, सप्तरीमा १ र सिरहामा १ जना गरी १ सय ५० जना संक्रमित भएको पुष्टि मन्त्रालयले गरेको छ ।

प्रदेश २ मा संक्रमितको संख्या दैनिक बढिरहे पनि परीक्षणको दायरा अझै बढ्न सकिरहेको छैन । परीक्षणको दायरा बढ्न नसक्दा संक्रमितहरूको पहिचान र कन्ट्याक्ट ट्रेसिङमा ढिला हुँदै गरेको छ जसले गर्दा संक्रमण फैलने खतरा बढी देखिन्छ ।

प्रदेशको अस्थायी राजधानी जनकपुरधाम स्थित प्रादेशिक अस्पतालको प्रयोगशालामा स्वाब परीक्षण बन्द भएको एक साता बितेको छ । राष्ट्रिय प्रयोगशाला टेकु र प्रादेशिक प्रयोगशालाको नतिजा फरक देखिएपछि प्रादेशिक अस्पतालमा रहेको पिसिआर मेसिनबाट गरिने स्वाब परीक्षण दोश्रो पटक पनि बन्द भएको छ ।

स्वास्थ्य विभागले पठाएको पिसिआर मेसिन भरपर्दो नभएको भन्दै परीक्षण बन्द गरेर अर्को मेसिन जडान गरिएको थियो । तर सो मेसिनले समेत गलत नतिजा दिएको भन्दै पुन: परीक्षण कार्य बन्द गरिएको छ ।

प्रदेश २ कै नारायणी उपक्षेत्रीय अस्पतालमा समेत पिसिआर परीक्षणले तिव्रता लिन सकेको छैन । 'भिटिएम' किटको अभाव भएपछि स्वाब संकलन नहुँदा विरगंजमा पिसिआर परीक्षणले गति लिन सकेको छैन । 'स्क्रिनिङ' र 'ट्रेसिङ' लाई तिव्रता दिनुपर्ने बेला प्रदेश २ मा स्वाब परीक्षणको कार्य नै प्रभावित भएको छ । प्रादेशिक अस्पताल जनकपुरको पिसिआरले विश्वसनीय परिणाम दिन छाडेपछि काठमाडौंस्थित राष्ट्रिय प्रयोगशालामै भर पर्नुपर्ने बाध्यता छ ।

सामाजिक विकास मन्त्रालयका आपूर्ति महाशाखाका निर्देशक डा. प्रमोदकुमार यादवले भिटिएम किटको अभाव हुँदा स्वाब संकलन प्रभावित भएको बताउँछन् । क्वारेन्टाइनमा शंकास्पदहरूको परीक्षण नहुदाँ दिनहुँ चाप बढिरहेको डा.यादवले बताए ।

डा.यादवले प्रदेश नम्बर २ का लागि दैनिक १ हजार देखि १ हजार ५ सयको दरले भिटिएम किट आवश्यक रहेको बताए । आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्रकुमार यादवले दुई साता पूर्व एक साताभित्र २ वटा पिसिआर मेसिन जडान भइसक्ने भनेका थिए । तर अहिलेसम्म मन्त्री यादवले भनेजस्तो मेसिन आएको छैन ।

## जटिल बन्दै जनता समाजवादीको एकीकरण
# नेतृत्व व्यवस्थापन मुख्य समस्या



काठमाडौं । दुई मधेशी पार्टी राजपा नेपाल र समाजवादी पार्टीबीचको एकीकरण जटिल मोडमा पुगेको छ । राजपाले शीर्ष नेता महन्थ ठाकुरलाई एकीकृत पार्टीको अध्यक्षको रूपमा समाजवादी दलका नेताहरूले स्वीकार गर्न अप्ठेरो मानेपछि एकीकरण जटिल अवस्थामा पुगेको हो । राजपा अध्यक्षमण्डलले नेता ठाकुरलाई अध्यक्षको रूपमा अघि सार्ने निर्णय गत हप्ता नै गरेको थियो ।

राजपाका ती नेताका भनाइमा त्यो प्रस्ताव राखेपछि समाजवादीका नेताहरूले एकीकरण बैठक छल्न थालेको दाबी गरे । तर अनौपचारिक कुराकानीमा त्यसअनुसार अघि बढ्न नसक्ने समाजवादीले प्रारम्भिक प्रतिक्रिया दिएका छन् । 'जनता समाजवादी पार्टी नेपाल' विधिवत रूपमा दर्ता हुन दस्तावेजहरू निर्वाचन आयोगमा बुझाउने दिन दुई साता पनि बाँकी नरहेकाले एकीकरण जटिल बन्न पुग्नु अर्थपूर्ण मानिएको छ । एकीकरणका लागि समाजवादीको दोधारे नीति देखिएको छ । किनभने उसले संघीय परिषद्को अध्यक्ष बाबुराम भट्टराई र केन्द्रीय समितिको अध्यक्ष उपेन्द्र यादवलाई बनाउने पनि भन्दै आएको छ भने महन्थ ठाकुरलाई नामको निम्ति संयोजक बनाएर थन्काउने खालको मनस्थिति देखिन्छ ।

शक्ति बाँडफाँटबारे राजपाको प्रस्ताव अस्वीकार गरेको समाजवादीले पार्टीको शीर्षस्थ नेताको रूपमा एकजना संयोजक रहने र एकीकृत पार्टीको संघीय परिषद्, केन्द्रीय समिति र केन्द्रीय तहका समिति तथा आयोगहरूको संयोजन गर्ने भूमिकामा रहने बताएको छ । त्यसपछि संघीय परिषद्को अध्यक्ष र पार्टीको कार्यकारी काम गर्ने अध्यक्ष रहने समाजवादीको प्रस्ताव छ । तर समाजवादीको यस खाका अनुसारको सहमति नभइसकेको राजपाले जनाएको छ ।

राजपाका नेताहरूका अनुसार मर्यादाक्रममा नेता ठाकुर पहिलो नम्बरमा रहने सहमति भए पनि पार्टी नेतृत्वको मोडलबारे सहमति हुन बाँकी रहेको छ । कुनै पार्टी कसैमा बिलय भएको नभइ, एकताको सन्देश जाने गरि नेताहरूको व्यवस्थापन गर्ने मोडलहरूमा कुराकानी भइरहेको राजपाको भनाइ छ । दुईजना अध्यक्ष राख्ने कि शक्तिशाली समिति बनाएर नेताहरू त्यसमा रहने मोडलमा जाने भन्नेबारे पनि छलफल जारी छ । दुवै पार्टीको साङ्गठनिक संरचना फरक फरक रहेकाले मिलाएर नयाँ ढाँचामा जान खोजिएको हो । ठाकुरसँगै बाबुराम भट्टराई वा उपेन्द्र यादवमध्ये एकजना अर्को अध्यक्ष बन्न सक्ने राजापको प्रस्ताव रहेको बताइएको छ । तर त्यसो गर्दा मर्यादाक्रममा पहिलोमा ठाकुर रहेपछि भट्टराई वा यादवको व्यवस्थापन अप्ठेरो पर्न सक्ने समाजवादी पार्टीका नेताहरूको बुझाइ छ । त्यसैले उक्त पार्टीका नेताहरू आफ्नो पार्टीको पुरानै संरचना अनुसार अघि बढ्न चाहेको देखिन्छ ।

शक्ति बाँडफाँटको सकस

नेतृत्वबीच पद र शक्ति बाँडफाँटको विषयलाई लिएर दुई पार्टी फेरि अलग हुने स्थितिमा पनि पुगेका छन् । नयाँ बन्ने पार्टीमा आफ्नो नेतृत्व सुनिश्चित नहुन्जेल उपेन्द्र यादवले एकतामा चासो नदिएको राजपा नेताहरूको आरोप छ । यादवले केन्द्रीय कमिटीको शक्तिशाली अध्यक्षमा आफूलाई र 'सेरेमोनियल' सरहका पार्टी संयोजक र संघीय परिषदको अध्यक्षमा महन्थ ठाकुर र बाबुराम भट्टराईलाई प्रस्ताव गरेका छन् । यादवको सो प्रस्तावलाई राजपाले ठाडै अस्वीकार गरेको छ ।

वैशाख १० गते मध्यरातमा जनता समाजवादी पार्टीको घोषणा हुँदा

बाँकी अन्तिम पृष्ठमा

## कूटनीतिक वार्तामार्फत नेपाली भूमि फिर्ता हुन्छ : परराष्ट्रमन्त्री

काठमाडौं । परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले स्थापित प्रमाणका आधारमा नेपालले नक्सा सार्वजनिक गरेको बताएका छन् । अमेरिकास्थित सञ्चारकर्मी सँगको भर्चुअल अन्तर्क्रियाका क्रममा उनले कूटनीतिक वार्तामार्फत नक्सामा परेका भूभाग फिर्ता लिनेसमेत प्रस्ट्याए । उनले यो पटक नेपालले सुगौली सन्धिले स्थापित गरेका सबै प्रमाण पुग्नेगरी नेपालको नक्सा सार्वजनिक गरेको बताउँदै यस पश्चात् नेपालले वार्ताको टेबलबाट त्यो जमिन नेपालले प्राप्त गर्नका निम्ति ठोस कदम अगाडि बढाउने उल्लेख गरे ।

उनले तथ्य प्रमाणको चर्चा गर्दै नेपाल भारतको वर्तमान सीमा सन् १८१६ को मार्चमा सुगौली सन्धिले निर्धारण गरेको स्पष्ट पारे । त्यही साल डिसेम्बरमा पूरक सन्धि भएको औँल्याउँदै उनले त्यस्तै सन् १८६० मा बाँके र बर्दियामा नयाँ मुलुक फिर्ता गर्नका निम्ति भएको पूरक सन्धि र १८७५ मा भएको अर्को सन्धिका आधारमा समेत नक्सामा परेको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र नेपालको रहेको स्पष्ट पारे ।

सुगौली सन्धिको कुनै धारा परिवर्तन गर्नेगरी अर्को कुनै पनि सन्धि नभएको र त्यो संशोधन पनि नभएकाले त्यो नै बलियो आधार प्रमाण रहेको उनले बताए ।

उनका अनुसार १९९७ सालदेखि नै त्यहाँ समस्या छ भनेर सहमति हुँदै आएको छ । भारतका तत्कालीन प्रधानमन्त्री इन्द्रकुमार गुजरालले नेपालको भ्रमण गर्नुहुँदा नै त्यो ठाउँमा समस्या छ, त्यसलाई बसेर सल्टाउनु छ भनेको स्मरण गराए ।

सोही अनुसार सन् २०१४ देखि भने दुई

बाँकी अन्तिम पृष्ठमा




**समय सन्दर्भ**

**निर्मल मण्डल**



## प्रवासी नेपालीहरूको पीडा

वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई स्वदेश फर्काउने कार्यमा नेपाल सरकार ढिलासुस्ती गरिरहेको छ । हुन त सरकारले विदेशमा रहेका नेपालीहरूलाई सरकारले ल्याउने कुरा त गरिरहेको छ । तर साउदीमा आठ सयको हाराहारीमा नेपालीहरू कोरोना भाइरस (कोभिड-१९) बाट संक्रमित छन्, जसमध्ये चार जनाको मृत्युसमेत भइसकेको छ । यति हुँदाहुँदै पनि हजारौं हजारको संख्यामा नेपाली कामदारहरू विचल्लीमा परेका छन् । कसैलाई खाना पुगेको छैन, कसैलाई कम्पनीबाट निकालिएको अवस्था छ ।

साउदीमा रहेका नेपालीहरू संकटमा हुँदा पनि यहाँस्थित नेपाली दूतावास र महावाणिज्य दूतावासले हामीलाई अन्योलमा राख्ने काम गरिरहेको छ । जतिखेर नेपालीहरू यहाँ दु:खमा हुन्छन् त्यतिखेर हाम्रो दूतावासले सही सूचना हामीलाई दिँदैन । यहाँका राजदूतावासको तर्फबाट नेपाली कामदारको पक्षमा जुन किसिमको पहल हुनुपर्ने हो त्यो भएको हामीले पाएका छैनौं ।

गैरआवासीय मधेशी संघको तर्फबाट प्रवासमा रहेका नेपालीहरूका लागि हामीले पहल गरिरहेका छौं । तर राजदूतावासबाट हामीसँग न कुनै किसिमको सम्पर्क गरिरहेको छ । तर साउदीका सरकारले नेपाली कामदारहरूका लागि धेरै राम्रो व्यवस्था गरिरहेको छ । कोरोना संक्रमित नेपालीहरूको उपचारका लागि साउदी सरकारको तर्फबाट कुनै कसर बाँकी छैन, राम्ररी उपचार गरिरहेकै छ । साउदीमा संक्रमित नेपालीहरूको उपचार कुनै कम्पनीको सहयोगमा नभई साउदी सरकारकै पहलमा उपचार भइरहेको छ । यसमा दूतावासको कुनै किसिमको पहल हामी देख्दैनौं । उपचारपछि कोरोनामुक्त भइसकेका नेपालीहरू आफ्नो देश फर्कन चाहिरहेका छन्, तिनीहरूलाई छिटोभन्दा छिटो घर पठाउनका लागि नेपाल सरकार वा यहाँका दूतावासले ठोस कदम चालेको अवस्था छैन । साउदी सरकारले तीन चरणमा अहिले लकडाउन खुकुलो पार्दै गइरहेको अवस्था छ ।

भारत सरकारले आफ्ना नागरिकलाई स्वदेश फिर्ता लैजाँदा साउदी सरकारले त्यसका लागि वातावरण बनाइदियो । भारतका कामदारहरू प्रत्येक दिन यहाँबाट आफ्नो देश फर्किरहेको अवस्था छ । त्यसरी हामी हाम्रो नेपाल सरकार चाह्यो भने हामी पनि स्वदेश फर्कन सक्छौं । यहाँ फँसेका नेपालीहरूले हामी दिनहुँ फोन गर्छन् कि खान समस्या भयो, घर फर्कन चाहन्छौं । हामीले नेपाल सरकारको एउटा आधिकारिक संस्थासँग समन्वय गर्दा अहिले लकडाउनको अवस्था छ, नेपालमा अन्तर्राष्टि उडान सुरू भएको छैन लगायतका समस्याहरू देखाइरहेको छ ।

अहिले रोजगारी गुमाइसकेका नेपालीहरूको अवस्था एकदम दयनीय रहेका छन् । करिब दुई महिनाले यहाँका कामदारहरूले किराना पसलहरूबाट उधारोमा खाद्यान्न वस्तुहरू लिइरहेका छन् । यति दिन भइसक्दा अब किराना पसलेहरूले पनि पैसा माग्न थालेपछि नेपालीहरू विचल्लीमा परिरहेका छन् । हामीसँग त्यस्ता नेपालीहरूले सम्पर्क गर्दा हामीले उहाँहरूलाई आश्वासन दिएका छौं कि एक दुई दिनमै केही राहतको व्यवस्था गर्छौं । हाम्रो सम्पर्कमा आएका नेपालीहरूलाई गैरआवासीय मधेशी संघको तर्फबाट सक्दो सहयोग गरिरहेका छौं । साउदीमा गैरआवासीय नेपाली संघको पनि केही भूमिका छ ।

साउदीबाट नेपाल फर्कन चाहने मधेशी समुदायबाट अहिलेसम्म लगभग पाँच सय

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# संकटको बजेट

अर्थमन्त्री डा. युवराज खतिवडाले ०७७/७८ का लागि १४ खर्ब ७४ अर्ब ६४ करोड रूपैयाँको बजेट प्रस्तुत गरेका छन्। आगामी आर्थिक वर्षमा राजस्वबाट ८ खर्ब ९० अर्ब, वैदेशिक ऋण २ खर्ब ९९ अर्ब तथा विदेशी अनुदान ६० अर्ब र आन्तरिक ऋण २ खर्ब २५ अर्ब उठाइने भएको छ। सरकारले ०७६/७७ का लागि १५ खर्ब ३२ अर्ब रूपैयाँको बजेट घोषणा भएकोमा कोरोना भाइरस महामारीपछि सरकारको खर्चमा कमी आउने भन्दै अर्थमन्त्रीले विनियोजनको ७० प्रतिशत अर्थात् १० खर्ब ७३ अर्ब रूपैयाँ मात्र खर्च हुने संशोधित अनुमान पेस गरेका छन्। अर्थमन्त्रीले स्वास्थ्य, कृषि उद्यम, आपूर्ति शृंखला सुचारू गराउने, अर्थतन्त्र पुनरूत्थान, राहत, रोजगारी, पूर्वाधार र संघीयता कार्यान्वयनलाई लक्ष्य गरी बजेट घोषणा गरेका छन्। स्वास्थ्यको बजेट वृद्धि गरेका छन्। उनले कोरोना रोकथाम नियन्त्रण, परीक्षण बढाउन र औषधि, उपकरण तथा उपचार सामग्री अभाव हुन नदिन ६ अर्ब बजेट विनियोजन गरेका छन्।

बजेट कार्यान्वयनबाट मानव जीवन रक्षाका अतिरिक्त आगामी आर्थिक वर्षमा ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएको छ। बजेटको आकार सन्तुलित भए पनि यसले वैदेशिक ऋण र अनुदानको स्रोत निर्धारणमा महत्वाकांक्षी देखिएको छ। बजेटले साना मझौला उद्यम र कृषि क्षेत्रलाई सम्बोधन गरेको भए पनि रोजगारी जोगाउनेतर्फ संगठित क्षेत्रका व्यवसायलाई पर्याप्त सम्बोधन गर्न सकेको छैन। खर्च कटौतीमा सरकार निर्मम हुन सकेको छैन।

**सबैभन्दा पहिले देशको ध्यान कोरोनाबाट मुक्ति हो जुन कुरा सरकारले आफ्नो नीति तथा कार्यक्रममा पनि प्राथमिकताका साथ अगाडि सारिसकेको छ। कोरोनाको रोकथाम नियन्त्रण र राहतलाई पहिलो प्राथमिकता बजेटले दिएको छ तर पर्याप्त छैन।**

कोरोनाका कारण मुलुकले भोग्नुपर्ने आर्थिक मन्दीको परिप्रेक्ष्यमा बजेट आएको हो। बन्दाबन्दीले दैनिक करिब १० अर्ब रूपियाँभन्दा बढीको घाटा देखिएको छ। व्यापार, व्यवसाय घाटामा छ। मानवजीवन प्रभावित भएको अवस्थामा जनतामा थप करको बोझ थोपर्नुहुँदैन। विश्वव्यापी आर्थिक मन्दीका कारण बाह्य ऋण वा अनुदान अपेक्षा गरे अनुसार उपलब्ध हुनसक्दैन। कोरोना भाइरसका कारण सिर्जित संकट बहुआयामिक छन्रू। अर्थविद्हरूले विभिन्न तर्क गर्दै निकासको मार्गचित्र प्रस्तुत गरिरहेका छन्रू। आर्थिक वृद्धिदर ७.५ प्रतिशतबाट खुम्चिएर २.२५ प्रतिशतमा झर्ने अवस्था छरू। विभिन्न विदेशी मुलुकबाट १०-१५ लाख नेपाली तत्कालै स्वदेश फर्कने अवस्थामा छ। यस्तो अवस्थामा मुलुक कसरी अघि बढ्छ ? सबैको कौतुहल यही भावी नेपाली अर्थनीतिमा केन्द्रित छ। कोरोना महामारीका कारण हाम्रा स्रोतहरू खल्बलिँदैछन्। यसरी वस्तुस्थितिको प्रष्ट आँकलन गरिसकेपछि हामीले आन्तरिक फजुल खर्च कटौती गर्नेतर्फ लाग्नुपर्नेछरू। आन्तरिक रूपमा प्राथमिकताको चयन ठिक ढंगले गर्न सक्यौँ भने धेरै खर्च कटौती गरी स्रोतको जोहो गर्न सक्नेछौँ।

वर्तमान सरकार गरिखाने श्रमजीवी वर्गको प्रतिनिधि होरू। अत: सरकारले देशमा कृषिको उत्पादन, सङ्कलन र वितरण प्रणालीलाई समाजवाद उन्मुख अर्थतन्त्रको विकासको लक्ष्य र ध्येयसँग मेल गराउनुपर्छरू। समाजवादी कृषि अर्थतन्त्रको निर्माणका आधार तयार गर्दा सामाजिक-आर्थिक क्षेत्रको वस्तुस्थिति, संरचना र परम्पराको समीक्षा हुनुपर्छरू। यसैका आधारमा राष्ट्रिय हितअनुकूल आत्मनिर्भर, स्वाभिमानी, सङ्गठित एवं वैज्ञानिक कृषि अर्थतन्त्रको विकासमा जोड दिने कार्यक्रम घोषणा गर्नुपर्छ।

सबैभन्दा पहिले देशको ध्यान कोरोनाबाट मुक्ति हो जुन कुरा सरकारले आफ्नो नीति तथा कार्यक्रममा पनि प्राथमिकताका साथ अगाडि सारिसकेको छ। कोरोनाको रोकथाम नियन्त्रण र राहतलाई पहिलो प्राथमिकता बजेटले दिएको छ तर पर्याप्त छैन। यसका लागि हाम्रा स्वास्थ्य संस्थालाई दीर्घकालीन रूपमा काम लाग्ने गरी विकासमा ध्यान दिनुपर्छरू। विभिन्न मुलुकबाट स्वदेश फर्कने युवालाई स्वदेशमै रोजगार बनाउनुपर्छरू। हामीले तय गर्नुपर्ने दोस्रो प्राथमिकता हरितक्रान्ति हो।

हामीले अहिलेको सङ्कटबाट नेपाली अर्थतन्त्रको पुनरूत्थान एवं पुनर्निर्माण गर्नैपर्छरू। यो अवसरको सदुपयोग गर्न जमिन बाँझो नराखौँ, उत्पादन वृद्धिमा जोड दिऊँ। यो नाराका साथ सबैले आआफ्नो क्षेत्रबाट सक्दो योगदान गरौँ। मुलुकको हितमा स्वाभिमानी अर्थतन्त्र निर्माणका लागि यस क्षेत्रमा अझ बढी एकताबद्ध भई अघि बढौँ।

# गणतन्त्र दिवसमा प्रधानमन्त्री ओलीको शुभकामना सन्देश

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू !

आज बाह्रौं गणतन्त्र दिवस। सर्वप्रथम यस दिवसको सुखद उपलक्ष्यमा म यहाँहरू सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु। यस अवसरमा जन्मसिद्ध श्रेष्ठताको सामन्तवादी प्रणालीमाथि आधारित र जबर्जस्ती थोपरिएको राजतन्त्रको अन्त्य गरेर गणतन्त्र स्थापनाको सपना देख्नुहुने र तिनै सपनाद्वारा हामीलाई आन्दोलनमा मार्गदर्शन गर्नुहुने अग्रजहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु। आफ्नो जिन्दगी उत्सर्ग गरेर हामीलाई गणतन्त्रको उज्यालो प्रदान गर्नुहुने प्रातःस्मरणीय सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। गणतन्त्र प्राप्तिको यस कष्टसाध्य र लामो आन्दोलनमा सहभागी सबै न्यायप्रेमी जनसमुदायमा हार्दिक अभिनन्दन अर्पण गर्न चाहन्छु।

जनता साँचो अर्थ सार्वभौम बनेको यो दिन नेपालको राजनीतिक इतिहासको महत्वपूर्ण र अविस्मरणीय दिन हो। गणतन्त्र दिवस जनताले सफलता प्राप्त गरेको र जनता विजयी भएको महान उत्सव हो। यस उत्सवमा म यहाँहरू सबैलाई पुन: हार्दिक वधाइ ज्ञापन गर्दछु।

मानव सभ्यताको विकास क्रममा सामाजिक प्रबन्ध र राज्यहरूको उत्पत्ति गणराज्यहरूबाटै भएको थियो। लोकतान्त्रिक विधिबाट निर्वाचित हुने गणनायकहरूबाट गणराज्यहरूको व्यवस्थापन हुने र हरेक महत्वपूर्ण निर्णयहरू जनताको अभिमतबाट निर्णित हुने यस्तो व्यवस्थाबाटै नेपाली सभ्यताको पनि आरम्भ भएको थियो। तसर्थ, गणराज्य नेपाली समाजको मौलिक प्रणाली हो। तर समयक्रममा यो प्रणाली भत्कियो। सामन्तवादको थालनीसँगै जन्मसिद्ध श्रेष्ठताका आधारमा शासकहरू स्थापित हुने, उनीहरूको वंश परम्पराका आधारमा शासन व्यवस्था सञ्चालन हुने र उनीहरूको हुकुम नै कानुन हुने चरम अलोकतान्त्रिक प्रणालीहरू स्थापित र विकसित हुँदै गए। झण्डै दुई हजार वर्षसम्म चलेको यस्तो सामन्ती प्रणालीलाई अन्त्य गरेर हामीले इतिहासको एउटा महत्वपूर्ण कडीलाई जोडेका छौँ। र, विकास गरेका छौं।

नेपालमा कुनै पनि स्वरूपको अनिर्वाचित सत्ता अन्त्य भएको छ। आज जनताले निर्वाचित गरेका प्रतिनिधिहरूद्वारा प्रतिपादन गरिएको संविधानद्वारा मुलुकको शासन व्यवस्था सञ्चालित छ। संविधानमा जनताका अधिकार एवं सर्वोत्तम हित र आकाङ्क्षाहरू प्रतिविम्बित भएका छन्। हाम्रा सम्पूर्ण साधनस्रोतहरू र प्रयासहरू ती आकाङ्क्षालाई मूर्त रूप दिन केन्द्रित छन्। सशस्त्र द्वन्द्वको शृङ्खला अन्त्य भएर मुलुकमा दिगो शान्ति कायम भएको छ। राजनीतिक अस्थिरता र सङ्क्रमणको पीडादायी कालखण्ड अब इतिहास बनेको छ। गणतन्त्र स्थापनासँगै हामीले हासिल गरेका यी उपलब्धिहरू गौरवपूर्ण र दूरगामी महत्वका छन्।

तर यिनै उपलब्धिमा मात्र आत्ममुग्ध भएर बस्न मिल्दैन।

गणतन्त्र लोकतान्त्रिक आन्दोलनको सर्वोच्च उपलब्धि हो। यस युगान्तकारी राजनीतिक परिवर्तनलाई सामाजिक जीवनका समग्र आयामसँग जोडेर समुन्नत प्रणाली विकास गर्न सकेमा मात्रै यो दिगो बन्न सक्छ। लोकतान्त्रिक गणतन्त्रलाई सबल तुल्याउन हामीले सामाजिक न्याय, सुशासन र समृद्धिका तीनवटै आयामलाई समुचित सन्तुलनका साथ अगाडि बढाइरहेका छौँ। गणतन्त्र गणहरूमार्फत अर्थात् जनताहरूमार्फत जनताको तन्त्र हो। जनतालाई केन्द्रबिन्दुमा राखेर, जनताको इच्छामा र जनताका लागि सञ्चालित हुने शासन व्यवस्था हो। संविधान र कानुनमा उल्लेखित अधिकारको प्रयोग गर्न सक्नेगरी जनता सक्षम नहुँदासम्म गणतन्त्रले सार्थक रूप लिन सक्दैन।

यसका लागि उत्पादनका साधनमा जनताको पहुँच आवश्यक छ। यसका लागि उत्पादनको न्यायोचित वितरण र न्यायपूर्ण प्रबन्ध जरूरी छ। शिक्षा, स्वास्थ्य जस्ता आधारभूत विषयमा जनताको पहुँच आवश्यक छ। श्रम गर्न सक्नेका लागि रोजगारीको प्रबन्ध र श्रम गर्न नसक्नेका लागि फराकिलो सामाजिक सुरक्षाको जरूरी छ। यसका लागि अधिकार, अवसर, सुरक्षा र सम्मानमा सबैलाई समान व्यवहार गरिने कुरा सुनिश्चित हुन जरूरी छ।




हाम्रा सम्पूर्ण प्रयासहरू यी कामहरू मार्फत् गणतन्त्रलाई जनताको जीवनसँग जोड्ने विषयमा केन्द्रित छन्। यसैलाई हामीले परिपूर्ण लोकतन्त्र भनेका छौँ।

- गणतन्त्र शासन प्रणाली मात्रै होइन। यो त नयाँ सभ्यता, संस्कृति र सामाजिक जीवन पद्धति पनि हो।
- गणतन्त्र सामाजिक न्याय र समानतामा आधारित समृद्धि सहितको प्रणाली हो, त्यसैले यहाँ महिला, दलित, पछाडि परेका कुनै पनि समुदायमाथिका कुनै पनि विभेदहरू ग्राह्य र सह्य हुन सक्दैनन्।
- गणतन्त्रमा जाति, वर्ण, धर्म वा अरू कुनै पनि आधारमा कसैमाथि पनि असमानता, भेदभाव र छुवाछुतको व्यवहार स्वीकार्य हुन सक्दैन।
- गणतन्त्र उन्नत लोकतान्त्रिक संस्कार भएको शासन प्रणाली हो। यहाँ विचारहरूबीच स्वस्थ बहस, मान्यताहरूबीच मर्यादित छलफल र असहमतिहरूको निर्वाध अभिव्यक्तिको प्रत्याभूति हुन्छ। तर घृणा, विद्वेष र विभाजन ग्राह्य हुन सक्दैन।
- गणतन्त्र विगतका अन्य कुनै पनि प्रणालीभन्दा शासन व्यवस्थाका हिसाबले मात्रै नभएर आचरण र व्यवहारले पनि उन्नत र परिस्कृत प्रणाली हो र हुनु पर्दछ।
- गणतन्त्रमा आफ्ना विचारहरू निर्वाध ढङ्गले अभिव्यक्त गर्न पाउने स्वतन्त्रता हुन्छ, तर आफ्ना विचार या स्वार्थका लागि हिंसा र आतङ्क तथा डर र त्रासको प्रयोग स्वीकार्य हुन सक्दैन। अधिकार र कर्त्तव्यको न्यायोचित सन्तुलनले नै गणतन्त्रलाई सफल र सार्थक तुल्याउँछ।

सरकारको प्रयास गणतन्त्रलाई हरेक हिसाबले परिपूर्ण बनाउने कुरामा केन्द्रित छ।

१२ वर्ष आफैमा धेरै लामो अवधि होइन। गणतन्त्र स्थापनाका १२ वर्षमध्ये अधिकांश समय हामीले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन, नयाँ संविधान निर्माण गर्न र सङ्क्रमणकालको अन्त्य गर्न केन्द्रित गर्नु परेको थियो। गणतन्त्रलाई संस्थागत गर्न अधिकांश समय व्यतीत भएको यस अवधिमा पनि मुलुकले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। जनताको चेतनाले ठूलो फड्को मारेको छ। वर्षौंदेखि मूर्च्छित विकास र समृद्धिका सपनाहरूले साकार रूप लिन थालेका छन्। आफ्नो देश आफै बनाउन सकिन्छ भन्ने आत्मविश्वासमा अभूतपूर्व वृद्धि भएको छ। राष्ट्रिय एकता सुदृढ भएको छ। आफ्नो निर्णय आफै गर्ने र आफ्नो विकासको बाटो स्वतन्त्र ढङ्गले चयन गर्ने राष्ट्रको सार्वभौम अभ्यासले नयाँ उचाइ लिएको छ। विश्व रङ्गमञ्चमा एउटा सार्वभौम, स्वतन्त्र, लोकतान्त्रिक, शान्तिप्रिय र विकासको नयाँ यात्रा अगाडि बढाइरहेको मुलुकको रूपमा नेपालको छवि बलियो बन्दै गएको छ।

लामो सङ्क्रमणको अन्त्यसँगै आर्थिक क्षेत्रमा पनि नेपालले उल्लेखनीय उपलब्धि हासिल गरेको छ। यसअघि लगातार औसत ७ प्रतिशतभन्दा बढीको आर्थिक वृद्धिदर हासिल हुनु, निरपेक्ष गरिबीमा निरन्तर कमी आउनु र सुशासन, शान्ति, व्यवसायिक वातावरणजस्ता महत्वपूर्ण विश्व सूचकहरूमा उल्लेख्य सुधार आउनुले हामी सही दिशातिर अगाडि बढिरहेको स्पष्ट हुन्छ नै। कोरोना महामारी सुरू हुनु पूर्वका सूचकहरू अत्यन्त उत्साहवर्द्धक छन्।

जनताको सेवा र विकास निर्माणका लागि सङ्घीय संरचनाका तीनै तहबीच समन्वय कायम गर्दै अगाडि बढ्ने काम भएको छ। गणतन्त्र स्थापनाको छोटो समयका उपलब्धिबाट हामी विश्वस्त भएका छौँ- विगतका अलोकतान्त्रिक शासन प्रणालीहरूका कारण क्षति हुन गएको, सुस्ताएको हाम्रो विकास यात्रा, ओझेलमा परेका समृद्धिका आकाङ्क्षाहरू र कमजोर बन्न पुगेको राष्ट्रिय स्वाभिमानलाई छोटो समयमै पुनर्स्थापित गर्न र नयाँ ऊर्जा भर्न सक्नेछौँ। लोकतान्त्रिक गणतन्त्रको माध्यमबाट विश्व मानचित्रमा नेपाललाई एउटा विकसित राष्ट्रको नयाँ पहिचान दिन सक्ने छौँ।

जुनसुकै शासन प्रणालीलाई पनि संस्थागत हुन, सुदृढ बन्न र त्यसले परिणाम दिन निश्चित समय लाग्छ नै। प्रणाली विकासका क्रममा साना तिना कमीहरू देखा पर्न पनि सक्छन्। तर कुनै पनि कोणबाट गणतन्त्रमाथि प्रश्न उठाउने र पुरानो व्यवस्थातिर फर्कन खोज्ने प्रतिगामी चेष्टाहरू अवश्य नै अनुचित हुन्। इतिहासको गतिलाई पछाडि फर्काउन अब कसैले पनि सक्दैन।

हामी अपूर्णताबाट पूर्णतातिर र नयाँपनबाट परिपक्वतातिर अगाडि बढिरहेका छौं।

दाजुभाइ दिदीबहिनीहरू !

आज सिङ्गो मानव समुदाय कोरोना महामारी विरूद्धको कठिन सङ्घर्षमा जुटेको छ। हाम्रो पुस्ताले भोग्नु परेको सर्वाधिक ठूलो यस चुनौतीले हाम्रा प्राथमिकताहरू मात्रै होइन, हाम्रो कार्यपद्धति र जीवनशैलीलाई नै प्रभावित गरेको छ। हामी नेपालीहरू पनि कोरोना महामारीका विरूद्धको कठिन सङ्घर्षमा केन्द्रित छौँ। गणतन्त्र दिवसको यस सन्दर्भमा म यहाँहरू सबैमा कोरोना सङ्क्रमणबाट सुरक्षित रहन सक्नुहोस् र यसबीचमा जसलाई सङ्क्रमण भएको छ, उहाँहरू छिट्टै निको भएर सामान्य जीवनमा फर्कन सक्नुहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु। गणतन्त्र प्राप्तिको लामो र कष्टसाध्य सङ्घर्षको अनुभवमाथि आधारित भएर भन्न चाहन्छु, यस चुनौतिलाई पनि हामीले परास्त गरिछाड्ने छौँ। भनिन्छ नि, रात जतिसुकै लामो भए पनि बिहानी अवश्यंभावी छ।

यस्तो बेलामा हाम्रो सिंगो देश, हामी सबै दाजुभाइ-दिदीबहिनीहरू एकजुट भएर कोरोना विरूद्ध लड्न जरूरी छ। र, गणतन्त्रलाई वास्तविक अर्थमा संस्थागत गर्न एकताबद्ध प्रयासहरूलाई अगाडि बढाउन जरूरी छ। यसका निम्ति म सबैमा हार्दिक आह्वान र अनुरोध गर्दछु।

धन्यवाद।

# रामाराजाप्रसादको नाममा स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउन माग

काठमाडौं। रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि बजेट विनियोजन गर्न सप्तरीका स्थानीय नेता तथा सर्वसाधारणले माग गरेका छन्। राजविराजका स्थानीय नेता तथा सर्वसाधारणले सप्तरी जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएका छन्।

प्रथम गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहको नाममा राजविराजमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने घोषणा स्वयम् प्रधानमन्त्री ओलीले गरेका थिए। घोषणा भएअनुसार सरकार आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा त्यो कार्यक्रमलाई समावेश गरेको थियो। सो आर्थिक वर्षमा ४० करोड रूपियाँ विनियोजन पनि गरेको थियो तर पटक सो कार्यक्रम नीति तथा कार्यक्रममा समावेश नगरेको कारण नेता तथा सर्वसाधारणहरू आक्रोशित भएका छन्।

नेकपाका नेता एवं पूर्व मन्त्री उमेश यादवले चालु आर्थिक वर्षमा प्रतिष्ठानको कार्यालय पूर्वाधार तयारी विकास समितिहरू पनि बनेको र त्यसका लागि विभिन्न कामहरू पनि अगाडि बढेको बताए। तर २०७७/०७८ को नीति तथा कार्यक्रममा यस प्रतिष्ठान बारे सम्बोधन समेत नहुँदा आफूहरूलाई दु:ख लागेको उनले बताए। राजविराजमा सो प्रतिष्ठान स्थापना हुनुपर्ने माग गर्दै आउने आर्थिक वर्षको बजेटमा यसलाई समावेश गराउन माग गर्दै सप्तरीका सिडियोमार्फत प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र पठाइएको हो। प्रतिष्ठानका लागि राजविराज १० मा ६१ विघा जग्गाको व्यवस्था समेत गरिएको छ तर त्यसलाई पास गराउने प्रक्रिया पनि भूमि मन्त्रालयमा अडकेर बसेको छ।

# नागरिकता सम्बन्धी कानूनी अभाव र अन्यौलको अवस्थालाई निकास दिन माग : सांसद साह

काठमाडौं। सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सांसद तथा पूर्वमन्त्री प्रभु साहले नागरिकता सम्बन्धी कानूनी अभाव र अन्यौलको अवस्थालाई निकास दिन माग गरेका छन्।

शुक्रबार नेकपा प्रदेश नम्बर २ का अध्यक्ष समेत रहेका सांसद साहले कानुनी अभावका कारण लाखौं नेपाली नागरिकता लिनबाट बन्चित भएर संवैधानिक हकको पहुँचमा पुग्न नसकेको भन्दै यथाशीघ्र प्रक्रिया अगाडि बढाउन संसदीय समिति, मन्त्रालय, संघीय संसद र नेपाल सरकारको ध्यानाकर्षण गराएका हुन्।

नागरिकता नपाएका हजारौं नेपाली नागरिक उच्च प्राविधिक शिक्षा, रोजगारी, व्यापार-व्यवसाय, वित्तीय तथा बैंकिंग सेवा, मताधिकार लगायत राज्यबाट प्राप्त हुने विविध हक-अधिकार तथा अन्य सेवासुविधाहरूबाट समेत बञ्चित भई अस्तित्व विहीन अनागरिकको जीवन जीउन बाध्य भएपछि उनले सामाजिक संजाल फेसबूकमार्फत सांसद साहले सम्बन्धीत निकायको ध्यानाकर्षण गराएका हुन्।

'नेपालको संविधानको भाग-२ नागरिकता, धारा १०(१) मा 'कुनैपनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन।' भन्ने स्पष्ट प्रावधान हुँदा-हुंदै पनि सम्बन्धित मन्त्रालय र सांसदको राज्य व्यवस्था तथा परामर्श समितिको गैरजिम्मेवारीपूर्ण उदाशीनता एवं लापरवाहीले नागरिकता ऐनमा आवश्यक संसोधनको अभावमा आजपनि वर्षौंदेखि उमेर पुगिसकेका हजारौं-हजार नेपाली यूवा-यूवतीहरू नागरिकता प्राप्त गर्न पाउने आफ्नो संबैधानिक हकबाट बञ्चित छन्' सांसद साहले लेखेका छन्।

नागरिकता नभएका कारण आफ्नै नागरिकहरूलाई अनागरिक बनाई भविष्यसंग खेलवाड़ गर्ने अपराधको जिम्मा कसले लिने ? भन्दै उनले प्रश्न गरेका छन्।

उनी थप्छन्, 'वि.सं. २०७५ सालदेखी नै नेपाल नागरिकता ऐन २०६३ लाई संसोधन गर्न बनेको विधेयक संघीय संसदको चरम लापरवाही एवं उदाशीनताका कारण संसदको राज्य व्यवस्था तथा परामर्श समितिमा थनकेको छ। विडम्बना भनौं या दुर्भाग्य जननिर्वाचित सांसदहरू आज जनताको संवैधानिक हक़संग जोड़िएको यस्तो महत्वपूर्ण विधेयकलाई सिरानीमा राखेर सुतिरहेका छन। तसर्थ, यस जटिल समस्याको दिगो समाधान गर्नका लागी समयमैं गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु।'

सरकारले संविधान संशोधन प्रस्ताव दर्ता गर्ने

काठमाडौं, ९ जेठ। संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गर्ने निर्णय सरकारले गरेको छ। शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले १३ गते संसद बस्नु अगाडि नै संविधान संशोधन प्रस्ताव दर्ता गर्ने निर्णय गरेको हो।

लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रलाई समेटेर हालै जारी गरेको नयाँ नक्साअनुसार संविधानको अनुसूची-३ मा रहेको निशान छाप संशोधनका लागि संविधान संशोधन गर्न लागिएको हो।

# संविधान संशोधनको विपक्षमा मतदान गर्न जसपालाई गाह्रो छ

पछिल्लो समय मधेशकेन्द्रित दललाई फुटाएर आफ्नोतिर दुई तिहाइ पुगाउने प्रयासहरू पनि प्रधानमन्त्रीबाट भएकै छ। त्यसकारणले अहिलेको जसपा सरकारबाट सशंकित नै छ। त्यसैले सजिलै सर्वसहमति होला र सर्वस्वीकार्य प्रस्ताव आउने अवस्था त देखिँदैन।



## अतहर कमाल मुसलमान
### सांसद, नेपाली कांग्रेस

**o सरकारले जारी गरेको सुधारिएको नक्सालाई वैधानिकताका लागि संविधान संशोधन गर्ने विधेयक संसदको कार्यसूचिबाट एकाएक किन हटाइयो ?**

– नेपाल सरकारले भूमि विवादकै बीचमा नक्सा जारी गरेर प्रत्येक सांसदलाई नयाँ नक्सा वितरण गरिसकेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो दुई वर्षको कार्यकालमा धेरै कम सर्वदलीय बैठकहरू बोलाउनुभएको छ। अस्ति प्रधानमन्त्रीले बोलाउनुभएको सर्वदलीय बैठकमा अहिले नक्सा मात्रै पारित गरेर हुँदैन, कम से कम कुटनीतिक पहलहरू पनि हुनुपर्छ र यसको स्वामित्व सबैले कसरी ग्रहण गर्ने विषय पनि जटिल बन्दै गएको परिस्थिति छ। सर्वदलीय बैठकमा सरकारले नक्साको विषयलाई मात्रै लिएर आयो। मधेशकेन्द्रित दलहरूले यदि संविधान नै संशोधन गर्नु छ भने मधेशका पनि केही मागहरू सम्बोधन होस् भन्ने कुराहरू राखे। राष्ट्रिय एकताका लागि पनि यो आवश्यक छ, त्यसैले हाम्रा पनि मागहरू यसैबीचमा सम्बोधन गरेर जाऔं भन्ने कुरा मधेशी दलले प्रधानमन्त्री समक्ष राखे। अर्को कुरा नेपाली कांग्रेसले पनि आफ्नो पदाधिकारी बैठकबाट यस सम्बन्धमा केन्द्रीय समितिमा निर्णयहरू गर्ने कुरा आयो। त्यहीअनुरूप कांग्रेसले पनि केन्द्रीय कार्य समितिको बैठकसम्म कुर्न समय माग्यो। दुई तिहाईबाट संशोधन विधेयक पास गर्नुपर्ने भएकोले यी सबै परिस्थितिलाई मध्यनजर गरी पहिलो चरणको सर्वदलीय बैठक भयो। यो बीचमा अझै केही प्रगतिहरू भएर छलफल अगाडि बढ्छ।

**o नक्सा मात्रै पास गर्ने विषयमा सर्वसम्मति हुन नसकेपछि संविधान संशोधन गर्ने विधेयक संसदको कार्यसूचिबाट हटेको हो भन्न सकिन्छ ?**

– हामीले बुझ्दा यही विषय नै हो। संसदमा छलफल भएको भए हामीलाई प्रष्ट हुन्थ्यो। सर्वदलीय बैठकमा छलफल हुने कुराहरू पनि सदनमा छलफल हुनुपर्दथ्यो। सर्वदलीय बैठकका विषयहरूलाई पारदर्शी तरिकाले बाहिर ल्यायो भने सबैलाई जानकारी हुन्छ। यसमा केही समय दिएर अगाडि बढौं। मधेशवादी दलका पनि केही माग मुद्दाहरू सम्बोधन हुने गरी अगाडि बढौं, हामी पनि साथमै छौं भनेर कांग्रेसको पनि धारणा थियो। संशोधन प्रस्ताव सर्वसम्मत रूपमा पास गरौं, अल्पमत, बहुमत वा दुई तिहाइको कुरा नगरौं भन्ने कुराहरू पनि आइरहेका छन्। केही दिनमै पार्टीहरूको आन्तरिक निर्णयहरूको आधारमा अगाडि बढ्छ होला।

**o प्रधानमन्त्री ओलीले नक्साबाहेक अन्य मुद्दामा संविधान संशोधन चाहनु भएको छैन ?**

**– हामीले बाहिरबाट हेर्दा सरकारले त नक्साकै लागि संविधान संशोधन गर्न चाहनुभएको छ। अन्य विषयहरू समावेश गरेको अवस्था देखिँदैन। मधेशका दुईटा दल अहिले एक नै भइसकेको छ। जनता समाजवादी दलले संविधानमा देखाएका असन्तुष्टिहरू सम्बोधन भए भने राम्रो हुन्छ। उहाँहरूको माग पनि समावेश गरेर यदि प्रस्ताव आयो भने सर्वसम्मतले पास हुन्छ र सबैले स्वामित्व पनि ग्रहण गर्छ। त्यसपछि हामीले कुटनीतिक प्रयास गर्दा हामीलाई बढी बल मिल्छ भन्ने कुराहरू जसपाका नेताहरूले भन्नुभएका छन्। नक्साका विषयमा नेकपाभित्र छलफल भयो र अगाडि बढ्यो तर अन्य पार्टीहरूसँग कुनै किसिमको सम्वाद वा छलफल गरिएन। नीति तथा कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा प्रधानमन्त्रीजीले निर्णय गरेर आउनुभयो। त्यसपछि मात्रै सर्वदलीय बैठक बस्यो। नक्सा पास गर्ने विषयमा** लगभग सबै दल सहमत नै देखिन्छ। तर आफ्ना कुराहरू पनि समावेश होस् भन्ने सोच पनि देखिएको छ।

**o नक्साबाहेकका विषयहरू संशोधनमा ठाउँ पाएन भने सर्वसम्मति हुने सम्भावना छ कि छैन ?**

**– जसपाका अधिकांश नेताहरूले यो संविधानलाई पूर्णरूपमा मान्नुभएको छैन, संविधानमा हस्ताक्षर पनि छैन। नक्साको विषय राष्ट्रियतासँग जोडिएकोले यसको विपक्षमा मतदान उहाँहरूलाई गाह्रो हुन्छ। उहाँहरूको जुन माग छन्, त्यसलाई यदि संविधान संशोधन गरी पूरा भएन भने सरकारको पक्षमा पनि मतदान गर्न गाह्रो हुन्छ। त्यसैले यदि सरकार र जसपाका नेताहरूको बीचमा कुनै किसिमको सहमति र सहकार्य भएन बहिष्कार पनि सक्नुहुन्छ। किनभने हाम्रो मुद्दा सम्बोधन नगर्ने र फसाउने हिसावका मुद्दाहरू लिएर आए हुँदैन। तराई मधेशका मुद्दाहरू सम्बोधन गरिनेछ भनेर विगतमा उपेन्द्र यादवको पार्टी सरकारमा पनि गएको हो। संविधान संशोधन गर्छौं भन्ने आश्वासनमा राजपाले पनि सरकारलाई समर्थन गरेकै थियो। तत्कालीन राजपा र समाजवादीको वर्चस्व रहेको क्षेत्रको मुद्दा सम्बोधन हुँदैन भने संशोधनमा समर्थन गर्न उहाँहरूलाई अलिकति नैतिक दबाब हुन्छ।**

**o संविधान संशोधनमा सर्वसम्मतिका लागि नेकपा र जसपाबीच कुरा त मिलेको छैन ?**

**– जसपा नेताहरूले हाम्रा पार्टीका सभापति शेरबहादुर देउवासँग पनि भेट्नुभो र प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि भेट्नुभो। नेपाली कांग्रेस लोकतान्त्रिक र मध्यमार्गी पार्टी भएकोले कम्तीमा पनि देशमा एकताका लागि सदैव उद्दार रहँदै आएको छ। अहिले कोरोनाका** कारण अर्थतन्त्र खस्किँदै गएको छ भने संविधान मान्ने नमान्नेबीच पनि सामाजिक सद्भाव एक किसिमको बलियो देखिँदैन। मधेशका मान्छे सीमाको रक्षा आफैले गरिरहेको पनि यथार्थ हो। यो सरकारले पूरै माग सम्बोधन गर्न सकिँदैन भने यी-यी माग सम्बोधन गर्छौं, तपाइँहरू पनि आउनुस् र भोलीका दिनमा हामी एक ठाउँमा उभिएर भारत सरकारसँग कुटनीतिक सम्वादका मार्फत् वार्ता गर्दा परिणाममुखी हुनसक्छ। त्यसैले यो विषय जटिलतातर्फ नजाओस्, सहज र सरल तरिकाले एकता भएर अगाडि बढ्यो भने हामी सफल हुन्छौं।

**o जसपाका मागहरू सम्बोधन गर्न प्रधानमन्त्री केपी शर्मा ओली लचक हुने सम्भावना देख्नुहुन्छ ?**

**– विगतका परिस्थितिहरूलाई मूल्यांकन गर्ने हो भने यति सरल र सहज बाटो देखिएको छैन। तर सर्वदलीय बैठक जसरी प्रधानमन्त्रीले बोलाउनुभयो त्यसलाई हामी सुरूवात मान्न सक्छौं। विगतको इतिहास हामीले पल्टाएर हेर्दा संविधान संशोधनको विषयमा पहिला पनि प्रयासहरू भए तर तत्कालीन अवस्थामा एमालेले सहयोग गरेन। पछि निर्वाचनका बेला मधेशकेन्द्रित दलहरू निर्वाचनलाई बहिष्कार गरे, पछि कांग्रेस र प्रचण्डजीले समन्वय गरेर विश्वास ल्यायो र निर्वाचन सहभागी गरायो। त्यसपछि संविधान संशोधन गर्ने शर्तमा उपेन्द्रजीको पार्टी सरकारमा गयो तर पनि संशोधनको प्रयास गरिएन। उपेन्द्रजीले संशोधन प्रयास गर्दा पनि उहाँलाई सरकारबाट बाहिरिन बाध्य बनाएको यथार्थ पनि छँदैछ। यस्तै, पछिल्लो समय मधेशकेन्द्रित दललाई फुटाएर आफ्नोतिर दुई तिहाइ पुगाउने प्रयासहरू पनि प्रधानमन्त्रीबाट भएकै छ। त्यसकारणले अहिलेको जसपा सरकारबाट सशंकित नै छ। त्यसैले** सजिलै सर्वसहमति होला र सर्वस्वीकार्य प्रस्ताव आउने अवस्था त देखिँदैन।

**o जसरी हतारमा संविधान जारी गर्दा असन्तुष्टिहरू रहिरहे, त्यसरी नै हतारमा नक्सा मात्रै पारित गर्नु हुँदैन ?**

**– यो त सत्य कुरा हो कि संविधानमा धेरै असन्तुष्टिहरू छन्। संविधान संशोधन गर्नुपर्छ भन्ने शर्तमा नै विगतमा राजपाले केपी ओलीको सरकारलाई बाहिरबाट समर्थन र फोरमले लिखितरूपमै सहमति गरेको हो। त्यसका लिखित दस्तावेजहरू नै छन्। तराई मधेशका यथार्थ मागहरूलाई सरकारले** सम्बोधन गर्नेछ भन्ने कुराको सहमति भइसकेपछि त केही न केही त तत्काल सम्बोधन गर्नुपर्ने हो। जहाँसम्म कांग्रेसको कुरा छ भने कांग्रेसले त संशोधनै प्रस्ताव दर्ता गराएर संसद लग्यो तर तत्कालीन एमालेकै कारण फेल भयो। त्यसैले तत्काल सम्बोधन हुनसक्ने कुराहरू संशोधन गर्नुपर्छ। बाँकी जटिल विषयहरू फेरि हामी अर्कोचोटि बसेर छलफल गरेर संशोधन गर्न सक्छौं। जेजति सकिन्छ अहिले गरौं। किनभने राष्ट्रियताको मामिलामा हामी एक हुनुपर्छ। यसले सबैको स्वामित्व ग्रहण गरोस्।

# महत्वपूर्ण दस्तावेज खस शासकहरूले बेचिदिएका छन्

ऐतिहासिक दस्तावेजहरू छन् भने निकाल्नुपर्‍यो नि। राजाको पालामा ती डकुमेन्टहरू बेच्यो र अर्कोतिर यो कम्युनिष्ट सरकारले चीनलाई सगरमाथामा फाइव जी टावर बनाउन दिएको छ। सगरमाथा चीनलाई दिने, कालापानी, लिपुलेक र लिम्पियाधुरा भारतलाई दिने अनि राष्ट्रियताको पाठ हामीलाई सिकाउने ? अब त सीमा सुरक्षासम्बन्धी हरेक कुरामा मधेशको उपस्थिति हुनुपर्‍यो।



## गणेश कुमार मण्डल
### संयोजक, मधेशी नागरिक समाज

**o लिपुलेक, लिम्पियाधुरा र कालापानी विवाद अहिले सतहमा देखिएको छ। ती भूमिहरूमा नेपाल र भारत दुवैको दाबी रहेको छ। यस विषयमा मधेशको धारणा के छ ?**

**– अहिले पूरा विश्व नै कोरोना भाइरसको संक्रमणबाट त्रसित छ तर नेपालको राजनीति अहिले लिपुलेक, लिम्पियाधुरा र कालापानीको विवादमा अड्किएको छ। यो समस्या आजको होइन। त्यो क्षेत्र अहिले भारतको नियन्त्रणमा रहेको छ। हामीले अहिले कुरा मात्रै उठाइरहेका छौं। बोलेर मात्रै हाम्रो भूमि फिर्ता आउने होइन। यदि त्यो भूमि हाम्रो हो भने लिपुलेक,** लिम्पियाधुरा र कालापानीको वरिपरि हाम्रो सेना किन बसेन वा बसाइएन ? प्रहरी चौकी दिन राखिएन ? सेना प्रहरी नहुँदा पनि त्यहाँ सरकारका प्रशासनिक निकायहरूको उपस्थिति किन छैन ? भारतले दाबी गर्नुको पछाडिको कारण यो पनि हो कि त्यहाँ भारतको उपस्थिति रहँदै आएको छ। त्यो भूमि हुँदै तिब्बतको मानसरोबर जाने बाटो बनाउन चीनसँग सहमति गर्‍यो, बाटो उद्घाटन पनि गर्‍यो, आफ्नो नक्सामा राख्यो। हामी अहिले बल्ल-बल्ल आफ्नो नक्सामा राख्न लागेको छ। त्यो भूमि हाम्रो हो भने हामी पुख्ता प्रमाणसहित भारतसँग वार्ता गर्नुपर्छ।

**o भनेपछि ती भूमिहरू नेपालको हो कि होइन भन्ने नै टुंगो लागेको छैन ?**

**– यदि सुगौली सन्धिलाई आधार मान्ने हो भने ती भूमिहरू नेपालकै हो। जब राजा महेन्द्रले ती क्षेत्रमा भारतको सेना राख्न अनुमति दिए त्यसपछि ती भूमि विवादित बन्दै गएको हो। हामीले आफ्नै नक्सामा ती भूभागहरू समेट्न सकेनौं। अहिले हामी नक्सा बनाउँदैछौं। भनेपछि ती भूमिहरू त्यतिखेर राजा महेन्द्रले बेचेकै हुन्।**

**o तत्कालीन शासकहरू ती भूभागहरू बेचेकोले भारतले आफ्नो नक्सामा राखेर त्यहाँ बाटो बनाएको हो ?**

**– सन् १८१६ को सुगौली सन्धिको ओरिजिनल नक्सा नेपालमा छैन। भारतले अतिक्रमण गरेर ती भूभागहरू नेपालको नक्साबाट हटेको होइन, तत्कालीन शासकहरूले बेचेका हुन्। यिनीहरूले नेपालका अति महत्वपूर्ण दस्तावेजहरू खस शासकहरूले बेचिदिएका छन्। यिनीहरूको राष्ट्रियता तब उजागर हुन्छ जब यिनीहरूको सत्ता समस्यामा पर्छ। त्यसैले पहिलाको नेपालको नक्सामा ती भूभागहरू थिए, अहिले किन छैन भन्ने प्रश्नमा बेचिसकेपछि कहाँबाट आउँछ। नेपालको संविधान बनाउँदा पनि यिनीहरू नै थिए, कोही मधेशी त थिएन नि। त्यो संविधानमा पनि ती भूभागसहितको नक्सा छैन।**

**o भारतले जसरी आफ्नो भूमि दाबी गरिरहेको छ, के-के प्रमाण हुनसक्छ ?**

**– कालापानी क्षेत्रमा भारतको सेना छ, उसले नेपालभन्दा पहिला ती भूभागहरू आफ्नो नक्सामा राख्यो। त्यहाँ सडक निर्माण गरेर उद्घाटन गरिसक्यो। त्यहाँका** सेनाका प्रमुख, राजनीतिक दलहरू, मन्त्रीहरूसमेतले हाम्रो हो भनेर बोलेका छन्। हाम्रो तर्फबाट किन बोलेनन् ? हाम्रा नेताहरूले हल्ला गरिरहेका छन्, तर त्यो ठाउँमा किन गएनन् ? अन्तर्राष्ट्रिय कानूनअनुसार त्यहाँका जनता कहाँ बस्न चाहन्छन् भन्ने कुरा पनि महत्व राख्छ। यदि त्यहाँका नागरिकले हामी भारतमै बस्न चाहन्छौं भन्यो हाम्रो त्यो दाबी पनि जान्छ। ती नागरिकहरूसँग भारतको रासन कार्ड छ कि नेपालको नागरिकता छ ? यदि नेपालको नागरिकता छ भने त्यहाँ कति जनसंख्या छ ? ती प्रमाणहरू नेपाल सरकारसँग हुनुपर्छ। महाकाली सन्धि हुँदाखेरि केपी ओली मस्यौदा समितिको संयोजक हुनुहुन्थ्यो, शेरबहादुरजी प्रधानमन्त्री, माधव नेपाल एमालेको महासचिव र रामचन्द्र पौडेल सभामुख हुनुहुन्थ्यो। यी मान्छेहरू अहिले पनि पावरमा छँदैछन्। हामी मधेशका बुद्धिजीवीहरू कालापानी, लिपुलेक र लिम्पियाधुरा जान चाहन्छौं। त्यहाँको वस्तुस्थिति के छ त्यो बुझ्न चाहन्छौं। यदि यिनीहरूको मनमा पाप छैन भने हामीलाई त्यहाँ लिएर जानुपर्छ। यिनीहरूले तीन करोड नेपालीलाई गुमराहमा राखेका छन्। हामीले सबै कुरा थाहा पाइसकेपछि राम्ररी डिल गर्न सक्छौं। प्रधानमन्त्री केपी ओलीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग वार्ता गरेर फिर्ता हुँदैन। त्यसका लागि केपी ओलीसँग पुख्ता प्रमाण हुनुपर्छ। यदि वार्ताबाट समस्या समाधान भएन भने तुरून्त आर्मी पठाउनुपर्‍यो। भारतसँग युद्ध गर्नुपर्‍यो। आफ्नो भूमिको रक्षा गर्नका लागि हरेक नागरिकले सहयोग गर्छ। युद्धको घोषणा गर्दा वास्तविकता थाहा हुन्छ। युद्धको घोषणा गरिसकेपछि त्यहाँ अन्तर्राष्ट्रिय समुदाय आउँछ। अन्तर्राष्ट्रिय समुदाय आइसकेपछि कुटनीतिक पहल हुन्छ। कुटनीतिक पहलमा तीन किसिमको समिति बनाउनुपर्छ। परराष्ट्रमन्त्रीको नेतृत्वमा सबै दलका नेताहरूलाई राखेर एउटा समिति बनाउनुपर्‍यो। अर्को परराष्ट्र मन्त्रालयका कर्मचारीको नेतृत्वमा विज्ञहरूको टोली बनाउनुपर्छ। अब यिनीहरूको राष्ट्रियतामाथि हामीलाई शंका लागेको कारणले मधेशका बुद्धिजीबीहरूको नेतृत्वमा एउटा विज्ञ समूह बनाउनुपर्‍यो। त्यसपछि भारतसँग वार्ता गर्नुपर्‍यो। मधेशका बुद्धिजीबीहरूलाई किन राख्नुपर्छ भने खसवादी शासकहरूले ती भूमि बेचिसकेका छन्। भारतले मिच्नुभन्दा यिनीहरूले बेचेको कारणले गर्दा यिनीहरूको राष्ट्रियतामाथि शंका लाग्यो। मधेशी बुद्धिजीबीहरूको टोलीले त्यो क्षेत्रबारे अनुगमन नगरी दुधको दुध र पानीको पानी छुटिँदैन।

**o कोरोना संक्रमण समाप्त भएपछि कुटनीतिक वार्ता गर्ने भारतको संकेत देखिएको छ। तत्कालै वार्ता गर्नुपर्ने हो कि पछि गर्नुपर्छ ?**

**– कोरोनाको कहरमा आजित जनतालाई हाम्रो सरकारले राहत र रोकथाममा प्रभावकारी भूमिका खेल्न नसकेपछि जनताको ध्यान अर्कोतिर मोड्ने प्रयास गरिएको छ। उता ध्यान भड्काए पनि अब यो मुद्दालाई निष्कर्षमा पुर्‍याउनपर्छ। सरकारले तुरून्त मधेशका केही बुद्धिजीबीहरूलाई कालापानी, लिपुलेक र लिम्पियाधुरामा पुर्‍याउनुपर्छ। त्यसपछि हामीले वास्तविकता के हो बाहिर आउँछ। यदि हामी मधेशी बुद्धिजीबीहरू त्यहाँ गएनौं भने यहाँ हल्ला मात्रै हुन्छ। त्यो सुगौली** सन्धिलाई टेकेर हाम्रो उपस्थिति त्यहाँ हुनुपर्‍यो। त्यहाँ हाम्रो सरकारले तुरून्त आफ्नो सेना परिचालन गर्नुपर्‍यो।

**o त्यो क्षेत्रमा भारतका सेनाको उपस्थिति त छँदैछ, हाम्रो पनि सेना पठाउन सकिन्छ ?**

**– आफ्नो भूमिमा सेना किन पठाउन मिल्दैन ? भनेपछि आफ्नो जनतालाई सरकारले ठगिरहेका छन्। यो सरकारले आफ्नो नीति तथा कार्यक्रममा ती भूभाग ल्याउन मिल्ने, नक्सा बनाउन सक्ने तर गर्न नसक्ने ? बोलेर मात्रै हुँदैन अब एक-एक हिसाव हुन्छ। त्यहाँ सेना पठाउनुपर्‍यो र त्यो भूमि चाहियो। भूमि चाहियो भनेर काठमाडौंमा कराएर हुन्छ ? त्यहाँ जानु पर्दैन ? यिनीहरू गएन भने हामीलाई पठाओस्। हामीले त्यहाँको वस्तुस्थिति पूरा देशको जनतालाई बताउँछौं। यिनीहरूसँग कुनै ओरिजिनल डकुमेन्ट पनि छैन, न त सुगौली सन्धि छ। सबै डकुमेन्ट यिनीहरू बेचिसकेका छन्।**

**o नेपाल सरकारले त ऐतिहासिक दस्तावेजहरू आफूसँग छ भनिरहेको छ नि ?**

**– ऐतिहासिक दस्तावेजहरू छन् भने निकाल्नुपर्‍यो नि। राजाको पालामा ती डकुमेन्टहरू बेच्यो र अर्कोतिर यो कम्युनिष्ट सरकारले चीनलाई सगरमाथामा फाइव जी टावर बनाउन दिएको छ। सगरमाथा चीनलाई दिने, कालापानी, लिपुलेक र लिम्पियाधुरा भारतलाई दिने अनि राष्ट्रियताको पाठ हामीलाई सिकाउने ? अब त सीमा सुरक्षासम्बन्धी हरेक कुरामा मधेशको उपस्थिति हुनुपर्‍यो।**

**(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)**

# जनता समाजवादी पार्टी, नेपालको विधान

प्रस्तावना:

नेपाल एक स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न, बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक विविधतायुक्त पहिचान भएको मुलुक हो भन्ने तथ्यलाई आत्मसात गर्दै, राज्यको हरेक अङ्ग र तहहरूमा जातीय, लैङ्गिक, सामुदायिक जनसङ्ख्याको आधारमा यथासक्य समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गरी समानता, धर्मनिरपेक्षता, सङ्घीयता र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी राज्यको वर्तमान एकल जातीय वर्चस्व हुने नश्लवादी चरित्रलाई परिवर्तन गरी प्रदेशहरूलाई पहिचानमा आधारित राज्य पुनर्संरचनाका लागि सङ्घर्षशील रहँदै, समाजमा विद्यमान विभेद र सिमान्तीकरणको अन्त्य गर्ने प्रतिवद्धता व्यक्त गर्दै,

निरङ्कुश शासनको अन्त्य तथा मुलुकको सार्वभौमसत्ता र अखण्डता, शान्ति र अग्रगमनको पक्षमा भएका संयुक्त जनआन्दोलन, जनयुद्ध, समानता समावेशिता र सङ्घीयता निमित्त भएका ऐतिहासिक मधेस जनविद्रोहहरू, आदिवासी जनजाति, खस, थारू, शिल्पीरदलित, महिला, मुस्लिम, अल्पसङ्ख्यक लगायतका उत्पीडित समुदायले विगतमा चलाएको सङ्घर्ष र परिवर्तनका क्रममा आफ्नो अमूल्य जीवनको बलिदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरूप्रति उच्च सम्मान प्रकट गर्दै,

आन्तरिक औपनिवेशिक नीति अन्तर्गत राजनीतिक, आर्थिक, जातीय, भाषिक, साँस्कृतिक शोषण र उत्पीडनमा पारिएका समुदायहरूको मधेस जनविद्रोह तथा आदिवासी जनजाति, खस, थारू, शिल्पीरदलित, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक समुदाय लगायतको आन्दोलनमा व्यक्त भावना अनुरूप राष्ट्रिय पहिचानको मान्यता, भाषा संस्कृतिको संरक्षण-सम्वर्द्धन गर्न, तराई-मधेस, पहाड र हिमालका जनताबिच भावनात्मक एकता र सम्बन्धलाई बलियो बनाई राष्ट्रिय एकताको आधारलाई विकसित र प्रवर्द्धन गर्दै, नागरिक सर्वोच्चता, विधीको शासन, प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायप्रणाली, समानता, सामाजिक न्याय, सङ्घीय शासन प्रणाली, लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक-समावेशी प्रतिनिधित्वको सुनिश्चितता गर्दै, आर्थिक समानता, समृद्धि, सामाजिक न्याय, सुशासन र समतामूलक समाजको निर्माण र संयुक्त राष्ट्रसङ्घको मान्यता अनुरूप आत्मनिर्णयको अधिकारसहितको सङ्घीय राज्य स्थापित गर्ने ध्येयप्रति प्रतिवद्ध रहँदै, वर्णव्यवस्थाद्वारा सृजित जातपात तथा जातिप्रथा र पितृसत्तात्मक चिन्तनको आधारमा निर्माण गरिएका लैङ्गिक असमानता र विभेदका साथै जातीय अहङ्कारवादी मनोवृत्ति विरूद्ध बैज्ञानिक सोच र दृष्टिकोणका आधारमा समाजलाई बुझ्ने, व्याख्या गर्ने र परिवर्तन गर्ने वैचारिक प्रतिवद्धता र ध्येयका साथ राष्ट्रिय मुक्ति आन्दोलन, वगीय आन्दोलन र सामाजिक मुक्ति आन्दोलनलाई एकाकार गरी नेपालमा समुन्नत सङ्घीय समाजवाद तथा समाजवादी लोकतन्त्रको मूल्य मान्यतालाई स्थापना गर्ने सङ्कल्प गर्दै,

नेपाली समाजको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि राष्ट्रिय पुँजीको विकास गर्दै गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य रोजगारी, सुरक्षा जस्ता जनताका आधारभूत आवश्यकताहरूको सुनिश्चितताका साथ सङ्घीय समाजवादी लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था स्थापना गर्ने रणनीतिक लक्ष्य प्राप्तिका लागि सामुहिक नेतृत्व र समावेशी प्रतिनिधित्व भएको राष्ट्रिय चरित्रको पार्टी निर्माण गर्नु अपरिहार्य ठान्दै,

देशको समृद्धि र विकासका लागि तराई/मधेस, पहाड र हिमालको विशिष्टतालाई संवोधन गर्ने, समावेशीता र सामाजिक न्याय सुनिश्चित गर्ने उद्देश्यका साथ नेपालका आदिवासी जनजाति, मधेसी, थारू, शिल्पी/दलित, खस, आर्य, मुस्लिम, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, फरक क्षमता भएका र अल्पसङ्ख्ययक तथा सीमान्तकृत समुदायलगायत सबै खाले उत्पीडनमा परेका नेपालका श्रमजीवी जनता र उत्पीडित समुदायको हित, मानवद्वारा मानवलाई गर्ने सबै प्रकारको शोषण, उत्पीडन र विभदको अन्त्य तथा समतामूलक समृद्धिका पक्षधरहरूको प्रतिनिधित्व गर्ने शक्तिशाली राजनीतिक पार्टीको अपरिहार्य आवश्यकतालाई महशूस गरी राष्ट्रिय जनता पार्टी, नेपाल र समाजवादी पार्टी एकीकृत गरी विचार मिल्ने अन्य राजनीतिक शक्ति, व्यक्ति-व्यक्तित्व, सङ्घ संस्था र आम जनता समेतलाई यसै पार्टीमा गोलबन्द गर्ने उद्देश्यले जनता समाजवादी पार्टी, नेपाल ९ब्लबलबतब क्कबवखबमष एबचतथ, ल्भउबॅ० नामक पार्टी स्थापना गरी यो विधान जारी गरिएको छ।

परिच्छेद १

१. पार्टीको नाम :

यस राजनीतिक दलको नाम जनता समाजवादी पार्टी, नेपाल हुने छ। सङ्क्षिप्तमा यसलाई जसपा, नेपाल भनिने छ। अङ्ग्रेजीमा यसलाई (People's Socialist Party, Nepal) भनिने छ।

२. विधानको नाम र प्रारम्भ: यो विधानको नाम जनता समाजवादी पार्टी, नेपालको विधान हुने छ। यो विधान तुरुन्त प्रारम्भ हुने छ।

३. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

(१) 'पार्टी' भन्नाले जनता समाजवादी पार्टी, नेपाल सम्झनु पर्छ।

(२) 'विधान' भन्नाले जनता समाजवादी पार्टी, नेपालको विधान सम्झनु पर्दछ।

(३) 'अध्यक्ष' भन्नाले केन्द्रिय, प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र वा स्थानीय तह लगायत यस विधानमा उल्लेखित विभिन्न समिति र उपसमिति र आयोगका सम्बन्धित अध्यक्षहरूलाई समेत जनाउँछ।

(४) प्रमुख भन्नाले : विभिन्न समिति, उपसमिति, परिषद्/आयोगका सम्बन्धीत प्रमुखहरूलाई सम्झनु पर्छ।

(५) 'सदस्य' भन्नाले जनता समाजवादी पार्टी, नेपालको सदस्य सम्झनु पर्छ।

(६) 'केन्द्रीय कार्यकारिणी समिति' भन्नाले जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय कार्यकारिणी समितिलाई सम्झनु पर्छ।

(७) 'केन्द्रीय समिति' भन्नाले जनता समाजवादी पार्टी, नेपालको केन्दीय समिति सम्झनु पर्छ।

(८) 'अधिवेशन' भन्नाले सङ्घीय तहमा महाधिवेशन र प्रदेश तथा स्थानीय तहमा अधिवेशन भन्ने सम्झनु पर्छ।

(९) समानुपातिक समावेशी भन्नाले जातीय, सामुदायिक र लैङ्गिक जनसङ्ख्याको आधारमा प्रतिनिधित्व गरिने मान्यतालाई सम्झनु पर्छ।

(१०) 'प्रदेश' भन्नाले सङ्घीय एकाईलाई सम्झनु पर्छ। यस शब्दले पहिचानमा आधारित प्रादेशिक संरचनालाई समेत जनाउने छ।

(११) 'पालिका' भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाऊँपालिकालाई सम्झनु पर्छ।

(१२) 'नियमावली' भन्नाले जनता समाजवादी पार्टी, नेपालको विधान बमोजिम बनेका नियमावलीहरू सम्झनु पर्छ।

(१३) तोकिए बमोजिम भन्नाले यस विधान, नियमावली र सो अन्तर्गत केन्द्रीय समितिले तोकेको र जारी गरेको परिपत्र वा निर्देशन समेत सम्झनु पर्छ।

(३) झण्डा, लोगो र चुनाव चिन्ह:

(१) पार्टीको झण्डा अनुसूची (१) बमोजिम हुने छ।

(२) पार्टीको छाप अनुसूची (२) मा उल्लेख भए बमोजिम हुने छ।

(३) पार्टीको चुनाव चिन्ह अनुसूची (३) बमोजिम हुने छ।

(४) पार्टीको लोगो अनुसूची (४) बमोजिम हुने छ।

परिच्छेद २

५.पार्टीका मुख्य उद्देश्यहरू:

(१) राजनीतिक, आर्थिक, सामाजिक, भाषिक, सांस्कृतिक, लैंगिक, भौगोलिक तथा जातिय, धार्मिक, सामुदायिक विभेद र शोषणलाई समूल अन्त्य गर्ने।

(२) महिला, शिल्पी/दलित, आदिवासी जनजाति, मधेशी, थारू, राना थारू, मुस्लिम, खसआर्य, पिछडिएको क्षेत्र, अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक, पिछडावर्ग लगायतको निम्ति पहिचान र अधिकारयुक्त समानुपातिक समावेशी सिद्धान्तमा आधारित लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक समतावादी समाजको स्थापना गरी आधुनिक नेपाल निर्माण गर्ने।

(३) हिमाल, पहाड र तराई/मधेशका रहेका विभिन्न समुदायहरूबीच भावनात्मक एकता विकसित गर्दै पहिचानमा आधारित सङ्घीय राज्य संरचनाको स्थापना गर्ने।

(४) सङ्घीयता, सुशासन, समतामुलक समृद्धि, सामाजिक न्याय, लोकतन्त्र र समाजवादको माध्ययमबाट समाजको रूपान्तरण गर्ने।

(५) राज्यका सबै अंग, तह र निकायहरूमा राष्ट्रिय/जातीय जनसङ्ख्याका आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नु।

(६) सहभागितामूलक समावेशी लोकतन्त्र सहितको समुन्नत सामाजिक, आर्थिक तथा राजनीतिक प्रणालीको विकास गर्नु।

परिच्छेद ३

६. सदस्यता सम्वन्धी व्यवस्था: (१) सदस्यको योग्यता: देहायको योग्यता पुगेको कुनै पनि व्यक्ति पार्टीको सदस्य बन्न सक्ने छन्,

क) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको पार्टीको नीति, सिद्धान्त र विचारप्रति आस्था राख्ने १८ वर्ष उमेर पुगेको नेपाली नागरिक।

ग) पार्टीले तोकेको जिम्मेवारी पूरा गर्ने।

घ) पार्टीले तोकेको सदस्यता शुल्क र लेवी बुझाउने।

७. सदस्यता प्राप्त गर्ने प्रकृया: (१) पार्टी सदस्यता प्राप्त गर्न ईच्छुक तथा तोकिएको योग्यता पुगेका नेपाली नागरिकले यस विधानको अनुसूची ५ मा उल्लेखित सदस्यता आवेदन सम्बन्धित समिति वा कार्यालयमा आवेदन गर्न सक्ने छन्। सदस्यताको सिफारिस फाराम सहित पार्टीको स्थानीय तहले गर्ने छ।

(२) आवेदनमाथि आवश्यक छलफल गरी प्रदेश समितिले १५ दिनभित्र सदस्यताबारे निर्णय गर्ने छ।

(३) सदस्यता आवेदन स्वीकृत भएपछि तोकिएको शुल्क तिरी सदस्यता लिन सकिने छ।

(४) सदस्यता बिबरण सुरक्षित राख्ने दायित्व सदस्य र सम्बन्धित समितिको हुने छ।

(५) कुनै सदस्यको कार्यक्षेत्र स्थानान्तरण गर्नुपर्ने भएमा एक तहभन्दा माथिल्लो समितिले वा सङ्लग्न दुवै समितिहरूले सूचना आदानप्रदान गरी निवेदनका आधारमा स्थानान्तरण गर्न सक्ने छन्। यस्तो बिबरण केन्द्रीय अभिलेखमा समेत अध्यावधिक गर्नु पर्नेछ।

(६) पार्टीको सदस्यताको सम्पूर्ण अभिलेख केन्द्रीय तथा प्रदेशको सङ्गठन विभागमा रहने छ। स्थानीय समितिहरूले पनि आ-आफ्नो कार्यक्षेत्रभित्रका सबै सदस्यहरूको अभिलेख राख्नुपर्ने छ। सदस्यहरूको अभिलेख फाराम अनुसूची (६) बमोजिम हुने छ।

८. सदस्यता शुल्क: (१) पार्टी सदस्यता प्राप्तिका लागि आवेदन शुल्क रू १०र तथा वार्षिक सदस्यता शुल्क रू १०० र बुझाउनुपर्ने छ।

(२) प्रत्येक वर्ष सदस्यता शुल्क तिरी सदस्यता नवीकरण गर्नुपर्ने छ।

(३) सदस्यता शुल्कको अतिरिक्त सदस्यहरूले पार्टीले तोके बमोजिम लेवी तिर्नुपर्ने छ।

९. सदस्यहरूको काम, कर्तव्य र अधिकार: पार्टी सदस्यहरूको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुने छ।

(१) पार्टीको नीति, सिद्धान्त र विचारको रक्षा, प्रयोग र विकास गर्ने।

(२) पार्टीले सञ्चालन गर्ने कार्यक्रम, अभियान र आन्दोलनमा सहभागी हुने।

(३) पार्टीका बैठक, सभा, सम्मेलन, अधिवेशन र महाधिवेशनमा तोकिएको विधि र प्रक्रिया अनुरूप सहभागी हुने, चुन्ने, चुनिने अधिकारको प्रयोग गर्नु, निर्णयको कार्यान्वयन गर्ने।

(४) पार्टीको नीति सिद्धान्त योजनाअनुरूप जनहितका सामाजिक कार्यहरूमा सक्रिय हुने।

(५) पार्टीको सम्पत्तिकोरक्षा गर्ने।

(६) देशको समृद्धि, सामाजिक न्याय र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, विकास र अग्रगतिका लागि सङ्घीय समाजवादी गणतन्त्र प्राप्तीका लागि हमेशा तत्पर रहने।

१० सदस्यताको समाप्ती: देहायका अवस्थामा पार्टीको सदस्यता समाप्त हुने छ,

(१) मृत्यु भएमा।

(२) पार्टी हित विपरीत काम गरेको अभियोग प्रमाणित भई पार्टीको वैधानिक प्रक्रिया अनुरूप निष्काशनको कारबाहीमा परेमा।

(३) सदस्य स्वयंले पार्टी परित्याग वा राजीनामा गरेमा।

(४) पार्टीको जानकारीबिना एक वर्षभन्दा बढी समय सम्पर्क बाहिर रहेमा।

(५) वार्षिक सदस्यता नविकरण नगरेमा।

(६) पार्टीले तोकेको सदस्यता शुल्क वा लेवी नबुझाएमा।

परिच्छेद-४

केन्द्रीय संरचना

११. पार्टीको केन्द्रिय स्तरका संरचना देहाय बमोजिमको रहने छ

(१) राष्ट्रिय महाधिवेशन

(२) सङ्घीय परिषद

(३) केन्द्रीय समिति

(४) केन्द्रिय राजनीतिक समिति

(५) केन्द्रीय कार्यकारिणी समिति

(६) केन्द्रीय सल्लाहकार समिति

(७) सङ्घीय संसदीय दल

(८) केन्द्रीय विज्ञ परिषद

(९) केन्द्रीय निर्वाचन आयोग

(१०) केन्द्रीय अनुशासन आयोग

(११) केन्द्रीय लेखापरिक्षण आयोग

१२.राष्ट्रिय महाधिवेशन:

(१) राष्ट्रिय महाधिवेशन पार्टीको सर्वशक्ति सम्पन्न सर्वोच्च निकाय हुने छ।

(२) राष्ट्रिय महाधिवेशनले पार्टीको केन्द्रिय समिति सहित केन्द्रीय स्तरका समितिहरूको प्रतिवेदनको पुनरावलोकन र अनुमोदन गर्नेछ।

(३) प्रत्येक सङ्घीय निर्वाचन क्षेत्रका सदस्यहरू तोकिएको विधि र प्रक्रिया अनुसार चयन भएका महाधिवेशन प्रतिनिधिहरू सङ्घीय निर्वाचन क्षेत्र भन्दा माथिल्लो समितिहरूबाट चयन भएका प्रतिनिधिहरू महाधिवेशनका सदस्य हुने छन्।

(४) राष्ट्रिय महाधिवेशनले केन्द्रीय समितिको निर्वाचन गर्नेछ।

(५) राष्ट्रिय महाधिवेशनले पार्टीसंग सम्बन्धित विभिन्न विषयमा प्रस्तुत गरिएका दस्तावेज र प्रस्तावहरूमाथि छलफल गरी पारित गर्नेछ।

(६) राष्ट्रिय महाधिवेशनलेविधान संशोधन गर्न सक्ने छ र विशेष परिस्थितिवश केन्द्रीय समिति वा कार्यकारिणी समितिबाट विधानमा गरिएको संशोधन राष्ट्रिय महाधिवेशनबाट अनुमोदन गराउनु पर्नेछ।

(७) महाधिवेशन पर्यवेक्षक:- विभिन्न भातृसंगठन, शुभेच्छुक संगठन र अन्य विशिष्ट व्यक्तित्त्वबाट प्रतिनिधित्व हुनेगरी महाधिवेशनमा पर्यवेक्षकहरूको सहभागिता रहने छ। पर्यवेक्षकलाई मताधिकार हुने छैन।

(८) महाधिवेशन प्रत्येक ५ वर्षमा हुने छ तर विशेष कारणवश तोकिएको समयमा हुन नसकेमा अधिकतम् ६ महिना सम्म थप गर्न सकिने छ।

(९) केन्द्रीय समिति महाधिवेशनको आयोजक हुनेछ।

१३. सङ्घीय परिषद:

(१)पार्टीको एक सङ्घीय परिषद रहने छ। यो दुई महाधिवेशन बीचको सर्वोच्च अंग हुने छ र महाधिवेशनप्रति उत्तरदायी हुने छ।

(२) पार्टी एकीकरणको बेला समायोजन गरिएका सदस्यहरू र तोकिएका निकायका पदेन अध्यक्षरसदस्यहरू यसका सदस्य रहने छन्।

(३) यसको अधिकतम संख्या ११०१ हुने छ।

(१४) सङ्घीय परिषदको अधिकार र कर्तव्य:

(१) केन्द्रिय समितिले प्रस्तुत गरेका प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

(२) केन्द्रिय समितिको कार्यको मूल्यांकन गरी केन्द्रिय समितिलाई आवश्यक सुझाव र निर्देशन दिने।

(३) समसामयिक विषयहरूमा पार्टीको नीति तय गर्ने तथा राजनीतिक प्रतिवेदन एवम् प्रस्ताव पारित गर्ने।

(४) पार्टीको कामको आवधिक समीक्षा र पार्टी संचालनको लागि नीति निर्माण गर्ने। तोकिएको अन्य कार्य गर्ने।

(५) तोकिएको अन्य काम गर्ने।

१५ केन्द्रीय समिति

(१) पार्टीको केन्द्रीय कार्यकारिणी समितिले क्षेत्रीय, सामुदायिक, लैङ्गिक सन्तुलन र वर्तमान संगठनको वस्तुस्थितिलाई मद्देनजर राख्दै उपयुक्त संख्या तोकी केन्द्रीय समितिको गठन गर्नेछ।

(२) केन्द्रीय समितिको बैठक कम्तीमा ६ महिनामा १ पटक बस्ने छ।

(३) केन्द्रीय समितिको बैठक अध्यक्षको निर्देशनबाट बोलाईने छ।

(४) केन्द्रीय समितिको बैठक विशेष कारणबस आवश्यक भएको उल्लेख गर्दै केन्द्रीय समितिको २५ प्रतिशत वा सो भन्दा बढी केन्द्रीय सदस्यले अध्यक्षलाई लिखित आग्रह गरेमा अध्यक्षले १५ दिनभित्र केन्द्रीय समितिको बैठक बोलाउनु पर्नेछ।

१६. केन्द्रीय समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ:

(१) केन्द्रीय समिति महाधिवेशनप्रति उत्तरदायी हुने छ।

(२) महाधिवेशनद्वारा पारित नीति, निर्णयहरू कार्यान्वयन गर्दै पार्टीको उद्देश्य प्राप्तिका लागि केन्द्रीय समितिले समसामयिक विषय र परिस्थितिको विश्लेषण गरी पार्टीलाई आगाडि बढाउन रणनीति, कार्यनीति र कार्यक्रम तयार गर्नेछ र मातहतका निकायलाई सोही अनुसार गर्न गराउन निर्देशन दिने छ।

(३) पार्टीको आचार संहिता पालना गराउने र अनुशासन कायम राख्न आवश्यक निर्देशन दिने।

(४) केन्द्रीय समितिले पार्टीको विभिन्न कार्यक्रम संचालन र रेखदेखको लागि आवश्यकता अनुसार बिभिन्न विभागहरूको गठन गर्नेछ।

(५) केन्द्रीय समितिले आवश्यकतानुसार पार्टीलाई आवश्यक पर्ने समिति र उपसमिति, समन्वय समिति र आयोगहरू गठन गर्न सक्ने छ।

(६) केन्द्रीय समितिले पार्टीको मुखपत्र लगायत आवश्यक सामग्रीहरू प्रकाशन गर्ने गराउने।

(७) अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध बिस्तार गर्ने।

(८) पार्टीको स्थानीय समिति तथा भातृसंगठन/जनवर्गीय संगठनहरूलाई आवश्यक निर्देशन दिने तथा तिनीहरूको कार्यको अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन गर्ने।

(९) केन्द्रीय सल्लाहकार समिति, विज्ञ परिषद्, अनुशासन आयोग, निर्वाचन आयोग र लेखा परिक्षण आयोगका सचिवहरू केन्द्रीय समितिका पदेन सदस्य हनेछन्।

(१०) केन्द्रीय समिति विधानको तथा नियामवलीको व्याख्या गर्ने सर्वोच्च निकाय हुने छ।

१७.केन्द्रिय राजनीतिक समिति:

(१) पार्टीको समसामयिक विषयमा महत्त्वपूर्ण नीतिगत निर्णय गर्न १०१ सदस्यीय केन्द्रिय राजनीतिक समिति हुने छ।

(२) केन्द्रीय समिति नवसेको वा वस्न नसकेको अवस्थामा केन्द्रीय समितिको अधिकार यस समितिले प्रयोग गर्नेछ।

(३) यस समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नु पर्ने छ।

(४) यस समितिद्वारा भएका निर्णयहरू केन्द्रीय समितिको बैठकबाट अनुमोदन गराउनु पर्ने छ।

(५) केन्द्रीय सल्लाहकार समिति, विज्ञ परिषद्, अनुशासन आयोग, निर्वाचन आयोग र लेखा परिक्षण आयोगका प्रमुखहरू राजनीतिक समितिको पदेन सदस्य हुनेछन्।

१८. केन्द्रीय कार्यकारिणी समिति:

(१) पार्टीद्वारा तत्काल सम्पादन गर्नु पर्ने विषयमा निर्णय गर्नु केन्द्रिय कार्यकारिणी समितिको प्रमुख कार्यभार हुने छ।

(२) केन्द्रियकारिणी समिति ५१ सदस्यीय हुने छ।

(३) केन्द्रीय कार्यकारिणी समितिको बैठक १५ दिनमा एक पटक बस्ने छ।

(४) केन्द्रिय समिति र केन्द्रिय स्थायी समिति तत्काल बस्न नसक्ने अवस्था भएमा ती समितिका सबै कार्य यसै समितिबाट हुने छ।

(५) पार्टीको कार्य संचालन गर्न आवश्यक देखिएमा केन्द्रिय कार्यकारिणी समितिले आफ्नो समितिको संख्याको एक तिहाईसम्म सदस्य राखी केन्द्रिय सचिवालय गठन गर्न सक्ने छ। केन्द्रीय कार्यालयको व्यवस्थापन लगायतका आवश्यक कार्य सचिवालयले गर्नेछ।

(६) यस विधानमा आवश्यकता अनुसार थपघट वा संशोधन गर्ने अधिकार केन्द्रिय कार्यकारिणी समितिलाई हुने छ। तर, यस्तो थपघट वा संशोधन सम्बन्धित समितिबाट अनुमोदन गराउनु पर्नेछ।

१९. केन्द्रीय पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

(१) सङ्घीय परिषद अध्यक्षको काम, कर्तव्य र अधिकार।

(क) सङ्घीय परिषद्को अध्यक्षको हैसियतमा पार्टी कामको नेतृत्व गर्ने,

(ख) पार्टीको केन्द्रीय सल्लाहकार समिति, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखापरीक्षण आयोग, केन्द्रीय निर्वाचन आयोग तथा केन्द्रीय विज्ञ परिषद् लगायत सबै सङ्घीयरकेन्द्रीय निकायहरूको संयोजन गर्ने,

(ग) पार्टीको नीति निर्माणमा भूमिका निर्वाह गर्ने,

(घ) राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध र प्रतिष्ठा बढाउन आवश्यक पहल गर्ने,

(ङ) देशमा विभिन्न राजनीतिक दलहरूबिच सहकार्य र ध्रुवीकरणको पहल गर्ने,

(च) पार्टी एकतालाई मजबुत बनाउन पार्टीभित्रका समस्याहरू समाधान गर्न पहल गर्ने,

(छ) पार्टीका नीति निर्णयहरू कार्यान्वयनको समन्वय, निरीक्षण र अनुगमन गर्ने,

(ज) पार्टीका विभिन्न निकायहरूबिच नियन्त्रण र सन्तुलन कायम गर्ने,

(झ) विधान अन्तर्गतका आवश्यक अन्य कार्यहरू गर्ने।

(२) केन्द्रीय समितिकोअध्यक्षको काम, कर्तव्य र अधिकार,

(क) केन्द्रीय समितिको अध्यक्षको हैसियतमा पार्टी कामको नेतृत्व गर्ने,

(ख) पार्टीका बैठकहरूमा कार्यसूची प्रस्तुत गर्ने, नीति निर्माणमा भूमिका खेल्ने र पार्टी निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(ग) आफूमा निहीत अधिकार सहअध्यक्ष तथा उपाध्यक्षहरूमा प्रत्यायोजन गर्ने,

(घ) मुख्य प्रवक्ताको रूपमा पार्टीको प्रतिनिधित्व गर्ने तथा आवश्यकता परे पार्टीका पदाधिकारीहरू मध्येबाट प्रवक्ता तोक्ने,

(ङ) पार्टीको तर्फबाट राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यकता अनुसार प्रतिनिधित्व गर्ने र गर्न लगाउने,

(च) मातहतका समितिहरूलाई परिचालन तथा आवश्यक निर्देशन दिने,

(छ) केन्द्रीय निकायहरू र केन्द्रीय स्तरबाट सम्पन्न हुने कामहरूको समन्वय, निरीक्षण र अनुगमन गर्ने,

(ज) केन्द्रीय समितिका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने।

(झ) विधान अन्तर्गतका आवश्यक अन्य कार्यहरू गर्ने।

(३) वरिष्ठ नेताको काम, कर्तव्य र अधिकार,

(क) पार्टीको तर्फबाट तोकिएका केन्द्रीय विभागका कामहरूको समन्वय र अनुगमन गर्ने,

(ख) पार्टी एकतालाई मजबुत बनाउन पार्टीभित्रका समस्याहरू समाधान गर्न पहल गर्ने,

(ग) पार्टीले दिएका जिम्मेवारी पुरा गर्ने,

(घ) पार्टीका नीति निर्णयहरू कार्यान्वयनको समन्वय, निरीक्षण र अनुगमन गर्ने,

(ङ) विधान अन्तर्गतका आवश्यक अन्य कार्यहरू गर्ने।

(४) सह अध्यक्षको काम, कर्तव्य र अधिकार,

(क) पार्टीको दैनिक कार्य सञ्चालनमा अध्यक्षलाई सहयोग गर्ने र अध्यक्षको अनुपस्थितिमा अध्यक्षको अधिकार र कर्तव्यहरूको प्रयोग र पालना गर्ने,

(ख) पार्टीको तर्फबाट तोकिएका केन्द्रीय संयन्त्रका कामहरूको समन्वय र अनुगमन गर्ने,

(ग) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले दिएको जिम्मेवारी पुरा गर्ने, ।

(घ) विधान अन्तर्गतका आवश्यक अन्य कार्यहरू गर्ने।

(५) वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरूको काम, कर्तव्य र अधिकार

(क) अध्यक्ष र सहअध्यक्षको काममा सहयोग गर्ने,

(ख) अध्यक्ष र सहअध्यक्षको अनुपस्थितिमा अध्यक्ष र सहअध्यक्षको अधिकार र कर्तव्यहरू प्रयोग र पालना गर्ने,

(ग) विभिन्न प्रदेशका कामहरूको समन्वय र अनुगमन गर्ने,

(घ) पार्टीका केन्द्रीय विभाग तथा संयन्त्रका कामहरूको जिम्मेवारी बहन गर्ने,

(ङ) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले तोकेका अन्य कामहरू गर्ने।

(६) महासचिवको काम, कर्तव्य र अधिकार,

(क) अध्यक्षको परामर्शमा महाधिवेशन, सङ्घीय परिषद्, केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिको बैठक बोलाउने,

(ख) महाधिवेशन, सङ्घीय परिषद्, केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिको बैठक सञ्चालन गर्ने,

(ग) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

(घ) पार्टीको संगठनात्मक कामहरूकोसमन्वय गर्ने काममा प्रमुख भुमिका निर्वाह गर्ने,

(ङ) केन्द्रीय कार्यालय सञ्चालनका लागि तोकिएका उपमहासचिव, सचिव, कोषाध्यक्ष, प्रचार विभाग प्रमुख लगायत आवश्यक सदस्यहरूको कार्यालय व्यवस्थापन समिति गठन गर्ने,

(च) पार्टीका सबै किसिमका अभिलेखहरू राख्ने र राख्न लगाउने,

(छ) पार्टी सङ्गठन र जनसङ्गठनका कामलाई चुस्त दुरूस्त, प्रभावकारी, गतिशील, अनुशासित र व्यवस्थित गर्न आवधिक रूपमा सङ्गठनात्मक कार्य योजना प्रस्तुत गर्ने।

(ज) माथिल्ला समितिहरूका आवश्यक निर्णय र निर्देशनहरूलाई तलका समितिहरूमा प्रवाहित गर्ने र तलका समितिका रिपोर्ट प्राप्त गरी व्यवस्थित बनाउने,

(झ) आफूमा निहीत अधिकार उपमहासचिव तथा सचिवहरूमा प्रत्यायोजन गर्ने,

(ञ) केन्द्रीय समितिले तोकेको अन्य कार्यहरू गर्ने,

(७) उपमहासचिवको काम, कर्तव्य र अधिकार,

(क) पार्टीको महासचिवलाई सहयोग गर्ने र महासचिवको अनुपस्थितिमा महासचिवको अधिकार र कर्तव्यहरूको प्रयोग र पालन गर्ने,

(ख) कार्यालय व्यवस्थापन, पार्टी सङ्गठन, जनसङ्गठन र केन्द्रीय विभागको जिम्मेवारी बहन गर्ने,

(ग) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले तोकेका अन्य कामहरू गर्ने,

(८) सचिवको काम, कर्तव्य र अधिकार,

(क) महासचिव र उपमहासचिवहरूको काममा सहयोग गर्ने,

(ख) केन्द्रीय कार्यालय, पार्टी सङ्गठन, जनसङ्गठन तथा केन्द्रीय विभागका कामहरूको जिम्मेवारी बहन गर्ने,

(ग) केन्द्रीय समितिले दिएको जिम्मेवारी बहन गर्ने,

(घ) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले तोकेका अन्य कामहरू गर्ने,

(९) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) केन्द्रीय कोषको संरक्षण र सम्वर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने,

(ख) केन्द्रीय कोषको निर्माण तथा व्यवस्थापनको योजना बनाउने र त्यसलाई केन्द्रीय समितिबाट पारित गराई लागु गर्ने,

(ग) पार्टी कोषको सञ्चालन गर्ने,

(घ) आय स्रोतहरूको सङ्कलन, परिचालन विस्तारका साथै केन्द्रीय समितिले तोके

क्रमश: पृष्ठ ५ मा

# जनता...

बमोजिमको बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने,

(ङ) नियमानुसार लेखा परीक्षण गराउने,

(च) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले तोकेका अन्य कामहरू गर्ने ।

२०. केन्द्रिय सल्लाहकार समिति:

(१) केन्द्रीय सल्लाहकार समितिको गठन केन्द्रीय समितिबाट हुने छ । यो समिति केन्द्रीय समितिप्रति उत्तरदायी रहने छ ।

(२) यसका सदस्यहरूको मर्यादाक्रम केन्द्रीय समिति सदस्य सरह हुने छ ।

(३) यस समितिले पार्टीको नीति निर्माण, कार्यान्वयन ,संगठनात्मक आवश्यकता लगायत पार्टीको हितमा केन्द्रीय समितिलाई आवश्यक सल्लाह र सुझाव प्रस्तुत गर्नेछ ।

(४) पार्टीको आम गतिविधि बारे राय-सुझावसहितको समीक्षात्मक टिप्पणीहरू पेश गर्न सक्ने छ ।

२२.केन्द्रीय विज्ञ परिषद:

(१) पार्टीको नीति निर्धारण सहितको कार्यमा सहयोग दिन बिभिन्न क्षेत्रका विषय( विज्ञहरू सम्मिलित केन्द्रिय विज्ञ परिषद हुने छ ।

(२) केन्द्रिय विज्ञ परिषदको गठन, विधि र काम कर्तव्य तथा अधिकार केन्द्रीय समितिले तोके बमोजिम हुने छ ।

२३. केन्द्रिय निर्वाचन आयोग:

(१) पार्टीको सबै तहको निर्वाचन व्यवस्थित रूपमा सम्पन्न गर्न गराउन केन्द्रिय समितिले केन्द्रिय निर्वाचन आयोग गठन गर्नेछ ।

(२) यसको काम, कर्तव्य र अधिकार केन्द्रिय समितिबाट तोकिए बमोजिम हुने छ ।

२४.केन्द्रिय अनुशासन आयोग:

(१) केन्द्रिय अनुशासन आयोगको गठन, विधि र काम कर्तव्य तथा अधिकार केन्द्रीय समितिले तोके बमोजिम हुने छ ।

(२) केन्द्रिय अनुशासन आयोग केन्द्रिय महाधिवेशनप्रति जिम्मेवार हुने छ ।

(३) यसको प्रमुख कार्य केन्द्रिय कार्यकारिणीले गरेको अनुशासनको कारबाहीमाथ परेको पुनरावेदन हेर्नु हुने छ ।

२५. केन्द्रिय लेखापरीक्षण आयोग:

(१) पार्टीभित्रको लेखा परीक्षण सम्बन्धी सम्पूर्ण कार्य सम्पादन गर्न गराउन केन्द्रिय लेखा परीक्षण आयोग हुने छ ।

(२) केन्द्रिय लेखा परीक्षण आयोगको गठन, विधि र काम कर्तव्य तथा अधिकार केन्द्रीय समितिले तोके बमोजिम हुने छ ।

(३) केन्द्रिय लेखा परीक्षण आयोग केन्द्रिय महाधिवेशनप्रति जिम्मेवार हुने छ ।

२६. भातृ र जनवर्गीय सङ्घठनहरू:

(१) पार्टीको नीति, विचार र सिद्धान्त कार्यान्वयनका लागि विभिन्न वर्ग, पेसा र समुदायहरूमा भातृ जनवर्गीय सङ्घगठनहरू निर्माण र सञ्चालन गरिने छ ।

(२) भातृ, जनवर्गीय सङ्घ(संगठनहरू वैचारिक र राजनीतिक रूपले पार्टीसँग आबद्ध र सङ्गठनात्मक रूपमा स्वायत्त हुने छन् ।

(३) प्रत्येक भातृ, जनवर्गीय सङ्घ-संगठनहरूले पार्टीको सम्बन्धित तहसँग समन्वय गरी आफ्नो विधान अनुरूप समयभित्रै सङ्घीय तहमा राष्ट्रिय सम्मेलन तथा प्रदेश तथा स्थानीय तहमा सम्मेलन गर्नुपर्ने छ ।सबै तहका भातृ, जनवर्गीयसङ्घ(संगठनहरू तथा पार्टी निकटका सङ्घ संस्थाहरूलाई पार्टी नीति अनुरूप सञ्चालन गर्न भातृ, जनवर्गीयसङ्घ(संगठनहरूका पदाधिकारी र आवश्यक व्यक्तिहरू रहेको संयन्त्र गठन गरिने छ ।

(४) संयन्त्रहरूको बैठक इन्चार्जकै अध्यक्षतामा हुने छ र त्यस्तो संयन्त्रहरूलाई सम्बन्धित तहको पार्टी समितिले सञ्चालन गर्ने छ ।

(५) संयन्त्रका सदस्यहरूको स्तर केन्द्रीय समितिले तोके बमोजिम हुने छ ।

२७. विभागहरू:

(१) पार्टीको सङ्घीय र प्रादेशिक तहमा सम्बन्धित समितिको निर्णयानुसार विभागहरू गठन गर्न सकिने छ । यस्ता विभागहरू पार्टी सङ्गठन र राजकीय मामलासँग सम्बन्धित हुने छन्।

(२) स्थानीय तहमा पनि आवश्यकतानुसार विभागहरू गठन गर्न सकिने छ ।

(३) विभाग अन्तर्गत आवश्यकता अनुसार विभिन्न डेस्कहरू राख्न सकिने छ ।

(४) विभागको काम, कर्तव्य र अधिकार केन्द्रीय समितिले व्यवस्था गरे बमोजिम हुने छ ।

२८.इन्चार्ज र सहइन्चार्जहरू:

(१) विभिन्न तहका पार्टी समितिहरूले मातहतका समितिहरू तथा भातृ, जनवर्गीयसङ्घ( संगठनहरूमा आफ्नो प्रतिनिधिको रूपमा आवश्यकता अनुसार ईन्चार्ज र सहइन्चार्ज खटाउन सक्ने छ ।

(२) त्यस्ता इन्चार्ज र सहइन्चार्जहरूको मुख्य काम पार्टी प्रतिनिधिको रूपमा मातहत समितिमा पार्टी धारणा स्पष्ट पार्नु, पार्टीको निर्देशन कार्यान्वयनमा समितिहरूको बिचमा समन्वयकारी भूमिका निर्वाह गर्नु र मातहत समितिको सुझाव माथिल्लो समितिमा प्रस्तुत गर्नु हुने छ ।

(३) प्रदेश र महानगरपालिका स्तरका लागि केन्द्रीय कार्यकारिणी समिति र स्थानीय तह जिल्ला, उपमहानगर/नगरपालिका/गा.पा. आदिका लागि प्रदेश समितिले इन्चार्ज वा सहइन्चार्ज तोक्न सक्ने छ ।

परिच्छेद-५

२१. संसदीय दल:

(१) जनता समाजवादी पार्टीको तर्फबाट प्रतिनिधित्त्व गर्ने सांसदहरूको सङ्घीय संसदमा सङ्घीय संसदीय दल र प्रदेशसभाहरूमा प्रदेशसभा संसदीय दल हुने छ ।

(२) पार्टीको सङ्घीय संसदीय दल र प्रदेशसभा संसदीय दलहरूको आ(आफ्नो विधान हुने छ ।

(३) सङ्घीय संसदीय दलको विधान पार्टीको कार्यकारिणी समितिबाट र प्रदेशसभा संसदीय दलको विधान प्रदेश समितिबाट अनुमोदित हुनु पर्नेछ ।

परिच्छेद-६

प्रदेश समिति र प्रादेशिक निकायहरू

२९. पार्टीका प्रादेशिक निकायहरू: पार्टीका प्रादेशिक निकायहरू देहाय बमोजिम रहने छन्

१.प्रदेश अधिवेशन

२.प्रदेश परिषद्

३.प्रदेश समिति

४.पहिचानमा आधारित प्रादेशिक संरचनाहरू

५.प्रदेश सल्लाहकार समिति

६.प्रदेश विज्ञ परिषद्

७.प्रादेशिक आयोगहरू

३०. प्रदेश अधिवेशन: प्रदेश अधिवेशन प्रदेशको सर्वोच्च निकाय हुने छ । यसको आयोजना प्रदेश समितिद्वारा सामान्यत: ४/५ वर्षमा गरिने छ । प्रदेश अधिवेशनका निम्ति प्रतिनिधि चयन, त्यसको अनुपात, निर्वाचन प्रक्रिया प्रदेशसभा निर्वाचन क्षेत्रका आधारमा प्रदेश समितिले निश्चित गर्ने छ । प्रदेश अधिवेशनमा सम्बन्धित प्रदेशभित्रका पहिचानमा आधारित राष्ट्रिय समिति, जिल्ला समन्वय समिति, स्वायत, संरक्षित र विशेष क्षेत्र समिति तथा निर्वाचन क्षेत्र समन्वय समिति र प्रदेशका जनसङ्गठनहरूको प्रतिनिधि रहने छन् । कुल निर्वाचित प्रतिनिधिको १० प्रतिशतमा नबढाई प्रदेश समितिले प्रदेश अधिवेशनका प्रतिनिधित्व हुन नसकेका समुदाय महिला, शिल्पी(दलित) अल्पसङ्ख्यक तथासीमान्तकृत समुदायका प्रतिनिधिहरूको मनोनयन गर्न सक्ने छ ।

३१. प्रदेश अधिवेशनका काम, कर्तव्य र अधिकार: प्रदेश अधिवेशनले आफनो क्षेत्राधिकारभित्र यसै विधानमा उल्लेख भएको महाधिवेशनले गर्ने भनी उल्लेख भएका सम्पूर्ण काम गर्नेछ ।

३२. प्रदेश परिषद: प्रदेश परिषद तोकिए बमोजिम गठन गरिने छ ।

३३. प्रदेश समिति: (१) प्रदेश समिति दुई प्रदेश अधिवेशनबिचको प्रमुख कार्यकारी निकाय हुने छ । केन्द्रीय समिति र प्रदेश समितिको सम्बन्ध सहयोगात्मक र समन्वयात्मक हुने छ । केन्द्रीय समितिको क्षेत्राधिकारभित्रका कामहरूमा गरिएको निर्देशन पालना गर्नु प्रदेश समितिको कर्तव्य हुने छ । यो समिति, प्रदेश अधिवेशनप्रति उत्तरदायी रहने छ ।

(२) प्रदेश समितिमा अध्यक्ष-१, उपाध्यक्ष-५, मुख्य सचिव-१, सचिव- ३, कोषाध्यक्ष-१ समेत निर्वाचित, मनोनित र पदेन सदस्य गरी ९९ जनासम्म हुने छ । पहिचानमा आधारित राष्ट्रिय समितिका अध्यक्ष प्रदेश समितिको पदेन सदस्य हुने छ । समावेशी प्रतिनिधित्वको प्रयोजनका लागि अधिवेशनबाट निर्वाचित कुल सदस्य सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश समितिले मनोनित गर्न सक्नेछ ।

३४. प्रदेश समितिका काम, कर्तव्य र अधिकार:

(१) समितिका पदाधिकारीहरूको कार्यकारिणी समिति गठन गर्ने ।

(२) प्रदेश सल्लाहकार समिति, प्रदेश अनुशासन आयोग, प्रदेश लेखा परीक्षण आयोग, प्रदेश विज्ञ परिषद्तथा प्रदेश निर्वाचन आयोगका प्रमुख तथा सदस्यहरू चयन गर्ने छ ।

(३) आवश्यकतानुसार तोकिए बमोजिम प्रादेशिक विभाग र संयन्त्र एवम् कार्यदलहरू गठन गर्ने र तिनीहरूको अधिकार तथा कर्तव्य तोक्ने ।

(४) आवश्यकता अनुसार प्रादेशिक तहमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

(५) प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूको कार्य विभाजन गर्ने ।

(६) महाधिवेशन र प्रदेश अधिवेशनका निर्णयहरू कार्यान्वयन गर्न योजना बनाउने ।

(७) आफ्नो समितिको नियमित बैठकका साथै विधान बमोजिम प्रदेश अधिवेशन आयोजना गर्ने ।

(८) तोकिएको प्रक्रिया तथा मापदण्ड बमोजिम पार्टी सदस्यता प्रदान गर्ने तथा केन्द्रमा अभिलेख पठाउने ।

(९) प्रदेश अधिवेशन तथा बैठकका लागि आवश्यक दस्तावेजहरू तयार गर्ने ।

(१०) प्रादेशिक मुखपत्र लगायत आवश्यक सामग्रीको सम्पादन र प्रकाशन गर्ने,

(११) तोकिए बमोजिम पार्टी कोषको सञ्चालन गर्ने ।

(१२) जनसङ्गठनहरूको प्रादेशिक संयन्त्रहरू गठन गर्ने र तिनीहरूको कामको सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने ।

(१३) प्रदेश सरकार, संसद तथा स्थानीय तह सञ्चालन सम्बन्धी नीति निर्माण र परिचालन गर्ने ।

(१४) मातहतका समिति तथा विभागहरूको कामको समन्वय, अनुगमन र निरिक्षण गर्ने ।

(१५) पार्टी एकता र हितमा खलल पर्ने मातहत समितिका निर्णयहरूको पुनरावलोकन गर्ने र आफ्नो जिम्मेवारी पुरा नगर्ने समितिलाई आवश्यक कारबाही गर्नेरगराउने ।

(१६) मातहत समितिलाई विधान बमोजिम आर्थिक दायित्व र लेवी तोक्ने तथा तोकिए बमोजिमको हिस्सा केन्द्रमा पठाउने।

(१७) प्रदेश समिति र प्रादेशिक निकायका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने ।

(१८) राजिनामा गरी वा निधन भई वा अनुशासनको कारबाहीमा परी प्रदेश समितिका कुनै सदस्यको पद रिक्त हुन आएमा अर्को निर्वाचन नभए सम्मका लागि सो पदपूर्ति गर्ने ।

(१९) पार्टी हित विपरीत कार्य गर्ने तथा पार्टी विधानको उल्लङ्घन गर्ने प्रदेश समिति तथा प्रादेशिक निकायका पदाधिकारी र सदस्यहरूमाथि कारवाही गर्ने।

(२०) प्रदेशभित्रका प्रशासनिक कामहरूको समन्वय गर्ने।

(२१) विधानमा तोकिएका अन्य कामहरू गर्ने ।

३५.प्रादेशिक कार्यकारिणी समिति काम कर्तव्य र अधिकार:

प्रदेश समितिको कार्यकारिणी समिति र पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार आ-आफ्नो प्रदेशको क्षेत्राधिकारभित्र रही केन्द्रीय समितिको कार्यकारिणी समिति र पदाधिकारीहरूका हकमा तोकिए अनुरूप हुने छ । साथै केन्द्रीय समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र कोषाध्यक्षले प्रयोग गर्ने काम, कर्तव्य र अधिकार आफ्नो कार्य क्षेत्रभित्र प्रदेश समितिका अध्यक्ष, उपाध्यक्ष, मुख्य सचिव,सचिव र कोषाध्यक्षले प्रयोग गर्ने छन्।

३६. प्रदेश सल्लाहकार समिति: प्रदेश सल्लाहकार समिति प्रदेश समितिले गठन गर्नेछ र यो समिति प्रदेश समितिप्रति उत्तरदायी हुने छ । सल्लाहकार मितिको प्रमुख प्रदेश कार्यकारिणी समिति र प्रदेश समितिको पदेन सदस्य हुने छ । यसका सदस्यहरूको मर्यादा प्रदेश समितिका सदस्य सरह हुने छ । प्रदेश सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार आफ्नो क्षेत्राधिकारभित्र केन्द्रीय सल्लाहकार समितिले प्रयोग गर्ने अधिकार सरह हुने छ ।

३७. प्रदेश विज्ञ परिषद: प्रदेश विज्ञ परिषद् प्रदेश समितिप्रति उत्तरदायी हुने छ । यस समितिको प्रमुख प्रदेश कार्यकारिणी समिति र सचिव प्रदेश समितिको पदेन सदस्य हुने छ । यसका सदस्यहरूको मर्यादा प्रदेश समितिका सदस्य सरह हुने छ । प्रदेश विज्ञ परिषद्को काम, कर्तव्य र अधिकार आफ्नो क्षेत्राधिकारभित्र केन्द्रीय विज्ञ परिषद्लेप्रयोग गर्ने अधिकार सरह हुने छ ।

३८. प्रादेशिक आयोगहरू: प्रदेश स्तरको काम सम्पन्न गर्न प्रादेशिक अनुशासन आयोग, लेखापरीक्षण आयोग र निर्वाचन आयोग रहने छन् । प्रदेशको क्षेत्राधिकारभित्र ती आयोगहरूले सङ्घीय आयोगको कामसँग नबाझिने गरी सोही बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने छन्।

३९. पहिचानमा आधारित प्रादेशिक संरचना:

(१) पहिचानमा आधारित प्रादेशिक संरचनाको रूपमा पार्टीमा राष्ट्रिय समितिहरू हुने छन्।

(२) पहिचानमा आधारित प्रादेशिक संरचनाहरू लिम्बुवान राष्ट्रिय समिति, किरात राष्ट्रिय समिति, मधेस राष्ट्रिय समिति, शेर्पालुङ्ग, राष्ट्रिय समिति, नेवा: राष्ट्रिय समिति, ताम्सालिङ राष्ट्रिय समिति, तमुवान राष्ट्रिय समिति, मगरात राष्ट्रिय समिति, थरूहट राष्ट्रिय समिति, खसान राष्ट्रिय समिति र शिल्पी विशेष प्रदेश समिति हुने छन्। शिल्पी/दलित प्रदेश समिति बाहेक सबै पहिचानमा आधारित राष्ट्रिय समितिहरूमा जिल्ला समन्वय समितिका अध्यक्षहरू, सम्बन्धित प्रदेश समितिले तोकेका प्रदेशका सदस्यहरू,सम्बन्धित राष्ट्रिय समितिभित्रका विशेष संरचनाका अध्यक्षहरू तथा समितिले आफ्नो कुल सदस्य सङ्ख्याको १५ प्रतिशतभन्दा बढी नहुने गरी मनोनित गरेका सदस्यहरू रहने छन् । पार्टी एकीकरणको प्रयोजनका लागि सदस्यहरू थप गर्न सकिने छ । यस समितिले अध्यक्ष-१, उपाध्यक्ष-३, मुख्यसचिव- १, सचिव-३, कोषाध्यक्ष-१ निर्वाचित गर्ने छ ।

(३) यस सम्बन्धी अन्य व्यवस्था पार्टी केन्द्रीय समिति तोके बमोजिम हुने छ ।

(४) पहिचानमा आधारित राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने छन्(

(क) समितिका पदाधिकारीहरूको कार्यकारिणीसमिति गठन गर्ने ।

(ख) पदाधिकारी तथा सदस्यहरूको कार्य विभाजन गर्ने,

(ग) मातहतका समितिहरू परिचालन गर्ने तथा आवश्यकतानुसार विभाग र संयन्त्र गठन गर्ने ।

(घ) आफ्नो कार्य क्षेत्रमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ङ) केन्द्र र प्रदेश समितिका निर्णयहरू कार्यान्वयन गर्न योजना बनाउने,

(च) तोकिएको प्रक्रिया तथा मापदण्ड बमोजिम पार्टी सदस्यता प्रदान गर्न स्थानीय तहबाट सिफारिस भई आएका उपर राय सहित प्रदेश समितिमा पठाउने ।

(छ) आफ्नो मुखपत्र लगायत आवश्यक सामग्रीको सम्पादन र प्रकाशन गर्ने,

(ज) तोकिए बमोजिम पार्टी कोषको सञ्चालन गर्ने,

(झ) आफ्नो समितिका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने,

(ञ) पहिचान र अधिकारसँग सम्बन्धित राष्ट्रिय आन्दोलन सञ्चालन गर्ने,

(ट) विधानमा तोकिएका अन्य कामहरू गर्ने,

(५) पहिचानमा आधारित प्रादेशिक संरचना दुईभन्दा बढी प्रदेशमा विभाजित भएमा राष्ट्रिय समन्वय समिति गठन गरी पदाधिकारी चयन गरिने छ । विभाजित संरचनामा १ जना संयोजक तोकिने छ ।

४०. गैरभोगोलिक विशेष प्रदेश समिति: विभिन्न जिल्लाहरूबाट नेवा: प्रदेशमा आई बसोबास गर्ने पार्टी सदस्यहरूलाई परिचालन गर्न एक गैरभौगोलिक विशेष प्रदेश समिति हुने छ । यस समिति मातहत बौद्धिक पेसाकर्मी, मजदूर, विद्यार्थी र सम्पर्क विशेष जिल्ला समितिहरू रहने छन्। विशेष जिल्ला समितिको काम, कर्तव्य र अधिकार जिल्ला समन्वय समिति सरह हुने छ । यस समितिले ३ नम्बर प्रदेश समिति र नेवा: राष्ट्रिय समितिसँग समन्वय गरी काम गर्नुपर्ने छ । यस सन्दर्भमा थप व्यवस्था केन्द्रीय समितिले तोके बमोजिम हुने छ ।

४१. प्रवास विशेष समिति: प्रवासमा रहेका पार्टी सदस्यहरूबिच पार्टी कामलाई व्यवस्थित गर्न एक प्रवास विशेष समिति हुने छ । यस समितिको काम प्रवासमा रहेका नेपालीहरूबिच पार्टी विस्तार गर्नु हुने छ । यसको हैसियत प्रदेश समिति सरह हुने छ ।

यसका सन्दर्भमा थप व्यवस्था केन्द्रीय समिति तोके बमोजिम हुने छ ।

परिच्छेद-७

४२. विशेष संरचना तथा स्थानीय तहहरू: विशेष संरचनामा बन्ने जातीय, भाषिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचानमा आधारित स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रको गठन हुनेछ । मुस्लिम समुदायको समेत स्वायत्त संरचना बन्नेछ यि सबै संरचनाहरूको प्रक्रिया, साङ्गठानिक विषय तथा क्षेत्राधिकारका साथै यसको काम, कर्तव्य र अधिकार केन्द्रीय समितिले तोके बमोजिम हुने छ ।

४३. स्थानीय समितिहरू:

(१) स्थानीय समितिहरूलाई एक तहमाथिको समितिले सञ्चालन गर्नेछन् । सामान्यत: देशको राजनीतिक र प्रशासनिक ढाँचा अनुसार स्थानीय तहका समितिहरूको देहाय बमोजिम नामाकरण गरिने छ ।

(१) जिल्ला समन्वय समिति

(२) निर्वाचन क्षेत्र समन्वय समिति

(क) सङ्घीय (ख) प्रदेश सभा

(३) पालिका समिति

(क) गाउँपालिका

(ख) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका

(४) वडा समिति

(२) स्थानीय समितिहरूले आवश्यकता अनुसार सल्लाहकार समिति गठन गर्न सक्ने छन्।

४४. जिल्ला समन्वय समिति:

(१) जिल्लाभित्रका पालिकाहरूको कामको समन्वय गर्न तथा पार्टी सम्बन्धी बिभिन्न कार्यक्रमहरू संचालन गर्न प्रत्येक जिल्लामा आवश्यक सदस्य संख्या रहने गरी एक जिल्ला समन्वय समिति रहने छ ।

(२) जिल्ला समन्वय समितिले जिल्ला भित्र पार्टीका कार्यहरू सुचारू र व्यवस्थित रूपमा संचालन गर्न ५१ सदस्यीय जिल्ला समिति गठन गर्नेछ र जिल्ला समितिले १५ सदस्यीय जिल्ला कार्यकारिणी समिति गठन गर्नेछ । आवश्यकता अनुसार जिल्ला परिषद गठन गर्न सकिनेछ ।

(३) जिल्ला समन्वय समितिका अधिकार र कर्तव्य देहाय बमोजिम हुने छन,

१. आफूमध्येबाट अध्यक्ष १ उपाध्यक्ष ३, सचिव ३, उपसचिव १ तथा कोषाध्यक्ष १ चयन गर्ने,

२. जिल्ला अन्तर्गत रहेका पालिका समितिहरूको समन्वय गर्ने,

३. तोकिएको समयमा नियमित बैठक गर्ने, कामको योजना बनाउने र कार्यान्वयन गर्ने,

४. आफ्नो समितिका सदस्यहरूको कार्य विभाजन गर्ने,

५. समितिमा प्रतिनिधित्व हुन नसकेका लोपोन्मुख, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायहरू सहित कुल निर्धारित सदस्य सङ्ख्याको १५ प्रतिशतसम्म मनोनित गर्ने,

क्रमश: पृष्ठ ६ मा

## मधेश अपडेट

### निको भएर घर फर्किए २१ जना संक्रमित

नेपालगन्ज । बाँकेका २१ जना कोरोना संक्रमितहरू निको भएपछि अस्पतालबाट डिस्चार्ज भएका छन् । बाँकेको खजुरास्थित शुशिल कोइराला प्रखर क्यान्सर अस्पतालमा उपचार गराइरहेका २१ जनालाई शुक्रबार बिहान डिस्चार्ज गरिएको हो । कोरोनालाई जितेर घर फर्किनेहरूमा जिल्लाकै पहिलो कोरोना संक्रमित नेपालगन्ज उपमहानगरपालिका-८ का ६० वर्षका धर्मगुरू सहित रहेका छन् । 'आइसोलेसनमा उपचार गराइरहेका २८ जनामध्ये २१ जनामा पछिल्लो २४ घण्टाभित्र दुईपटक गरिएको पीसीआर टेस्ट नेगेटिभ आएपछि डिस्चार्ज गरिएको हो' आइसोलेसन अस्पतालका प्रमुख डा. प्रकाश थापाले भने, 'बाँकी ७ जनाको पनि स्वास्थ्य अवस्था सामान्य नै छ ।' उक्त अस्पतालमा बाँके र बर्दियाका २८ जनाले उपचार गराइरहेका छन् । कोरोना पोजेटिभ देखिंदैमा आत्तिनुनपर्ने र मनोबल उच्च बनाएमा कोरोनालाई जित्न सकिने डा. थापाले बताए । प्रदेश ५ मा यसअघि रूपन्देहीका पहिलो कोरोना संक्रमित कोटहीमाइ गाउँपालिकाका २५ वर्षका युवक पनि निको भएर घर फर्किसकेका छन् । ती युवा कोरोना अस्पतालमा रहँदा लोकगीतमा नाचेको भिडियो भाइरल बनेको थियो । कोरोना पोजेटिभ देखिए पनि आफूले निको हुन्छ भन्ने आत्मविश्वास लिएको उनले बताएका थिए ।

### प्रदेश सरकारद्वारा आरटी पिसिआर खरिद

जनकपुरधाम । कोरोना माहामारी रोकथाम , नियन्त्रणका लागि प्रदेश सरकारले वाचा गरे अनुरूप जनकपुर र राजविराजको लागि २ वटा पिसिआर मेसिन खरिद गरेर ल्याएको छ । मन्त्रिपरिषद्ले जनकपुर, विरगंज र राजविराजमा परीक्षण ल्याव संचालन गर्ने निर्णय गरे अनुरूप जनकपुर र राजविराजको लागि आरटि पिसिआर मेसिन खरिद गरेर ल्याएको छ । जनकपुर स्थित पशुरोग अन्वेशन प्रयोगशालामा आरटि पिसिआर मेसिन संचालनमा ल्याइने छ भने राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पतालको ल्याव संचालन गरिने भएको छ । दुबै ठाँउको लागि मेसिन ल्याई जडानको काम समेत शुरू भैसकेको छ । अगामी सोमबारदेखि दुबै आरटी पिसिआर संचालनमा आउने प्रादेशिक प्रयोगशालाका प्रमुख राम विनय साहले जनाकारी गराएका छन । उक्त मेसिनको क्षमता ४ घण्टामा ९६ जनाको परीक्षण गर्ने रहेको जनाइएको छ । विरगंज स्थित नारायणी उपक्षेत्रीय अस्पतालमा आरटी पिसिआर जडान भई यस अघि नै संचालनमा आइ सकेको छ ।

### कपिलवस्तुमा घरमै नमाज पढी ईद मनाइयो

इमरान खान, कपिलवस्तु । रमदान (रमजान) महिना सकिएको खुसियालीमा मुस्लिम समुदायले एकअर्कामा शुभकामना साटासाट गरी इदुलफित्र (ईद) मनाएका छन् । हिजरी संवतको रमदान महिनाभर (व्रत) बसेका इस्लाम धर्मावलम्बी सौव्वाल महिनाको पहिलो तारिखमा इद मनाउँछन् । चन्द्रमाको गतिका आधारमा तय गरिने ईद पर्व रमदान सकिएपछि शुरू हुने शुक्लपक्षमा पहिलोपटक चन्द्रमा देखिएपछि त्यसको भोलिपल्ट मनाउने परम्परा छ । फरक-फरक भूगोल विशेषमा ईदको दिन विगतदेखि नै फरक पर्दै आएको छ । तोकिएका क्षेत्रका मुख्य मौलाना ( धर्माधिकारी)ले चन्द्रमा देखिएको घोषणा गरेर भोलिपल्ट ईद मनाउन आह्वान गरेपछि पर्व मनाइने हुँदा कहिलेकहीँ फरक-फरक क्षेत्रमा दिन फरक पर्ने गरेको छ । ईद पर्वमा अल्लाह (भगवान) का नाममा विशेष नमाज (प्रार्थना) गर्ने इस्लाम परम्परा छ । ईदका दिन इस्लाम समुदायको मुख्य धार्मिक ग्रन्थ कुरान मोल्वी ( धर्मगुरू)ले वाचन गरेर सद्विचार र सत्कर्ममा रहन प्रेरित गर्छन् । धार्मिक परम्परामा यो मुख्य पर्व भएको हुँदा नयाँ लुगा लगाउने, सेवइ (गहुँको पिठोबाट बनाइएको खाद्यवस्तु) को खिर र मिष्ठान्न परिकार खाने-खुवाउने चलन छ ।

### डाक्टरहरूबीच हात हालाहाल

वीरगन्ज । वीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पताल र नेशनल मेडिकल कलेजमा कार्यरत् डाक्टरहरूको दुई समूहबीच विवाद हुँदा हात हालाहाल भएको छ । सामाजिक सञ्जालमा लेखेको स्टाटस र म्यासेजको विषयलाई लिएर भएको विवादमा नारायणी उपक्षेत्रीय अस्पतालमा कार्यरत जुनियर चिकित्सक डा. दीपक चौरसिया र नेशनल मेडिकल कलेजका डा. मधुरञ्जन सिंह पक्षबीच हात हालाहाल भएको हो । नारायणी अस्पतालका चिकित्सक बस्दै आएको टाउन हल क्वारेन्टाइन स्थलमै सिंह नेतृत्वको टोलीले विवाद गर्न पुगेका थिए । विवादको क्रममा सिंह नेतृत्वको टोलीको आक्रमणबाट नारायणी अस्पतालका चिकित्सक डा. दीपक चौरसिया सामान्य घाइते भएका थिए ।

### रौतहटमा पुन: ३५ जनामा कोरोना

रौतहट । रौतहटमा बुधवार पुन: ३५ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । जिल्लाको गौर, देवाही गोनाही, इशनाथ, कटहरिया र गढिमाई नगरपालिकामा नयाँ सक्रमित भेटिएका हुन् । ३५ जनामध्ये गौर नगरपालिकामा ८, ईशनाथ नगरपालिकामा १६, देवाहि गोनाही नगरपालिकामा २, कटहरिया नगरपालिकामा २ र गढिमाई नगरपालिकामा ७ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको रौतहटका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले बताएका छन् । संक्रमण पुष्टि भएका सबै जना हालै भारतको विभिन्न सहरबाट रौतहट आएको समेत प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए । संक्रमित सबैजना सम्बन्धित पालिकाले सञ्चालन गरेको क्वारेन्टीनमा बसिरहेका छन । संक्रमण पुष्टि भएकाहरूको सबैको स्वास्थ्य अवस्था सामान्य रहेको छ । केहि दिन अघि भारतबाट आएर क्वारेन्टाईनमा बसेका ११ सय १२ जनाको स्वाब संकलन गरी परिक्षणका लागि टेकु अस्पताल काठमाडौ पठाईएकोमा बुधवार ३५ जनाको रिपोर्ट पोजेटिभ आएको जिल्ला जन स्वास्थ्य कार्यालय प्रमुख कृष्ण साहले बताएका हुन् ।

### २१ जना संक्रमितले जिते कोरोनाविरूद्धको लडाइँ

वीरगन्ज । पर्सा जिल्लाका थप २१ जना कोभिड-१९ संक्रमितहरूले कोरोनालाई जितेका छन् । उनीहरू उपचारपछि घर फर्किएका हुन् । नारायणी कोभिड अस्पतालकै शाखाको रूपमा सञ्चालित गण्डक अस्पतालमा उपचाररत २१ संक्रमित कोरोनामुक्त भएका हुन् । उनीहरूलाई मंगलबार राति नै डिस्चार्ज गरिएको छ । गण्डक अस्पतालबाट डिस्चार्ज भएकाहरूलाई वीरगन्ज महानगरपालिकाका मेयर विजयकुमार सरावगी र स्वास्थ्यकर्मीहरूले फूल दिएर विदाई गरेका थिए । लगातार दुई वटा पीसीआर परीक्षण रिपोर्ट नेगेटिभ आएकाले उनीहरूलाई डिस्चार्ज गरिएको डा. उदय नारायण सिंहले जानकारी दिए । ६ महिलासहित ३० जना संक्रमितलाई आइसोलेसनमा राखेर उपचार गरिएकोमा अस्पतालमा अब ९ जना संक्रमित उपचाररत छन् । यसअघि नारायणी अस्पतालमा भर्ना ७२ जना कोरोना संक्रमित निको भएर घर फर्किसकेका छन् ।

### कोरोनाको उच्च जोखिममा प्रदेश ५

नेपालगन्ज । कोरोना भाइरस कोभिड १९ को संक्रमणबाट नेपालमा संक्रमितको संख्या ७७२ जना पुग्दा प्रदेश ५ मात्रै ३३१ जना पुगेको छ । देशभर मंगलबार मात्र ९० जना नयाँ संक्रमित थपिंदा यस प्रदेशमा ३१ जना संक्रमित थपिएका छन् । बाँकेको बैजनाथ गाउँपालिकामा पनि कोरोना संक्रमण देखा परेको छ । मंगलवार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पत्रकार सम्मेलनमा दिएको जानकारी अनुसार बाँकेमा ७ जना नयां संक्रमित थपिंदा बैजनाथ ३ मा एकजनामा संक्रमण फेला परेको हो । यससँगै बाँकेको कोहलपुर र जानकीबाहेक सबैमा कोरोना संक्रमण देखा परेको छ । बाँकेको बैजनाथसँगै डुडुवामा ४ जना र राप्ती सोनारीमा २ जना संक्रमित थपिएका छन् ।

### युवा संघले विभिन्न वडामा राहत वितरण गर्दै

विराटनगर । राष्टिय युवा संघ नेपाल विराटनगर महानगर कमिटीले खाद्यान्न वितरणको कार्यलाई निरन्तरता दिएको छ । सोहि क्रममा विराटनगर वडा न. १, ३ र ४ का अति बिपन्न परिवारलाई राहत स्वरूप खाद्यान्न सामाग्री वितरण गरिएको हो । बिपन्न परिवारलाई लकडाउन अवधिभर सक्दो सहयोग गर्ने राष्ट्रिय युवा संघ नेपाल विराटनगर कमिटी अध्यक्ष सुशील रिजालले बताए । साथै सरकारले जारी गरेको लकडाउनको पूर्ण पालना गर्न समेत रिजालले आग्रह गरे । राहत बितरणका क्रममा राष्ट्रिय युवा संघ नेपालका नेताहरू सन्तोषी श्रेष्ठ, ईश्वरी आचार्य, रेशम थापा मगर लगायतको उपस्थिति रहेको थियो । लकडाउन सुरू भएयता राष्ट्रिय युवा संघ नेपाल बिराटनगर महानगर कमिटीले अति बिपन्न वर्गलाई घर मै पुगी दैनिक खाद्यान्न बितरण गरिरहेको छ ।

## जनता...

६. आवश्यकता अनुसार विभाग, संयन्त्र एवम्कार्यदलहरू गठन गर्ने,
७. मातहत सङ्गठनको काममा नेतृत्व प्रदान गर्ने र सुपरिवेक्षण गर्ने,
८. माथिल्लो समितिका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,
९. सदस्यता शुल्क, लेवी सङ्कलन तथा कोष सञ्चालन गर्ने,
१२. माथिल्लो समितिमा नियमित रूपमा सदस्यता शुल्क र लेवी पठाउने,
१३. आय-व्ययको अभिलेख राख्ने र लेखा परीक्षण गराउने,
१४. जनसङ्गठनहरूको निर्माण तथा परिचालन गर्ने,
१५. आफ्नो समितिका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने,
१६.अनुशासन उल्लङ्घन गर्ने समितिका सदस्यहरू उपर अनुशासनको कारबाही गर्ने,
१७ कुनै स्थान रिक्त हुन आएमा विधान बमोजिम पदपूर्ति गर्ने,
१९. स्थानीय तहमा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई परिचालन गर्ने,
२०. विधानले दिएको अन्य कामहरू गर्ने ।

४५. निर्वाचन क्षेत्रीय समिति:

(१) एक भन्दा बढी सङ्घीय निर्वाचन क्षेत्र भएका जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय समिति गठन हुने छ ।

(२) प्रदेशको विकास निर्माणको कामलाई समन्वय गर्न र पार्टीले तोकेको अन्य काम गर्न प्रदेश निर्वाचन क्षेत्र समन्वय समिति हुने छ । यसको गठन प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय समितिले गर्ने छ ।

४६. पालिका समिति तथा वडा समिति: पालिका समिति तथा वडा समितिहरू पार्टीका आधारभूत स्थानीय तह हुन् । यी समितिहरूमा आवश्यकतानुसार पदाधिकारी तथा सदस्यहरू रहने छन् । यी समितिहरू आफ्नो क्षेत्राधिकारभित्र अधिकारसम्पन्न हुने छन् । ती समितिहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

(१) प्रत्येक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा पालिका समिति रहने छ । यसको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ । यी समितिहरू आ-आफ्नो क्षेत्राधिकारभित्र पार्टीको विस्तार, प्रचार-प्रसार र सुदृढीकरणमा ध्यान दिने छन् । पालिका समितिले वडास्तरमा पार्टी सङ्गठन र जनसङ्गठनहरू गठन गरी परिचालन गर्ने छन् र माथिल्ला समितिहरूको निर्णय र निर्देशनहरूलाई आफ्नो क्षेत्रभित्र लागु गर्नेछन्।

(२) प्रत्येक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका भित्रका वडाहरूमा पार्टीका वडा समितिहरू रहने छन् । आवश्यकतानुसार वडा समितिको मातहत टोल समितिहरू पनि गठन गर्न सकिने छ । यिनीहरूले पार्टीको प्रारम्भिक समितिको रूपमा काम गर्ने छन् र पार्टीको कार्यलाई जनस्तरमा विस्तार र सुदृढीकरण गर्नेछ ।

(३) आ-आफ्ना क्षेत्रका पार्टीका गतिविधिहरूबारेमाथिल्लो समितिहरूलाई नियमित जानकारी गराउने छन्।

परिच्छेद-८

पार्टीको सङ्गठनात्मक सिद्धान्त

४७. सङ्गठनात्मक सिद्धान्त: पार्टीको सङ्गठनात्मक सिद्धान्त लोकतान्त्रिक अकेन्द्रीयताको हुने छ । यसका आधारभूत विशेषताहरू निम्नानुसार हुने छन,

(१) पार्टीकोसार्वभौमसत्ता पार्टीका सदस्यहरूमा निहित हुने छ ।
(२)पार्टी सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारीको आधारमा सञ्चालन हुने छ ।
(३) केन्द्र, प्रदेश र स्थानीय तहहरूमा विधान अनुसार पार्टीको शक्ति बाँडफाँट हुने छ ।
(४)व्यक्ति सङ्गठनको र सङ्गठन महाधिवेशनको मातहत हुने छ ।
(५)माथिल्लो समितिको निर्णय तल्लो समितिले पालना गर्नुपर्ने छ ।
(६) अल्पमतले बहुमतको निर्णय पालन गर्नुपर्ने छ । अल्पमतको विचारको सम्मान गरिने छ ।

४८. आन्तरिक लोकतन्त्र:

(१) कुनैपनि मातहत समितिले माथिल्लो समितिको वा सदस्यलेसमितिको निर्णय र विचारप्रति आफ्नो समितिमा असहमति प्रकट गर्न पाउने र मौखिक वा लिखित रूपमा आलोचना गर्न पाउने छन् । तर हरेक सदस्य वा समितिले सम्बन्धित माथिल्लो समिति वा समितिको बहुमतले गरेको निर्णय कार्यान्वयनमा लानु पर्दछ ।

(२) कुनै पनि सदस्यले विधानको अधिनमा रही आफ्ना फरक मत राख्न पाउने छन् । केन्द्रीय समितिभित्र राष्ट्रिय महत्वका विषयहरूमा गम्भीर प्रकृतिको मतभिन्नता उत्पन्न भई फरक मतकर्ताले पार्टीव्यापी छलफल गर्न चाहेमा केन्द्रीय समितिको निर्णयमा निर्धारित प्रक्रिया अनुरूप निश्चित तहसम्म छलफलमा लान सकिने छ ।

(३) समितिको निर्णय पुस्तिकामा दर्ज गरिएका वा लिखित रूपमा सम्बन्धित समितिमा प्रस्तुत गरिएको अवस्थामा मात्र फरक मत मानिने छ । फरक मतका कारणले कसैप्रति भेदभाव गरिने छैन । तर फरक मत राख्नेले आफ्नो पदीय वा सङ्गठनात्मक दायित्वको भने निर्वाह गर्नुपर्ने छ । बहुमतले अल्पमतको कदर गर्नु पर्दछ ।

(४) महाधिवेशनले गरेका निर्णयहरू विपरीत वा ती निर्णयहरूसँग असहमतिका विषयहरूलाई अर्को महाधिवेशनको समयमा तोकिएको प्रक्रियाद्धारा उठाउन पाइने छ । त्यस्ता असहमति निर्धारित प्रक्रिया अनुरूप महाधिवेशनमा प्रस्तुत गर्न सकिने छ ।

४९. अनुशासनको कारबाही: देहायको अवस्थामा कुनैपनि सदस्य वा समितिहरूलाई अनुशासनको कारबाही हुन सक्ने छ । यस्तो कारबाही गर्दा गल्तीको गम्भीरता हेरी कुनै पनि कारबाहीका रूपहरूको प्रयोग गर्न सकिने छ । विशेष परिस्थितिमा केन्द्रीय समितिले तोकिएको प्रक्रियाको अधिनस्थ रही कुनैपनि सदस्य र समिति उपर कारबाही गर्न सक्ने छ ।

(१) पार्टीको वैधानिक व्यवस्था र कार्यक्रमको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेमा,
(२) पार्टी निर्णय नमानी खुला उल्लङ्घन गरेको प्रमाणित भएमा,
(३) पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेको प्रमाणित भएमा,
(४) पार्टी समितिको गोपनियता भङ्ग गरेमा,
(५) पार्टीद्वारा सञ्चालित आन्दोलनको विपक्षमा रहेमा वा आन्दोलन विराधीहरूसँग साँठगाँठ गरेमा,
(६) अनैतिक वा भ्रष्ट क्रियाकलाप गरेको प्रमाणित भएमा,
(७) पदीय आचरण वा पार्टी प्रतिष्ठाको विपरीत आर्थिक अनुशासन हिनता या पार्टी हित विपरितका कुनैगतिविधिमा संलग्न भएको प्रमाणित भएमा,
(८) पार्टीको विधान वा केन्द्रीय समिति सदस्यहरूले पालन गर्नुपर्ने भनी उल्लिखित कर्तव्यको उल्लङ्घन गरेमा,
(९) विधानमा उल्लिखित अनुशासन सम्बन्धीअन्य कुराहरूको उल्लङ्घन गरेमा,

५०. कारबाहीको प्रकृया:

(१) माथि उल्लिखित क्रियाकलाप गरे बापत त्यसको प्रकृति र परिणाम हेरी सदस्यको हकमा सम्बन्धित समितिले लिखित वा मौखिक रूपमा स्पष्टीकरण माग्ने, आलोचना गर्ने, लिखित रूपमा आत्मालोचना गराउने, चेतावनी दिने, पद वा सदस्यताबाट निलम्बन गर्ने र पार्टी सदस्यबाट नै हटाउने कारबाही गर्न सक्ने छ । कारबाही गर्दा गल्तीको गम्भीरता हेरी कुनै पनि रूपको कारबाही प्रयोग गर्न सकिने छ । समितिको पदबाट हटाउन सम्बन्धित समितिको बहुमत आवश्यक हुने छ । कुनै पनि तहको पार्टी समितिको अध्यक्षलाई हटाउँदा माथिल्लो समितिको अनुमोदन लिनुपर्ने छ ।

(२) प्रदेश समितिको हकमा अनुशासन उल्लङ्घन गर्ने समिति सदस्यलाई अनुशासनको कारबाही गर्ने अधिकार केन्द्रीय समितिको अनुमोदनमा प्रदेश समितिलाई नै हुने छ ।

(३) स्थानीय समितिको हकमा सम्बन्धित समितिको सिफारिसमा एक तह माथिको समितिले अनुशासनको कारबाही अगाडि बढाउने छ ।

(५) पार्टी निर्णयको अवज्ञा गरेमा वा पार्टी हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा, जनप्रतिनिधिहरूको हकमा पार्टी केन्द्रीय समितिले निर्वाचित भएको तहबाट हटाउने सम्मको कारबाही गर्न सक्ने छ ।

(६) पार्टी अनुशासनको कारबाही भोगिरहेका सङ्गठित सदस्यले कारबाही अवधिभर पार्टीको कुनै पनि तह र जनप्रतिनिधिमूलक निकायको निर्वाचनमा उम्मेदवारी दिन सक्ने छैनन्।

(७) विशेष परिस्थितिमा केन्द्रीय समितिले तोकेको प्रक्रियाको अधिनमा रही कुनै पनि सदस्य र समिति उपर कारबाही गर्न सक्ने छ ।

(८) गंम्भीर प्रकृतिको अनुशासन उल्लङ्घन गरेको पाईएमा तत्काल निलम्बन गरी अनुशासनको कार्यवाहीको प्रकृया संचालन गर्न सम्बन्धीत समितिले निर्णय गरी गर्न सक्ने छ । सो को अनुनेदन १५ दिन भित्र माथिल्लो समितिबाट गराउनु पर्ने छ ।

५१. स्पष्टीकरण दिने मौका: पार्टीका कुनै पनि सदस्य वा समितिउपर कारबाही गर्नु अघि स्पष्टीकरण दिने मौका दिइने छ ।

५२. पुनरावेदन: आफूमाथि भएको कारबाही उपर चित्त नबुझे कुनै पनि सदस्य वा समितिले सम्बन्धित अनुशासन आयोगमा पुनरावेदन दिन सक्ने छ । केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरूको हकमा सङ्घीय अनुशासन आयोगमा पुनरावेदन गर्न सकिने छ ।

परिच्छेद- ९

कोषको ब्यवस्था

५३. पार्टीको आयश्रोत:

पार्टीको देहाय बमोजिमको आयस्रोत हुने छ,

१. सदस्यता शुल्क
२. पार्टी लेवी
३. आर्थिक सहयोग
४. प्रकाशन बिक्री वितरण
५. लगानी र व्यवसायबाट प्राप्त आय
६. विशेष कार्यक्रम वा अभियानबाट सङ्कलित रकम

५४. पार्टीको कोष र यसको सञ्चालन:

(१) पार्टीको एउटा कोष हुने छ र यसको सञ्चालन तोकिए बमोजिम गरिने छ ।
(२) पार्टी कोष बैंक खातामार्फत सञ्चालन गरिने छ । पार्टीको दिनानुदिनको कार्य सञ्चालनका लागि नगदी कोष को व्यवस्था गरिने छ ।
(३) पार्टीको बार्षिक बजेट, योजना र कार्यक्रम तय गरी कोषको रकम सञ्चालन गरिने छ ।
(४) सदस्यता शुल्क र लेवीको बाँडफाँट तोकिए बमोजिम हुने छ ।

५५.पार्टीको चल, अचल र जिन्सी सम्पत्ति: पार्टीको नाममा भएका चल, अचल र जिन्सी लगायत सम्पूर्ण सम्पत्तिमा पार्टीको पूर्ण स्वामित्व रहने छ । त्यसको पूर्ण लगत तोकिए बमोजिम राखिने छ । पार्टीको सम्पत्ति पार्टीको स्वीकृतिबिना कसैले पनि बेचबिखन गर्न पाउने छैन ।

५६. लेखा र लेखा परीक्षण:

(१) पार्टीको आय-व्ययको लेखा सङ्घीय लेखापरीक्षण आयोगले तोके बमोजिम राखिने छ ।
(२) पार्टी केन्द्रको लेखा परीक्षण सङ्घीय लेखा परीक्षण आयोगद्वारा हुने छ ।
(३) प्रदेश र स्थानीय समितिको लेखापरीक्षण गर्न सङ्घीय लेखापरीक्षण आयोगले आवश्यक समन्वय गर्ने छ ।

परिच्छेद-१०

विविध विधान अधिवेशन:

पार्टीको विधान निर्माण गर्न केन्द्रीय कार्यकारिणी समितिले निर्णय गरेको समय र स्थानमा १ विधान अधिवेशन आयोजना गरिने छ । विधान अधिवेशनमा प्रतिनिधित्त्वको संख्या र प्रक्रिया केन्द्रीय कार्यकारिणी समितिको बैठकले निर्धारण गरे बमोजिम हुने छ ।

(२) विधान अधिवेशनबाट पारित गरिएको विधान पार्टी विधानको रूपमा लागु हुनेछ । विधान अधिवेशनद्वारा विधान पारित नहुन्जेल सम्म यो अन्तरिम विधान कायम रहनेछ ।

५८. तदर्थ समिति:

(१) निर्वाचित समिति नभएको ठाउँमा एक तह माथिको समितिद्वारा मनोनयन वा सम्बन्धित तहको भेलाद्वारा पार्टीको तदर्थ समितिहरू निर्माण गरिने छ । यस्तो समितिको मुख्य काम आफ्नो तहको अधिवेशन सम्पन्न गराउनु हुने छ । अधिवेशन सम्पन्न नहुँदासम्म यसले निर्वाचित समितिको अधिकारहरू प्रयोग गरी काम गर्ने छ । तदर्थ समितिको अवधि सामान्यत: ६ महिनाको हुने छ । आवश्यकता परेमा यो अवधि बढाउन सकिने छ । तर कुनै पनि अवस्थामा यो अवधि एक वर्षभन्दा बढीको हुने छैन ।

(२) निर्वाचित समितिको आफ्नो अवधि समाप्त भएको अवस्थामा सो समिति स्वत: तदर्थ समितिमा रूपान्तरित हुने छ । त्यसले तदर्थ समितिमा रूपान्तरित भएको ६ महिनाभित्र अर्को निर्वाचन सम्पन्न गर्नुपर्ने छ ।

५९.शपथग्रहण:

पार्टी समितिमा आबद्ध हुने प्रत्येक सदस्यले अनुसूची ७ मा उल्लेख भए बमोजिम शपथ ग्रहण गर्नुपर्ने छ ।

६०. वरियताक्रम:केन्द्रीय समितिले आवश्यक ठानेमा वरियताक्रम तोक्न सक्ने छ ।

६१. सङ्क्रमणकालीन व्यवस्था:

(१) यस विधान अनुसार पार्टीका सबै तहका समितिहरूको नेतृत्व निर्माण नियमावली बमोजिम जातीय/सामुदायिक जनसङ्ख्याको अनुपातमा समानुपातिक समावेशी हुने छ । तर अधिवेशन नहुँदासम्म गठन गरिएका समितिहरूमा यो मापदण्ड पुरा नभए पनि यस विधान अनुसार मान्यता दिइने छ । अधिवेशनको आयोजना हुँदा भने विधानको कार्यान्वयन गर्नुपर्ने छ ।

(२) जनता समाजवादी पार्टी, नेपालको यो विधान लागू हुनुपूर्व गठन भएका दुबै पार्टीका सम्पूर्ण तहका सदस्य तथा समितिहरू स्वत: जनता समाजवादी पार्टी, नेपालमा रूपान्तरित हुने छन्।

(३) दुबै पार्टीका चल अचल सम्पत्ति स्वत: जनता समाजवादी पार्टी, नेपालको सम्पत्ति हुने छ ।

(४) दुबै पूर्व पार्टीका विभिन्न तहका अधिवेशन सम्पन्न भएका वा नभएका भए पनि यो विधान लागू भएपछि ती तहका समितिमा पदाधिकारी वा सदस्यहरू मिलान गर्न वाधा पुग्ने छैन ।

(५) एकता महाधिवेशन नभएसम्म पार्टीको महत्त्वपूर्ण निर्णयहरू समितिको सहमतिमा गरिने छ ।

६२. नियम बनाउने अधिकार: विधानसँग नबाभ्ने गरी केन्द्रीय समितिले आवश्यक नियमावली र आचारसंहिता बनाउन सक्ने छ ।

६३. बाधा अड्काउ फुकाउने: यस विधानको कार्यान्वयनमा कुनै बाधा पर्न आएमा केन्द्रीय समितिको दुईतिहाई बहुमतले बाधा अड्काउ फुकाउन सक्ने छ । सो को अनुमोदन महाधिवेशनबाट गर्नुपर्ने छ ।

६४. विधानको व्याख्या:

यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको कार्यान्वयन गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा यसको व्याख्या गर्ने अधिकार केन्द्रीय समितिलाई हुने छ ।

६५. विधान संशोधन:

(१) विधान संशोधन प्रस्ताव पेस गर्न चाहने कुनै पनि पार्टी सदस्यले महाधिवेशन सुरू हुनुभन्दा एक महिना अगावै तोकिएको प्रक्रियाद्वारा लिखित रूपमा विधान संशोधन प्रस्ताव दर्ता गर्नुपर्ने छ । पार्टीको अन्तरिम विधानलाई केन्द्रीय कार्यकारिणी समितिको २ तिहाईको बहुमतले संशोधन गर्न सक्नेछ । त्यसरी भएको संशोधन केन्द्रीय समितिद्वारा बहुमतले अनुमोदन गर्नु पर्नेछ ।

६६. खारेजी र बचाउ: यस अघि लागू रहेको एकीकरणपूर्वका सबै पार्टीको विधान खारेज गरिएको छ र त्यस विधानबाट भए गरेका सबै कार्यहरू यसै विधानबाट गरिएको मानिने छ ।

अनुसूची-१

पार्टीको झण्डा समाजवादी पार्टीको झण्डा आयताकारमा ३:२ को अनुपातमा लम्बाई र चौडाई रहने छ । झण्डाको माथि रातो रङ्ग तथा तल हरियो रङ्गको बिचमा सेतो रङ्गको पाँच कुने तारा रहने छ ।

झण्डामा रहेको रातो रङ्गले अग्रगमन, क्रान्ति र सामाजिक आर्थिक परिवर्तन, हरियो रङ्गले जैविक विविधता, पहिचान र स्वच्छ वातावरण र पाँचकुने ताराले समतामूलक समृद्धिको लक्ष्यलाई जनाउने छ । पार्टीको झण्डा यसप्रकार हुने छ ।

## चीनसँग सीमामा तनाव बढेपछि मोदीले गरे उच्चस्तरीय सुरक्षा बैठक

काठमाडौं । चीनसँग सिमानामा टक्कर बढ्दै गएपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उच्चस्तरीय बैठक आयोजना गरेका छन् । दुवै मुलुकले सीमामा सैनिक संख्या वृद्धि गरेको खबर आइरहँदा आयोजित सो बैठकमा तीनै सेनाका प्रमुख, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल र चिफ अफ डिफेन्स स्टाफ जनरल विपीन रावत सहभागी भएका छन् । त्यसअघि मोदीले विदेश सचिवसँग बैठक आयोजना गरेका थिए ।

मोदीसँगको बैठकअघि सेना प्रमुखहरूसँग रक्षामन्त्री राजनाथ सिंहले भेट गरेका थिए । पछिल्लो समय सिमानामा भारतीय र चिनियाँ सेनाबीच तनाव बढेको खबरहरू सार्वजनिक भएका छन् । मे ५ र ६ मा गलवान क्षेत्रमा दुई मुलुकका सेनाबीच हात हालाहाल भएको थियो । त्यसयता लद्दाखमा चिनियाँ जनमुक्ति सेनाले हवाई अड्डा विस्तार गरेको स्याटलाइट तस्विरले देखाएको भारतीय सञ्चारमाध्यमहरूले बताएका छन् । ती तस्विरमा चीनले लडाकु जेटसमेत राखेको देखिएको बताइएको छ ।

त्यस्तै, सिमानाको पाङ्गोङ तालबाट २ सय किमी टाढा रहेको तिब्बतस्थित ङारी गुन्सा विमानस्थलमा पनि निर्माण कार्य भइरहेको बताइएको छ । यसबीचमा चिनियाँ सेनाले भारतीय सेनाको एउटा टुकडीलाई नै नियन्त्रणमा लिएको खबर पनि बाहिरिएका थिए । तर, त्यसलाई भारतीय सेनाले अस्वीकार गरेको छ । सन् २०१७ मा दोक्लममा तनाव बढ्दा चीन र भारत दुवै देशले चर्को मिडियाबाजी गरेका थिए । तर, अहिले तनाव बढिरहँदा दुवै मुलुकको राजनीतिक नेतृत्व मौन छ ।

## डिप्लोमा ईन्जिनियर जनमत संघ गठन

काठमाडौं । देशलाई समृद्ध बनाउन तथा डिप्लोमा इन्जिनियरहरूको हकहित सुरक्षित गर्न डा.सीके राउत नेतृत्वको जनमत पार्टीनिकट डिप्लोमा ईन्जिनियर जनमत संघ केन्द्रीय तदर्थ समिति गठन गरिएको छ ।

भिडियो कन्फरेन्स मार्फत् ई. दीपक कुमार साहको अध्यक्षतामा गत बुधवार विभिन्न जिल्लाका डिप्लोमा ईन्जिनियरहरूसँग बैठक गरी सब ई. मुकेश मैरतालाई संयोजक र सब ई. ओम राउत लाई संचार प्रमुखको जिम्मा दिई २०७ सदस्यीय "डिप्लोमा ईन्जिनियर जनमत संघ केन्द्रीय तदर्थ समिति" गठन गरिएको हो ।

प्रदेश र जिल्ला समितिहरू बन्दै जानेछन् र केही महिनामा पूर्ण केन्द्रिय समिति पनि गठन हुनेछ । यस तदर्थ समितिले आवश्यक उपसमितिहरू बनाई ६ महिना भित्र यस संघको विधान तथा घोषणापत्र समेत तैयार गर्दै अधिवेशन मार्फत् डिप्लोमा ईन्जिनियर जनमत संघ गठन गर्ने जिम्मेवारी पाएको जनमत पार्टीका केन्द्रीय सदस्य ई.दिपक साहले जानकारी दिएका छन् ।

समाजको सम्यक् परिवर्तनमा आफ्नो अहम् भूमिका निर्वाह गर्न अहिले देखि नै ब्लूप्रिंट तैयार गर्दै यो सँस्था अगाडि बढने छ र नयाँ युगको शुरूवातको अभिभारा लिने छ । "डिप्लोमा ईन्जिनियर जनमत संघ" देशलाई समृद्ध बनाउन आवश्यक योजना बनाउन, ईन्जिनियरिङ्ग पेशाका गुणस्तर बढाउन, डिप्लोमा ईन्जिनियरहरूको हक-हितको लागि संघर्ष गर्न तथा उनीहरूलाई अन्तर्राष्ट्रिय स्तरको सेवा सुविधा उपलब्ध गराउन काम गर्ने गैर सरकारी सामाजिक संस्था रहेको जनाइएको हो ।

## संक्षिप्त समाचार

### प्रहरीमाथि हातपात गर्ने चिनियाँ नागरिक ५ हजार धरौटीमा छुटे

काठमाडौं । घर फर्किन पाउनुपर्ने माग राख्दै सिंहदरबार अगाडि प्रदर्शन गर्ने क्रममा प्रहरीलाई कुटेको अभियोगमा पक्राउ परेका चिनियाँ नागरिक पाँच हजार धरौटीमा छुटेका छन् । जिल्ला प्रशासन कार्यालय, काठमाडौंले धरौटीमा छाड्न आदेश दिएपछि उनीहरू छुटेका हुन् । उनीहरूलाई छाडिएको काठमाडौं प्रहरी परिसर, टेकुका प्रवक्ता डीएसपी राजकुमार केसीले बताए ।२६ वैशाखमा घर फिर्तीको माग गर्दै चिनियाँ नागरिकहरूले गरेको प्रर्दशनलाई नियन्त्रण लिन खोज्दा उनीहरूले प्रहरीलाई कुटेका थिए । यसक्रममा सिंहदरबार प्रहरी वृत्तका डीएसपी हरिबहादुर बस्नेत र एक जना प्रहरी जवान घाइते भएका थिए । यसअघि अन्यलाई छाडिएपनि प्रहरीमाथि हातपात गर्नेलाई प्रहरीले मुद्दा चलाउने तयारी गरेको थियो ।

### करेन्ट लागेर युवकको मृत्यु

कैलाली । गौरीगंगा नगरपालिका-१ स्थित सृजना ईँट्टा उद्योगमा काम गर्ने घोडागोडी नगरपालिका-१० बस्ने ३३ वर्षीय जवर सिँह चौधरीकोकरेन्ट लागेर शनिबार राति मृत्यु भएको छ । टिनले बारेको कच्ची घरमा अचानक करेण्ट सर्ट हुँदा घाइते भएकाउनलाईसेती प्रादेशिक अस्पताल धनगढीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । करेन्ट लागेर घाइते भएका सोही ठाउँ बस्नेसुजन चौधरीको सोही अस्पतालमा उपचार भइरहेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### नयाँ नक्सा जारी गरेकोमा दीप प्रज्जवलन

सर्लाही । नेपालको नयाँ नक्सा सार्वजनिक कार्यलाइ समर्थन गर्दै हरिवन नगरपालिका ३ मा दीप प्रज्जवलन गरिएको छ । नेकपाको केन्द्रीय सदस्य तथा पूर्वमन्त्री बद्री प्रसाद न्यौपानेको प्रमुख आतिथ्यतामा दीप प्रज्जवलन गरिएको थियो । कार्यक्रममा विशिष्ट अतिथिको रूपमा समाजवादी पार्टीको नेता गंगा थिङ पनि सहभागी थिए । दीप प्रज्जवलन कार्यक्रमको अध्यक्षता वडा अध्यक्ष दिपमान लोप्चन, संचालन रामचन्द्र कुशहवालगायत सहभागी थिए । दीप प्रज्जवलनलगत्तै सम्बोधन गर्दै नेता न्यौपानेले राष्ट्र र राष्ट्रियताको सवालमा आफ्नो पार्टी र वर्तमान सरकार सतिसालझैं उभिँदै आएको बताए । उनले नेपालको भूमि फिर्ता लिन कुटनैतिक तवरले अगाडी बढ्नुपर्ने पनि धारणा राखे ।

### छुरा प्रहारबाट दुईको मृत्यु

मोरङ । बेलबारी-४ काकुम बुधबारेमा छुरा प्रहारबाट २ जनाको बिहीबार बिहान मृत्यु भएको छ । मृत्यु हुनेहरूमा सोही ठाउँ बस्ने ५५ वर्षीया देवी कुमारी लिम्बु र उनको छोरा ३० वर्षीय जिबन बहादुर लिम्बु रहेका छन् । जीवनले आमा देवी कुमारीलाई छुरा प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको र स्वयमलाई छुरा प्रहार गर्दा गम्भीर घाइते भएका जीवनको सामुदायिक अस्पताल नोबेल बेलबारीमा उपचारको क्रममा मृत्यु भएको छ । ईलाका प्रहरी कार्यालय बेलबारीबाट अनुसन्धानको लागि प्रहरी टोली खटि गई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### हावाहुरीबाट लाखौंको धनमाल नष्ट

बाँके । नेपालगञ्ज उपमहानगरपालिका-१७ ढोडेगाउँमा बुधबार राति आएको हावाहुरीबाट करिब ३ लाख ६० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । सोही ठाउँ बस्ने प्यारी गडरीया समेत ३ जनाको कच्ची घरभत्किनुका साथै नन्दा लोध समेत २ जनाको घरको छानो उडाउँदा अन्नपात, लत्ताकपडा तथा अन्यसरसमान क्षति भई उक्त रकम बराबरको धनमाल नष्ट भएको हो ।

### प्रदेश २ को नीति तथा कार्यक्रम कोरोना केन्द्रित

जनकपुरधाम । प्रदेश २ मा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कोरोना महामारीका दुष्प्रभावलाई नियन्त्रण र व्यवस्थापन विशेष केन्द्रित रहने छ । गत आर्थिक वर्षको भुक्तानी विवादले लामो समयदेखि स्थगित रहेको प्रदेशसभाको बैठक जेठको अन्तिम साता बसिने छ । सो बैठकमै लालबाबु नेतृत्वको सरकारले तेस्रो नीति तथा कार्यक्रम ल्याउने छ । प्रदेश प्रमुख तिलक परियारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रमलाई अन्तिम रूप दिने काम भइरहेको नीति आयोगका उपाध्यक्ष प्राध्यापक डाक्टर भोगेन्द्र झाले बताएका । उनका अनुसार सबै राजनीतिक दलका नेता र सचेतकहरूसँग विचार विमर्श भइरहेको छ ।

### अत्यावश्वक सामानका पसल तीन दिन मात्रै खुल्ने

बुटवल । बुटवल उपमहानगरपालिकाले लकडाउनलाई समय तालिका बनाएर व्यवस्थित गरेको छ । अनावश्यक रूपले घरवाहिर निस्कने र विहानी र रात्री हिडाईलाई निरूत्साहित गर्न र असुरक्षित रूपले सामान खरिद विक्री कार्यलाई व्यवस्थित, सुरक्षित तथा सामाजिक दुरी पालना गर्न कडाई गरेको हो । खाद्यान्न, तरकारी तथा फलफुल पसलहरू हप्तामा ३ दिन, विहान ९ बजे देखि २ बजेसम्म आइतवार, मंगलवार र विहीवार खोल्न पाइने भएको छ । स्थानीय स्तरमा उत्पादन भएको हरियो ताजा तरकारी र फलफुल स्थानीय पालिका मार्फत स्थानीय उत्पादन भनी सिफारिस गरेको आधारमा र बुटवल उपमहानगरभित्रको भए सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको आधारमा घरघरमा डुलाई विहान ७ बजेदेखि १० बजेसम्म विक्री वितरण गर्न पाइने नियम बनाइएको छ । उपमहानगरद्वारा जारी गरिएको सार्वजनिक सूचना अनुसार कृषि कार्यसँग सम्बन्धित कार्यका लागि आवश्यक मल, विउ, औषधी पसल आइतवार, मंगलवार र विहीवार विहान ९:०० बजेदेखि २:०० बजेसम्म खोल्न पाइने छ ।

### सामान्य प्रशासनमन्त्री त्रिपाठीको पुतला दहन

गौर । रौतहटको विभिन्न स्थानमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीको पुतला दहन गरिएको छ । मन्त्री त्रिपाठीले रौतहट क्षेत्र नम्बर २ को संसदीय कोषको बजेट दुरूपयोग गर्न खोजेको भन्दै उक्त क्षेत्रका स्थानीयले नाराबाजीसहित पुतला दहन गरेका हुन् । सारा विश्वसँगै नेपाल पनि अहिले कोरोना संक्रमणको उच्च जोखिमयुक्त अवस्थाबाट गुज्रिरहेको समयमा संघीय मन्त्रालयको अग्रसरतामा रौतहट निर्वाचन क्षेत्र नं. २ को सांसद अफताब आलमको अनुपस्थितिमै नियम कानुनविपरीत संसदीय पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन भएको भन्दै विरोध गर्दै पुतला दहन गरिएको हो । आर्थिक चलखेल गरेर मन्त्री त्रिपाठी, जेलभित्रबाट सांसद आलम र नेकपाका समानुपातिक सांसद कल्याणी खड्काले मिलेर बजेट दुरूपयोग गरेका कारण पुतला दहन गरेको स्थानीय इस्तफाल आलमले बताए । आक्रोशित युवाहरूले मन्त्रीकै संलग्नतामा खर्च भइरहेको अनधिकृत बजेट खर्च नरोकिएको लकडाउनको वास्ता नगरी आन्दोलन गर्ने चेतावनी दिए ।

### राना मृत फेला

रूपन्देही । बुटवल उपमहानगरपालिका-१२ नयाँगाउँस्थित दानव खोलाको बगरमा सोही ठाउँ बस्ने ४६ वर्षीय पदम बहादुर राना बुधबार दिउँसो मृत अवस्थामा फेला परेका छन् ।

### आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

कपिलवस्तु । बिजयनगर गाउँपालिका-७ मानपुर बस्ने रमेश यादव सहित १० जनाको घरगोठमा मंगलबार दिउँसो आगलागी हुँदा करिब २० लाख रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगो नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### 'सानो पाइला' ले प्रदेश २ मा खाना खुवाउँदै

वीरगन्ज । बिहान-बेलुकी हातमुख जोर्ने समस्यामा परेका व्यक्तिलाई वीरगन्जको गैरसरकारी संस्था 'सानो पाइला' ले निस्शुल्क भोजन शिविर सुरू गरेको छ । लकडाउनको तेस्रो दिनदेखि नै यो संस्थाले 'फिडिङ नेपाल' अभियानअन्तर्गत भोकै रहेका व्यक्तिलाई नि:शुल्क खाना वितरण गर्न थालेको हो । वीरगन्जबाट सुरू यो शिविर जनकपुर र सिरहामा पनि सञ्चालन भइहेको छ । साथै, वीरगन्जका कोरोना संक्रमित बिरामीका लागि जेठ ८ देखि खाना वितरण गर्दै आएको सानो पाइलाका प्रवक्ता जयकुमार साहले जानकारी दिए । विश्व स्वास्थ्य संगठनले कोराना बिरामीलाई खुवाउनुपर्ने पौष्टिक आहार भनी तोकेका खाना नै आफूहरूले दिइरहेको उनले बताए । प्रदेश सरकारले पनि जनकपुरमा रहेका बिरामीका लागि खाना वितरणको जिम्मा यही समूहलाई दिएको छ । सन् २००६ मा सञ्चालनमा आएको 'सानो पाइला' ले अहिलेसम्म थुप्रै सामाजिक कार्य गरिसकेको छ ।

## विश्व परिवेश

# भारतको जीडीपी २० प्रतिशत बढ्ने अनुमान

नयाँ दिल्ली । भारतको सन् २०२० को अन्तिम चौमासिकमा देशव्यापी लकडाउन हटाइए कूल गार्हस्थ्य उत्पादन (जीडीपी) करिब २० प्रतिशतले बढ्ने अनुमान गरिएको छ । लकडाउनका कारण दोस्रो चौमासिकमा समग्र अर्थतन्त्रमा नकारात्मक असर परिरहेको अवस्थामा गोल्डम्यान स्याक्सले नयाँ पूर्वानुमान सार्वजनिक गरेको हो ।

विश्वका सबैजसो मुलुकमा कोरोनाभाइरस प्रसार रोक्ने उद्देश्यले जारी लकडाउनका कारण अर्थतन्त्रमा नकारात्मक असर परेको छ, तर पछिल्ला दिनहरूमा कोरोनाभाइरसको प्रसारमा केही कमी आएकाले लकडाउनलाई सहज तुल्याउन विभिन्न कदम चाल्न थालिएको छ ।

गोल्डम्यान स्याक्सको अनुमानमा भनिएको छ, "लकडाउन अस्थायी हुनु पर्दछ । गरिब मुलुकका लागि यसले अझ बढी समस्या सिर्जना गर्नेछ । खासगरी यसबाट आर्थिक क्षति बढी नै हुनेछ ।"

अब्सा बैंकका अनुसार दक्षिण अफ्रिकाको अर्थतन्त्र दोस्रो चौमासिक अवधिमा करिब २४ प्रतिशतले कमी आउने छ । उप-सहारा अफ्रिकी क्षेत्रमा विदेशी सहायतामा हुने कटौतीबाट करिब ४ करोड २० लाख मानिस विषम गरिबीमा फस्नेछन् । उनीहरूले प्रतिदिन १.९० डलरभन्दा कम आम्दानीमा बाँच्नु पर्नेछ ।

विश्व स्वास्थ्य संगठनले कोरोनाभाइरस महामारीका कारण खोप कार्यक्रममा पनि असर पर्ने चेतावनी दिएको छ । अफ्रिकामा यो कार्यक्रम रोकिए त्यसबाट बालमृत्यु नाटकीय रूपमा बढ्ने छ ।

तीन महिनासम्मको लकडाउन सँगै टिबी उपचार सेवा १० महिना रोकिए सन् २०२० देखि २०२५ को अवधिमा १४ लाखको मृत्यु हुन सक्ने स्वास्थ्य संगठनको भनाई छ ।

# चीनविरोधी प्रस्ताव अमेरिकी सिनेटबाट पारित

काठमाडौं । अमेरिकी सिनेटबाट चीन विरोधी प्रस्ताव पारित भएको छ । चीनका उइगुर मुसलमानलगायत अल्पसंख्यक समुदायको मानव अधिकार हनन् भइरहेको दाबी गर्दै अमेरिकी सिनेटमा चीन सरकारसँग जवाप माग्ने प्रस्ताव पारित भएको हो ।

सिनेटमा सर्वसम्मतिबाट पारित भएको अब अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभमा छलफलका लागि जानेछ ।

कोभिड-१९ को महामारीका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनलाई जिम्मेवार मान्दै आएका छन् । पछिल्लो प्रस्ताव दुई देशको सम्बन्ध चिसिएको उदाहरण हो । उक्त प्रस्तावले चीनको सिन्जियाङ शहरका मुसलमान समुदायको मानव अधिकारको रक्षा गर्न र उनीहरूमाथि भइरहेको उत्पीडनको विरोध गरेको छ । चीनले भने आफ्नो देशभित्र रहेका अतिवादीहरू कारवाही गर्दै आएको बताउँदै आएको छ ।

गत वर्ष चीनले उक्त समुदायका करिब १० लाख जनालाई शिविरहरूमा राखेर उनीहरूको 'ब्रेन वास'गराएको आरोपसहितको समाचार बीबीसीले लेखेको छ ।

# ताइवानलाई चीनबाट खतरा

ताइवान । चीनले आफ्नो क्षेत्र मान्दै आएको ताइवानले क्षेप्यास्त्र कार्यक्रमहरू अगाडि बढाउने भएको छ । ताइवानकी राष्ट्रपति साइ इंग-वेनले आफ्नो चारवर्षको नयाँ कार्यकालमा क्षेप्यास्त्र कार्यक्रम अगाडि बढाउने र प्रतिरक्षा प्रणालीलाई सशक्त बनाउने बताएकी थिइन् ।

साउथ चाइना मर्निङ पोस्टका अनुसार चीनबाट खतरा महसुस हुन थालेपछि ताइवानले चीनसम्मै पुगेर मार हान्नसक्ने क्षेप्यास्त्रको विकास गर्ने अपेक्षा गरिएको छ ।

ताइपेस्थित नेसनल पोलिसी फाउन्डेसनका अनुसन्धानकर्ता चि चङका अनुसार ताइवान सरकारले क्षेप्यास्त्र, ड्रोनहरूका साथै डिजिटल हतियार बिकान गर्नेछ ।

ताइवानले आफू लोकतान्त्रिक मुलुक भएको बताउँछ तर चीनले ताइवानलाई आफ्नो मुलुकको अंगको रूपमा हेर्ने गरेको छ । चीनले आवश्यक परेको खण्डमा आफूले शक्ति लगाएर ताइवान कब्जा पनि गर्नसक्ने बताउँदै आएको छ ।

चीनले ताइवानलाई अलग देश मान्ने देशसँग कुटनीतिक सम्बन्ध पनि गाँस्दैन । ताइवानी राष्ट्रपति वेनले चीनले ताइवानलाई आफ्नो क्षेत्र सम्झनु बुझाईमा कमजोरी भएको बताएकी थिइन् । उनले चीनको एक देश दुई नीति आफ्नो देशमा नचल्ने चीनलाई चेतावनी दिएकी थिइन् ।

चीनले आवश्यक परे शक्तिको प्रयोग गरेर ताइवान आफ्नो नियन्त्रणमा लिनसक्ने बताइरहँदा ताइवानले क्षेप्यास्त्रको कार्यक्रम अगाडि बढाउने भएको हो । अमेरिकाले भने ताइवानलाई एउटा स्वतन्त्र देशको रूपमा हेर्ने गरेको छ । अमेरिकाले बारम्बार चीनलाई ताइवानसँग शत्रुतापूर्ण व्यवहार नगर्न सजग गराउँदै आएको छ । चीनले देशको आन्तरिक मामिलामा अमेरिकालाई हात नहाल्न चेतावनी दिँदै आएको छ ।

## भारतमा कोभिड-१९ बाट निको हुनेको दर ४१.६१ प्रतिशत

नयाँ दिल्ली । भारतमा विश्वका अन्य मुलुकको तुलनामा कोभिड-१९ बाट सङ्क्रमित विरामी निको भएर घर फर्किनेको दर ४१.६१ प्रतिशत रहेको भारतको संघीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जानकारी गराएको छ । भारतमा कोभिड-१९ का कारण ज्यान गुमाउनेको सङ्ख्या पनि विश्वको कम क्षति हुने मुलुकहरूमा जस्तै रहेको मन्त्रालयको दावी रहेको छ। स्वास्थ्य मन्त्रालयका सहसचिव लव अग्रवालले पत्रकार सम्मेलनमा भने, अहिलेसम्म ६० हजार ४९० कोभिड-१९ सङ्क्रमित निको भएर घर फर्किएका छन् । कोरोनाभाइरस सङ्क्रमण निको हुनेको दर अहिलेसम्म ४१.६१ प्रतिशत रहेको छ । हाल सङ्क्रमितमध्येमा मृत्यु दर पनि विश्वमा कोरोना भाइरस प्रकोप रहेका अन्य ठूला मुलुकहरूको तुलनामा निकै कम अर्थात् २.८७ प्रतिशत रहेको छ। अग्रवालले भने, भारतमा विश्वमा सङ्क्रमितको औषत सङ्ख्या निकै कम रहेको छ। विश्वभर प्रति एक लाखमा ६९.९ व्यक्तिमा सङ्क्रमण रहेकोमा भारतमा यो दर प्रति लाखमा १०.७ व्यक्ति रहेको छ। यो तुलना विश्वभर सङ्क्रमितको सङ्ख्यामा आधारित रहेर गरिएको गरिएको उहाँको भनाइ थियो ।

भारतमा बन्दाबन्दी (लकडाउन), सामाजिक दूरी कायम गर्नेजस्ता अन्य मार्ग निर्देशनलाई अन्य मुलुकहरूको तुलनामा राम्रोसँग पालना गरिएको र सङ्कटलाई अन्य मुलुकमाभन्दा नियन्त्रणमा राख्न सम्भव देखिएको अग्रवालले बताए ।

## ८२ विदेशी तबलिगी जमातीविरूद्ध भारतले लगायो २० मुद्दा

नयाँ दिल्ली । दिल्ली प्रहरीले मार्च महिनामा निजामुदिन मार्कजमा आयोजित तबलिगी जमात समारोह सहभागी ८२ जना विदेशी नागरिकविरूद्ध २० वटा मुद्दा दर्ता गरेको छ। उनीहरूमाथि भिसा नियम उल्लंघन तथा कोरोना रोकथामका लागि सरकारले बनाएका निर्देशनहरूको पालना नगरेकाजस्ता आरोप चार्ज सिटमा लगाइएको समाचार हिन्दुस्तान टाइम्सले प्रकाशित गरेको छ । केन्द्रीय सरकारले आरोपित सबै ८२ जनाको भिसा रद्द गरेको र कालो सूचीमा राखेको प्रहरीले जनाएको छ । जमात आयोजनास्थल मार्कज भारतको कोरोना भाइरसको सबभन्दा ठूलो संक्रमित क्षेत्र बन्न पुगेको थियो । त्यतिबेला झण्डै ३० प्रतिशत कोरोना संक्रमित केस यसै जमातसँग सम्बन्धित भएको पाइएको थियो । क्राइम ब्रान्चले १५ हजार ४ सय ९९ पृष्ठ लामो अभियोगपत्र मंगलबार अपरान्ह सकेत अदालतमा पेस गरेको थियो । यसमाथि अदालतले जुन १२ मा आफ्नो धारणा दिने आशा गरिएको छ। अभियोगपत्रमा आरोपित मानिसविरूद्ध लगाइएका आरोप र तिनका विपक्षमा रहेका प्रमाणहरूको फेहरिस्त हुन्छ । अदालतले ती अभियोगपत्रमा उल्लेखित दाबीहरूमा यथेस्ट प्रमाणहरू देखेमा मात्र अगाडि कारबाही बढाउने गर्छ। प्रहरीले अभियोगपत्र लगाएका ८२ विदेशी नागरिक २० विभिन्न देशका हुन् । तीमध्ये १४ जना फिजीका छन् भने १० जना साउदी अरबका नागरिक हुन् भने ८ जना अल्जेरियाका छन् ।

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जिल्ला समाचार

### भारतीय क्वारेन्टाइनमा रहेकालाई ल्याइयो

कैलाली । भारतीय क्वारेन्टाइनमा रहेका नेपालीलाई नेपाल प्रवेश अनुमति दिइएको छ । जिल्ला प्रशासन कार्यालय कैलालीको समन्वयमा उनीहरू नेपाल प्रवेश गरेका हुन् । अनुमति पछि ८५८ जना नेपाल प्रवेश गरेको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायव उपरीक्षक दक्षकुमार बस्नेतले रातोपाटीलाई जानकारी दिए । प्रवेश गरेका उनीहरूमध्ये ३४७ जनालाई धनगढीको नवदुर्गा माविको क्वारेन्टाइनमा राखिएको छ भने ५११ जनालाई भने सम्बन्धित जिल्लाको स्थानीय निकायको जिम्मामा पठाएको उनले बताए । २५ जिल्लाका नागरिक नेपाल प्रवेश गरेका हुन् । बाँकी रहेका व्यक्तिलाई पनि पठाउने काम भइरहेको छ। भारतबाट नेपाली आउने क्रम जारी रहेको र भारतको पलियास्थित क्वारेन्टाइनमा अझै १३ सय जना रहेका छन् ।

### आफ्नै बाबुको हत्या गर्ने दुई जना पक्राउ

मोरङ । कोदालो प्रहार गरी आफ्नै बाबुको हत्या गरेको अभियोगमाविराटनगर महानगरपालिका-१४ झटिहाही बस्ने २९ वर्षीय रोहित चौहान र २६ वर्षीय नागेन्द्र चौहानलाई बुधबार प्रहरीले पक्राउ गरेको छ। आफ्नै बाबु सत्यराम भन्ने ६९ वर्षीयसिताराम चौहानलाई जेठ ३ गते हत्या गरी घरभित्रैको कोठाको खाटमुनी खाल्डो खनी गाडेको अवस्थामा शव फेला पारी उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो । उक्त घटनाबारे प्राप्त विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले मृतकको घरभित्र कोठामा खाटमुनी खाल्डो खनी गाडेको अवस्थामा सिताराम शव फेला पारेको हो । दुवै दाजुभाइ रोहित र नागेन्द्रले जेठ ३ गते मजदुरी गरेको ज्याला प्राप्त भए पश्चात केही कपडा किनेर मादक पदार्थ समेत सेवन गरी घर पुगेपछि सितारामले जेठो छोरा रोहितसँगपैसा माग्दा नदिएकोबिषयमा झगडा हुँदादुबै जनाले बाबुलाई पालैपालो गरी कोदालोले टाउकोमा प्रहार गरेको खुल्न आएको छ । घटना पश्चात नागेन्द्र सोही ठाउँस्थित हडताली हाटमा रहेको आफ्नो डेरा कोठातर्फ गएको र रोहित सोही घटना भएको घरमा सुतेकोमाभोलीपल्टबिहान दुवै जना मिलेर खाटमुनीखाल्डो खनी बाबुको शव गाडेको खुल्न आएको छ । घटनास्थलबाट प्रहरीले कोदालो १ थान र शव बेरिएको तन्ना१ थान बरामद गरेको छ ।यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### अति विपन्न परिवार निराश बन्दै

रूपेन्द्र पटेल, रौतहट । प्रदेश २ का सरकारले लकडाउनका कारण मारमा परेका ज्यालादारी गरेर खाने अति विपन्न तथा गरिब परिबारलाई दोस्रो चरणको राहत दिने घोषण गरे पनि रौतहटका स्थानिय तहहरूले दोस्रो चरणको राहत वितरण गर्न कुनै सुरसार नगरेको गुनासो बढ्दै छ। रौतहटको चन्द्रपुर, कटहरिया, मौलापुर र परोहा नगरपालिकाले दोस्रो चरणको राहत वितरण गरे जस्तो गरेपनि अधिकांश नगरपालिकाले राहत बितरणको नाम समेत लिन छाडेको गुजरा नगरपालिकाका स्थानिय वासिन्दा मनोज चौधरीले बताएका छन् । जिल्लाका मुसहर र दलित बस्तीमा लकडाउनमा छाक टार्न समस्या भइरहेको छ । विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणको लागि सरकारले गरेको लकडाउनका कारण रौतहटका दैनिक ज्यालादरीमा काम गरेर हात मुख जोड्दै आएका मुसहर, दुसाद, डोम लगायत दलित वस्तीका अधिकांश घर परिवारलाई छाक टार्न समस्या भएको गुनासो गरेका हुन् । लकडाउनका कारणले २ महिनादेखि कहिँ कतै काम गर्न जान नपाएकाले मुसहर बस्तीमा छाक टार्न समस्या भइरहेको चन्द्रपुर नगरपालिका वडा नम्बर ८ की दलित महिला सदस्य उर्मिला पासवान बताउँछिन् । राहतको आश गरेका अति गरिब विपन्न परिवारले अब निराश बन्दै जान थालेको छ । राहत नपाउदा सबै गरिब परिवारको एउटै कथा बनेको छ जो हुन् भोकमरिको कथा ।

### आइसोलेशन वाड निर्माण

कपिलवस्तु । कपिलवस्तु नगरपालिका प्रमुख किरण सिंह र यशोधरा गाउँपालिका प्रमुख गृजेश कुमार पाण्डेयको समायोजनमा कपिलवस्तु नगरपालिका वडा नं. ११ मा नवनिर्मित रेहरा स्वास्थ्य चौकीमा आइसोलेशन वाड सेन्टर निर्माण गरिएको छ । साथै नगरपालिका र गाउँपालिकाको विभिन्न स्थानमा आइसोलेशन वाड सेन्टर निर्माण गर्ने कार्य तिव्र रूपले भइरहेको कुरा कपिलवस्तु नगरपालिका प्रमुख किरण सिंहले बताए । कपिलवस्तु जिल्लामा कोरोना पोजिटिभ देखिएको अवस्थामा बुटवल पुर्‍याउनु पर्ने बाध्यतालाई मध्यनजर गरी आफ्नो कपिलवस्तु नगरपालिका र यशोधरा गाउँपालिकाको कोरोना पोजिटिभ बिरामीहरूलाई अब रेहरा स्वास्थ्यचौकीमा व्यवस्था गरिएको कुरा पनि उनले बताए । यस्तै अहिले जिल्लाको सबैभन्दा बढी कोरोना पोजिटिभ देखिएको यशोधरा गाउँपालिकाका प्रमुख गृजेश कुमार पाण्डेयले आफूहरूले २५ बेडको व्यवस्था कपिलवस्तु नगरपालिकाको संयोजनमा रेहरा स्वास्थ्यचौकीमा गरेको बताए । यस रेहरा स्वास्थ्य चौकी आइशोलेसन वाड सेन्टरको उद्घाटनमा वडा नं .११ का अध्यक्ष रामगोपाल यादव, वडा नं.८ का शिव कुमार पाण्डेय, वडा नं. ३ का प्रकाश पाण्डेय तथा समाजसेवी बलराम प्रसाद तिवारी, जमशेद खान र उक्त स्वास्थ्यचौकी जग्गादाता गौरी शंकर शर्मा लगायतको उपस्थिति रहेको थियो ।

### जनकपुरमा रियल टाइम मेशिन सञ्चालनमा

जनकपुरधाम । प्रदेश २ को जनकपुरमा आजदेखि रियल टाइम पिसिआर मेशिन सञ्चालनमा आएको छ । प्रदेश सरकारले खरिद गरेको दुईवटा मेशिनमध्ये एउटा जनकपुरमा सञ्चालनमा आएको छ र अर्को सो मेशिन केही दिनमै राजविराजमा सञ्चालनमा आउने भएको छ । यो मेशिन सञ्चालनमा आएपछि अब स्वाबको नमूना परीक्षणमा तीव्रता आउने विश्वास गरिएको छ। जनकपुरमा सञ्चालनमा आएको सो मेशिनबाट एकपटकमा ९६ वटा स्वाबको नमूनाको परीक्षण हुनेछ । एक दिनमा तीनपटकसम्म परीक्षण गर्ने क्षमता सो मेशिनको छ। सामाजिक विकासमन्त्री नवलकिशोर साहले प्रयोगशालाको निरीक्षण गरेपछि सञ्चालनमा आएको हो । सो अवसरमा सामाजिक विकास मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरे, जनकपुर उपमहानगरपालिकाका प्रमुख लालकिशोर साह, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक डा.प्रमोद यादवलगायतको सहभागिता थियो। जनकपुरमा रियल टाइम मेशिन सञ्चालनमा आउनासाथ प्राविधिक टोली राजविराजमा जडान गरिएको अर्को मेशिन सञ्चालन गर्न प्रस्थान गरेको छ । राजविराजमा पनि एकरदुई दिनमा सञ्चालनमा आउने विश्वास गरिएको छ ।

### एकैदिन ५०१३ नेपाली घर फर्किए

धनगढी । सुदूरपश्चिम प्रदेशका चार नाकाबाट दुई सातामा २६ हजार नागरिक भित्रिएका छन् । २ जेठयता कैलाली, कञ्चनपुर, बैतडी र दार्चुलाबाट २६ हजार १५० जना नेपाल आएका हुन् । उनीहरूमध्ये धेरै कैलालीको गौरिफन्टा नामाबाट भित्रिएका छन् । कैलालीको गौरिफन्टा नाकाबाट मात्रै १९ हजार ४ सय ८३ जना भित्रिएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ । प्रहरी नायव उपरीक्षक दक्ष बस्नेतकाअनुसार मंगलबार एकैदिन यो नाकाबाट ५०१३ जना नेपाल भित्रिएका हुन् । कञ्चनपुरको गड्डाचौकी र दोधरा चादँनीबाट ५ हजार ९७० भित्रिएको जिल्लाप्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक रबिन्द्र पौडेलले बताए । उनले भने, 'हामीले सम्बन्धित स्थानीय तहमा पठाइरहेका छौं ।' प्रदेशको पहाडि जिल्लाका सीमा नाकाबाट पनि नागरिक नेपाल भित्रिरहेका छन् । बैतडीकाको झुलाघाट नाकाबाट पनि ३७८ जना आएको प्रहरी प्रमुख डिल्लीनारायण पाण्डेले जानकारी दिएका छन् । प्रदेशका ४ नाकाबाट २६ हजारबढी नेपाल प्रवेश गरेपनि अधिकांशको स्वास्थ्य परीक्षण भएको छैन । जिल्ला प्रशासन कार्यालय कैलालीका सूचना अधिकारी शिवराज जोशीले आडीटी किटको अभावले भारतबाट आउने अधिकांशको स्वास्थ्य परीक्षण हुन नसकेको स्वीकार गरे ।

### बेलहिया नाकाबाट नेपाली भित्रिए

बुटवल । रूपन्देहीको बेलहिया नाकाबाट झण्डै बाह्र सय जना नेपाली स्वदेश फर्किएका छन् । स्वदेश फर्किन पाउनुपर्ने माग गर्दै सयौं नेपालीले बेलहिया नाकामा आएर नाराबाजी गरेका थिए । भारतको नौतनवाका विभिन्न क्वारेन्टाइनमा १४ दिन बसाई पूरा गरेर नाकामा आइपुगेका विभिन्न जिल्लाका नेपालीलाई बेलहिया नाकाबाट नेपाल ल्याइएको हो । रूपन्देहीका प्रमुख जिल्ला अधिकारी महादेव पन्थले नाकाबाट एघार सय ८५ जना नेपालीलाई रूपन्देही ल्याइएको र चार सय ३० जना रूपन्देहीकै पालिकाका क्वारेन्टाइनमा बसेको जानकारी दिए । लकडाउनको समयमा भारतका विभिन्न ठाउँबाट नेपाल आउन लागेका उनीहरूलाई बेलहिया नाकाबाट फर्काएर भारतको नौतुनाको क्वारेन्टाइनमा राखिएको थियो ।

# मुख्यमन्त्री राउतद्वारा प्रधानमन्त्रीसँग विशेष आर्थिक प्याकेज माग

काठमाडौं । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले कोरोना महामारीबाट जोगाउनका लागि प्रधानमन्त्रीसँग विशेष आर्थिक प्याकेज माग गरेका छन् ।

मुख्यमन्त्री राउतले राहतका विशेष कार्यक्रम संचालन गर्नु पर्ने देखिएकोले प्रदेश २ का लागि विशेष आर्थिक प्याकेज उपलब्ध गराई दिन प्रधानमन्त्रीलाई अनुरोध गर्दै पत्र लेखेका छन् ।

मुख्यमन्त्रीले प्रधानमन्त्रीलाई लेखेको पत्रको पूर्णपाठः

विश्वव्यापीरूपमा फैलिएको कोभिड १९ को संक्रमण बाट देश र जनतालाई बचाउन एवं संक्रमण फैलिन नदिन प्रदेश सरकारले संघीय सरकार र स्थानीय तहसँग सहकार्य र समन्वयात्मक रूपमा कार्य गरि रहेको यहाँलाई अवगत नै छ ।

यस प्रदेशका आठवटै जिल्ला भारत तर्फको खुला सीमाना सँग जोडिएकाले ठुलो सँख्यामा यस प्रदेशका जनता भारतमा विभिन्न रोजगार तथा व्यवसायमा आवद्ध छन् । पछिल्ला दिनमा भारतमा समेत कोभिड १९ को प्रकोप बढ्दो अवस्थामा भएकाले स्वदेश फर्किने क्रममा संक्रमण फैलिने सम्भावना बढेको छ । तसर्थ उनिहरूलाई व्यवस्थित रूपमा स्वदेश फर्काउने वातावरण बनाउन आवश्यक देखिन्छ । हुनतः प्रदेश सरकारले सीमापारी बाट आफनो नागरिक ल्याउन पहल शुरू गरेपनि त्यसको व्यवस्थापन निकै चुनौतीपूर्ण बन्दै गएको छ ।

यस प्रदेशमा हाल सम्म ३ सय २४ जना संक्रमित देखिएको र ती मध्ये ९३ जना उपचार पछि घर फर्केका छन भने एक जनाको मुत्यु हुन पुगेको दुखद अवस्था समेत छ ।

प्रदेश सरकार, स्थानीय तह एवं स्थानीयको सहकार्य र समन्वयमा हाल सम्म १६ हजार ९ सय १४ बेड क्षमताको ३ सय १ वटा क्वारेन्टाइन , आठ वटै जिल्लामा गरि ६ सय ४५ बेड क्षमताको आइसोलेशन कक्षको निर्माण गरि उपचार गर्दै आएको छ । प्रादेशिक अस्पताल जनकपुर लगायतका अस्पताललाई लेभल २ को कोभिड विशेष अस्पताल तोकि संक्रमितहरूको उपचार व्यवस्था मिलाईएको छ ।

कोभिड १९ परीक्षणको लागि प्रदेशमा ३ स्थानमा रियल टाइम पिसिआर मेशिन बाट कोरोना परीक्षण गर्ने व्यवस्था मिलाइएको छ । हाल भिटिएम लगायतका स्वास्थ्य सामाग्रीको नियमित आपूर्ति हुन नसके बाट अपेक्षित परीक्षण गर्न सकिएको छैन । छिटो भन्दा छिटो परीक्षणको संख्या बढाएर क्वारेन्टाइनमा रहेका नागरिकको व्यवस्थापन गर्नु पर्ने अवस्था सृजना भएकोले संघीय सरकार संग दक्ष जनशक्ति र भिटिएम लगायतका उपकरण तथा स्वास्थ्य सामाग्री तत्काल उपलब्ध गराई दिन अनुरोध छ ।

पहिलो चरणमा स्थानीय तह मार्फत र दोश्रो चरणमा घरेलु तथा साना उद्योग कार्यालय मार्फत प्रदेश सरकारले सबै पालिकामा राहत उपलब्ध गराएको छ । लकडाउनको अवधी थपिदै जाँदा प्रदेशको भौगोलिक अवस्था, जनसांख्यीक बनौट, मानव विकास सुचकाङ्क र सामाजिक विकासको अवस्था समेतका आधारमा प्रदेश सरकारले मात्र खाद्यान्न सहितको राहत उपलब्ध गराउन चुनौतीपूर्ण रहेकोले संघीय सरकार बाट ठोस कार्यक्रम ल्याउन हुन अनुरोध छ ।

यस प्रदेशका करिब १० लाख युवा जनशक्ति वैदेशिक रोजगारीबाट फर्कन सक्ने सम्भावना रहेको छ । प्रदेशका जनताको जिविकोपार्जन माध्यम कृषि र कृषि भूमिको उपलब्धतालाई समेत विचार गरि प्रदेश युवा रोजगार कार्यक्रमका लागि र कृषिमा विशेष उत्पादन अभियान ( विऊविजन, मलखाध र सिचाई)का साथै राहतका विशेष कार्यक्रम संचालन गर्नु पर्ने देखिएकोले प्रदेश २का लागि विशेष आर्थिक प्याकेज उपलब्ध गराई दिन अनुरोध छ ।

## नेपाल-भारत सीमा वार्ता अन्तर्राष्ट्रिय उडान खुले पछि हुने

काठमाडौं। लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रको सीमा विवादबारे नेपाल-भारत परराष्ट्रसचिव स्तरमा वार्ता अन्तर्राष्ट्रिय उडान खुले लगत्तै हुने भएको छ। नेपालले भारतसँग लगातार वार्ता मितिका लागि पहल गरेपछि भारतले तिथि स्पष्ट नभने पनि अन्तर्राष्ट्रिय उडान खुले लगत्तै वार्ता गर्ने अनौपचारिक जानकारी दिएको छ ।

भर्चुअल वार्ताका बारेमा नेपालले राखेको प्रस्तावलाई भने भारतले अस्वीकार गर्दै यो विषय बसेर छलफल गर्नुपर्ने स्पष्ट पारेको छ । भारतीय पक्षले लामो समय लगाएरै भए पनि वार्ताका लागि सकारात्मक जवाफ दिनुलाई आफ्नो पहलकदमी र दलहरूको एकवद्ध स्वरलाई कारक मानिएको छ ।

नेपाल-भारतबीच सीमाको विषयमा सल्टाउन बाँकी रहेको सीमालगायतको विषयमा अन्तर्राष्ट्रिय उडान खुलेको एक साताभित्र वार्ता गरिसक्ने गरी छलफल भइरहेको दिल्लीस्थित अधिकारीले पनि बताए । नयाँ दिल्लीस्थित नेपाली दूतावासले भारतीय विदेश मन्त्रालयलाई नेपालको सीमा अतिक्रमणको विषयमा वार्ताका लागि ताकेता गरिरहँदा यस्तो नतिजा बाहिर आएको हो । परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र भारतीय समकक्षी एस जयशंकरसँग अहिले यो विषयमा कुरा नभए पनि राजदूतमार्फत सूचना आदान प्रदान भइरहेको छ । यद्यपि, भारतले आफूहरू कोभिड-१९ विरूद्धको लडाइमा रहेकाले तत्काल गर्न पर्ने विषयबाहेक अन्य मामिला ठप्प रहेको बताउँदै आएको छ । नेपाली राजदूत नीलाम्बर आचार्यले फरक-फरक संयन्त्रमार्फत प्रयास गरेपनि नतिजा आउन पनि ढिलाइ भएको परराष्ट्र अधिकारीको बुझाइ छ ।

## भारत र चीनबीचको सीमा विवादमा मध्यस्थता गर्न तयार छौं : ट्रम्प

काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारत र चीनबीच गम्भीर बन्दै गएको सीमा विवादमा मध्यस्थता गर्न आफू तयार रहेको बताएका छन् । उनले त्यसका लागि आफ्नो तत्परताबारे भारत र चीन दुवै पक्षलाई जानकारी गराएको पनि बताएका छन् । ट्रम्पले सो जानकारी बुधबार सामाजिक सञ्जाल ट्विटरमार्फत् सार्वजनिक गरेका हुन् । भारत र चीनबीच सीमा विवाद पटक पटक बल्झिने गरेकोमा पछिल्लो समय लध्दाख र सिक्किमसँग जोडिएका सीमामा विवाद चर्केको छ । गतवर्ष कश्मिर बिषयमा भारत र पाकिस्तानबीच विवाद चर्किंदा पनि ट्रम्पले दुई पक्षबीच मध्यस्थता गर्न तयार रहेको जनाएका थिए । उनको त्यो भनाईप्रति भारतले आपत्ति जनाएको थियो भने पाकिस्तानले स्वागत गरेको थियो ।

# अलपत्र नेपालीका सहयोगी बने भारतीय नेता कापडी

काठमाडौं । भारतको उत्तराखण्डको खटिमा बजार क्षेत्रमा सयौं किलोमिटर पैदल हिँडेर आएका १५० नेपाली मजदुरलाई क्वारेन्टिनमै व्यवस्थापनको माग गर्दै एक साताअघि भारतीय कंग्रेस आइका उत्तराखण्ड प्रदेश महासचिव भुवन कापडी धर्ना बसे । भारतको रूद्रपुर र काशीपुर क्वारेन्टिनबाट नेपालीलाई निकालिएपछि त्यसको विरोधमा महासचिव कापडी खटिमाको सञ्जय पार्क शहीद समृतिमा धर्ना बसेको केही समयमै त्यहाँको स्थानीय प्रशासनले लखेटिएकै क्वारेन्टिनमा राख्ने प्रबन्धसमेत गरेको थियो । खटिमा बजार र आसपासका क्षेत्रमा पैदल हिँडेर भारतको विभिन्न ठाउँबाट आएका नेपाली मजदुर र खटिमामै क्वारेन्टिनमा रहेका नेपालीलाई नेता कापडीले दैनिक खानपिनको व्यवस्था मिलाउँदै आएका छन् । 'यहाँको क्वारेन्टिनमा रहेका र अलपत्र परेका नेपाली मजदुरलाई मैले खाना खुवाउन थालेको आज ५० दिन भइसक्यो ।' उनले भने, 'उद्यमसिंहनगरमा मात्रै दुई हजारभन्दा बढी नेपाली अलपत्र अवस्थामा छन् ।' उनले नेपाल सरकार आफ्ना नागरिकलाई लैजान गम्भीर हुनुपर्ने बताए । उनले मानवीय नाताले आफू नेपालीहरूको व्यवस्थापनका खटिएको बताउँदै नेपालीहरू अलपत्र रहँदा धेरै तनावमा रहेको समेत जानकारी दिए । उनले नेपालीहरूको खानपिनको व्यवस्थापनका लागि आफ्नो टिम सक्रिय बनाउनुका साथै क्वारेन्टिनमा खाना वितरणमा भारतीय प्रहरीको समेत सहयोग लिइरहेका छन् ।

## भारतमा दुई महिनापछि आन्तरिक उडान सुरू

काठमाडौं । भारतमा दुई महिनादेखि बन्द रहेको आन्तरिक उडान आजदेखि शुरू भएको छ । भारतीय सञ्चारमाध्यमका अनुसार भारतका विभिन्न प्रान्तहरूको बीचमा लामो समयको वार्तापछि सबै राज्य आन्तरिक उडानका लागि सहमत भएका हुन् । भारतको सरकारले यो चरणको लकडाउनमा प्रान्तलाई नै लकडाउन कस्तो बनाउने भन्ने कुराको निर्णय लिने अधिकार दिएको छ । सोही कारण प्रान्तहरूले नै आन्तरिक उडान खोल्ने निर्णय गरेका हुन् । यद्यपि विमानमा आवश्यक सतर्कता अपनाइने र प्रभावित क्षेत्रका मानिसहरूलाई परीक्षण गराएर मात्र पठाउने सहमति जुटेसँगै सबै राज्यको बीचमा आन्तरिक उडान खोल्ने सहमति जुटेको छ । यद्यपि आजका लागि तय गरिएको धेरै उडानहरू भने रद्द भएका छन् । राजधानी सहर दिल्ली र बेंगलुरूका करिब एक सय उडान रद्द भएका छन् । जसमध्ये ८२ ओटा दिल्लीको उडान रद्द गरिएको छ भने बेंगलुरूका २० उडान रद्द भएका छन् । मानिसहरूले टिकट काटेर विमानस्थल आउँदा विना कुनै सूचना विमानको उडान रद्द भएको भन्दै आक्रोश व्यक्त गरेका छन् । आन्तरिक उडान शुरू गर्ने विषयमा भारतको पश्चिम बंगालले भने अहिले आँधीको कारण प्रान्तको अवस्था राम्रो नभएको कारण उडान शुरू गर्न केही समय आवश्यक रहेको बताएको छ ।

## सीमा विवाद समाधानका लागि भारत वार्तामा बस्न मानेन : मन्त्री ज्ञवाली

काठमाडौ । परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले सीमा बिषयमा देखिएको विवाद समाधान गर्न नेपाल सरकारले पटक पटक आह्वान गर्दा पनि भारत वार्तामा बस्न नमानेको बताएका छन् । सिंहदरबारमा बसेको संघीय संसद अन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समिति बैठकमा उनले सीमाका नसुल्झिएका बिषयमा छलफल गर्न नेपाल सरकारले आह्वान गरेको वार्ता यसअघि पनि भारतले लत्याएको बताए । सुगौलीसन्धी विपरित भारत सरकारले नेपालको भूमि आफ्नो क्षेत्रमा राखेर यसअघि नक्सा जारी गरेको मन्त्री ज्ञवालीको भनाई छ । उनले भारतीय सुरक्षाकर्मीलाई बस्न मात्र दिएको यसअघि नै खुलेको भन्दै त्यसकै आधारमा नेपालको भूमिलाइ भारतले कब्जा गर्न नमिल्ने तर्क गरे । उनले कालापानी नेपालको क्षेत्रमा भारतले सडक बनाएपछि नेपाल सरकार गम्भीर भएर नक्सा सार्वजनिक गरेको बताए । उनले आफ्नो क्षेत्रमा सुरक्षा निकायको तैनाथीका साथ आवश्यक पूर्वाधार बनाउदै जाने धारणा पनि राखेका छन् । मन्त्री ज्ञवालीले अहिले पनि नेपालको चाहना कुटनीतिक तवरबाट समस्याको समधान गर्नु नै भएको दोहोऱ्याउदै अन्य कुनै बिकल्प नसोचेको स्पष्ट पारे ।

### आर्थिक समाचार

## प्रदेश राहत कोषमा नेपाल बंगलादेश बैंकको ५ लाख सहयोग

जनकपुरधाम । कोरोना महामारी नियन्त्रण, रोकथाम तथा उपचारका लागि प्रदेश सरकारले स्थापना गरेको राहत कोषमा नेपाल बंगलादेश बैंकले पाँच लाखको सहयोग गरेको छैन । बैंकका प्रदेश कार्यालय बर्दीवास र जनकपुर शाखाका प्रतिनिधिहरूले शुक्रबार मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई पाँच लाख बराबरको चेक हस्तान्तरण गरेका हुन् । उक्त अवसरमा सामाजिक विकास मन्त्री नवल किशोर साहको समेत उपस्थिति रहेको थियो । प्रदेश राहत कोषमा प्रदेशमा शाखा सञ्चालन गर्दै आएका प्रायः बैंकले सहयोग गरेका छन् भने केही समाजिक संस्था र उद्योगपतिले समेत सहयोग गरेका छन् । राहत कोषको रकम प्रदेशमा महामारी नियन्त्रणका लागि खर्च गरिने प्रदेश सरकारले घोषणा गरेको छ ।

## चिया निकासीमा अवरोध छैन : उद्योग राज्यमन्त्री दुगड

काठमाडौं । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले भारततर्फ चिया निकासीमा अवरोध नभएको दावी गरेको छ । सहज निकासीमा केही समस्या देखिएपनि चियामा प्रतिबन्ध नै भने नभएको उद्योग वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडले बताए । 'पूर्ण निकासीमा केही समस्या देखिएको तर त्यो पनि समाधान उन्मुख छ, बाहिर अनर्गल हल्ला धेरै भयो,' राज्यमन्त्री दुगडले भने । गत शनिबार मात्रै भारततर्फ चिया निकासी भएको अनुज्ञापत्रसमेत मन्त्रालयको नोटिसमा भएको उनको भनाइ थियो । 'शनिबार मात्रै चिया निकासी भएको देख्दादेख्दै कसरी प्रतिबन्ध लाग्यो भनियो ? अन्य विवादसँग जोडेर धमिलो पानीमा माछा मार्ने प्रयास भयो,' राज्यमन्त्री दुगडले भने । शनिबार मात्रै एक कम्पनीले भारततर्फ नौ हजार १४७ किलो चिया निर्यात गरेको मन्त्रालयले जनाएको छ ।

## डाबर नेपालद्वारा जुस सहयोग

विराटनगर । विराटनगर स्थित कोशी कोभिड उपचार केन्द्रमा डाबर नेपालको विराटनगर शाखाले जुस वितरण गरेको छ । डाबरको विराटनगर शाखाद्वारा विराटनगरको कोरोना अस्पतालमा रहेका चिकित्सक, कोरोना संक्रमित तथा सुरक्षाकर्मीलाई एक लाख ३० हजार बराबरको जुस सहयोग गरेको हो । डाबर नेपालले आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आफ्ना उत्पादन सहयोग गर्दै आएको छ ।

# इन्डोनेसियामा अलपत्र नेपालीको भारतद्वारा उद्धार

काठमाडौं । पढाइको सिलसिलामा भारत हुँदै इन्डोनेसिया पुगेकी नेपाली चेलीको भारतले उद्दार गरेको छ । हरियाणमा बीबीए पढ्दै गरेकी उनी तीन महिनाका लागि 'एक्सेन्ज प्रोग्राम'का सिलसिलामा इन्डोनेसियास्थित एक विश्वविद्यालयमा पढ्न पुगेकी थिइन् ।

उनी इन्डोनेसिया पुगेको केही समयपछि कोरोना भाइरस संक्रमणको जोखिमका कारण लकडाउन लागूभएसँगै उनी इन्डोनेसियामै रोकिएकी थिइन् । यो अवस्थामा इन्डोनेसियाबाट फर्किन निकै समस्या भएको उनले बताएकी थिइन । यसबीच भारतले त्यहाँ रहेका भारतीयहरूको उद्दारका लागि चार्टर्ड विमानको व्यवस्था गरेको थियो । सोही बिमानमा भारतीय दूतावसको प्रत्यक्ष सहयोगमा आफ्नो पनि उद्दार गरिएको उनले बताएकी छिन् ।

उनले आफ्नो नाम सेविका ढकाल भएको र स्थायी घर रत्ननगर-९ चितवन भएको बताएकी छिन् । उनले आफूलाई उद्धार गरिदिन नेपाल सरकारलाई अनुरोध गरेको र नेपाल सरकारले भारत सरकारलाई अनुरोध गरेकाले हुँदा आफू इन्डोनेसियाबाट फर्किन सफल भएकोमा खुशी व्यक्त गरेकी छिन् ।

## जटिल...

समानताका आधारमा पार्टी एकता हुने सहमति भएको थियो । नेतृत्वको विवादले गर्दा समाजवादी र राजपा मिल्नुअगाडि नै फुट्ने सम्भावना बलियो बन्दै गएको समाजवादीका एक नेताले दाबी गरे । दुई पार्टीको शक्ति बाँडफाँटमै कुरा मिलेको छैन । नयाँ पार्टीको नेतृत्व कसले लिने भन्नेमै सहमति हुन कठिन बन्दै गएको छ ।

प्रतिनिधि सभामा दुबै दलका १७/१७ जना सांसद छन् । प्रदेश २ को प्रदेश सभामा समाजवादी पार्टीका ३० र राजपाका २५ सांसद छन् । राजपा छ वटा पार्टी मिलेर बनेको दल हो भने समाजवादीको पार्टी संगठनमा यादवको एकछत्रझैं छ ।

दुई कारणले दुई पार्टी एकता नहुनेतिर अग्रसर देखिएको छ । पहिलो, एकता प्रक्रिया ढिलो हुँदै जाँदा निर्वाचन आयोगमा सबै कागजात बुझाउने ४५ दिनको म्याद घर्किन लागेको छ । जेठ २६ गतेसम्म पनि नयाँ पार्टीको घोषणा पत्र, विधान र दुबै पार्टीका केन्द्रीय सदस्यसहितको हस्ताक्षर नबुझाए पार्टी एकताका लागि फेरि नयाँ प्रक्रिया सुरू गर्नुपर्ने हुन्छ । अब त्यसका लागि १० दिनमात्र बाँकी छ ।

अर्को कारण संसदमा दर्ता भएको नेपालको नक्सा संशोधन गर्ने प्रस्तावका पक्षमा समाजवादी पार्टी उभिने सम्भावना छ भने राजपाले विपक्षमा मतदान गर्ने मनस्थिति बनाएको छ । यस्तो अवस्थामा दुई पार्टीको एकता त्यही बिन्दुबाट भंग हुन सक्छ ।

सतहमा जे-जस्ता कारण भए पनि मुख्य कारण शक्ति बाँडफाँट नै हो । पदमा कुरा नमिलेपछि अरू नै बहाना बनाएर नेताहरू पन्छिन चाहन्छन् । केन्द्रीय कमिटीको अध्यक्ष को बन्ने भन्ने रस्साकस्सी चलिरहँदा दुबैले एक अर्काको पार्टीमा खेल्न खोजेकोसमेत आरोप-प्रत्यारोप भित्रभित्रै चल्न थालेको छ ।

नयाँ पार्टीको अध्यक्ष बन्ने नै उपेन्द्र यादवको चाहना हो भने पार्टीमा दुई अध्यक्ष बनाउन सकिनेसमेत राजपाको प्रस्ताव छ । तर उनलाई एकल अध्यक्ष भने दिने पक्षमा राजपा छैन ।

## कुटनीतिक...

देशका परराष्ट्र सचिव स्तरीय संयन्त्रले विवादित मुद्दा टुङ्ग्याउने भनिएको छ । त्यो बैठक एकपटक पनि नबसी भारतले गत वर्षको नोभेम्बर २ मा आफ्नो नक्सामा त्यहाँको भूभाग समेट्यो । समस्या त्यहाँबाट सिर्जना भएको मन्त्री ज्ञवालीले जानकारी दिए ॥ पछिल्लो पटक लिपुलेकमा व्यापारिक नाका बनाउने गरी भारतले सडक बनायो । त्यसमा पनि नेपालले आफ्नो पक्ष बलियो गरी जवाफ दिएको उनले बताए ।

मन्त्री ज्ञवालीले नेपालले आफ्नो भूभाग भारतबाट प्राप्त गर्नु त्यति सजिलो नभए पनि कुनै पनि खालको अर्घेल्याई नगरेको र स्पष्ट प्रमाणका आधारमा त्यो भूमि नेपालको छ, कूटनीतिक माध्यमबाट त्यो भूभाग पनि प्राप्त गर्ने पनि बताए ।

यस सम्बन्धमा बहुसङ्ख्यक भारतीय जनता नेपालकै पक्षमा रहेको दाबी उनले गरे । नेपाल भारतको सम्बन्ध संस्कृति, इतिहास, भूगोलले जोडिएको स्पष्ट गर्दै उहाँले त्यो सम्बन्ध सुमधुर राख्न नेपाल तयार रहेको जनाए ।

## प्रवासी...

कामदार हाम्रो सम्पर्कमा आएका छन् । साउदीमा राजदूतावासको तर्फबाट एउटा फर्म निकालिएको छ, घर जान चाहनेहरूका लागि । त्यो फर्म भर्ने प्रक्रियामा छन् । फर्म भरेअनुसारको रेकर्ड हामी हेर्दैछौं । करिब ८ हजार नेपाली कामदारले घर फर्कनका लागि फर्म भरिसकेका छन् । त्यसमध्ये लगभग चार हजार मधेशी समुदायकै छन् । साउदीमा मधेशबाट करिब अढाई लाख कामदारहरू कार्यरत् छन् ।

# प्रदेशको नामांकन सीमाङकन समेत हेरफेर गर्दै संविधान संशोधन हुनुपर्ने माग

काठमाडौं । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार भर्खरै दार्चुला जिल्लामा पर्ने लिम्पीयाधुरा, लिपुलेक र कालापानीको भौगोलिक क्षेत्र समेटेर जारी गरिएको नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा अनुरूप नेपालको संविधान संशोधनमा प्रदेशको नामांकन र सीमांकन हेरफेर गर्न माग गरिएको छ ।

नेपालको संविधान धारा ९ को उपधारा (२) संग सम्बन्धित अनुसूची-३ (नेपालको निशान छाप) लाई 'नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक" संघीय संसद सचिवालमा दर्ता गराएको कार्यप्रति थरूहट थारूवान मोर्चाको ध्यानाकर्षण भएको छ ।

समग्र संविधानको अन्तरबस्तुसँग रहेका अधिकारका सवाललाई लिएर अधुरो अपुरो विभेद्कारी संविधान संशोधन हुनुपर्छ भन्ने माग राख्दै थरूहट थारूवान संयुक्त संघर्ष समिति लगायत पहिचान जनित पक्षधर आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, महिला आदि संघ संस्था संगठनहरू निरन्तर संघर्षत रहेकै बेला अनुसूचीलाई मात्रै लिएर दोस्रो पटक संशोधन हुनलागेको यस विधेयकले मुलुकको समग्र निकास र समस्याको समाधान गर्न सक्दैन ।

यसर्थ संघर्षत सबै पक्षहरूको माग मुद्दाहरूलाई सम्वोधन हुनेगरी दिर्घकालीन सोंचका साथ संविधान संशोधन गर्न जरूरी रहेको छ । यसका लागि नेपाल सरकारले आवश्यक गृहकार्य गरी सम्बन्धित सबैपक्षहरू संग छलफल संवाद गर्दै विगतमा भए गरिएका सहमति सम्झौता अनुसार संविधान संशोधनको प्रकृयालाई अगाडी बढाउदा मुलुकको बृहत्तर हित हुने देखिन्छ ।

मुलरूपमा अहिले हुन लागेको संविधान संशोधनको धारा ९ उपधारा (२) को अनुसूची ३ संगै धारा २७४ अनुसूची ४ प्रदेशको नामाङ्कन सीमाङकन समेत हेरफेर गर्दै, पहिचान सहितको अधिकार सम्पन्न प्रदेश स्थापना गर्न मोर्चाले उठाएका १४ बुँदे माग मुद्दा एवं थरूहट आन्दोलनकर्मी, आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, मधेसी, महिला आदि पहिचान पक्षधरहरूसंग नेपाल सरकारले पटक पटक गरेको सहमती सम्झौता अनुरूप संविधान संशोधन गर्न नेपाल सरकार समक्ष मोर्चाका संयोजक लक्ष्मण थारूले माग गरेको छ ।



मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।
मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।
विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं